# आर्थिक वर्ष २०७७/७८ को

# मन्त्रालयगत वार्षिक प्रगति प्रतिवेदन

प्रदेश सरकार

## लुम्बिनी प्रदेश

## आर्थिक मामिला तथा सहकारी मन्त्रालय

मुकामः बुटवल, नेपाल

२०७८

# प्राक्कथन

देशमा तीन तहको संघीय शासन व्यवस्थासँगै संघ र स्थानीय तहबीच विकास निर्माण र सेवा प्रवाहको सेतुको रुपमा रहेको प्रदेश सरकारले गरेका कामकारवाहीको बारेमा आम नागरिकलाई जानकारी दिने उद्देश्यले आर्थिक मामिला तथा सहकारी मन्त्रालयले आर्थिक कार्यविधि ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम हरेक आर्थिक वर्षको बजेट र खर्चको यथार्थ विवरण झल्किने गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्दै आएको छ। सोही बमोजिम आ.व. २०७७/७८ को प्रगति प्रतिवेदन तयार गरेको छ।

आ.व. २०७७/७८ को लुम्बिनी प्रदेशको कूल विनियोजित बजेट ३६ अर्ब ३५ करोड २५ लाख मध्ये चालुतर्फ ७६.७१ % र पूँजीगततर्फ ९९.३९ % गरी जम्मा ८८.३२% वित्तीय प्रगति भएको छ। साथै पूँजीगत तर्फ ९९.३९ % खर्च भई लुम्बिनी प्रदेश अन्य प्रदेशभन्दा अग्रणि स्थानमा रहेको छ। कोरोना-१९ को दोश्रो भेरियन्ट कायमै रहेको अवस्थामा यस प्रकारको बजेटमा वित्तीय प्रगति हुनुलाई सकारात्मक मान्न सकिन्छ। यसबाट विकास निर्माणको कार्यले गति लिएको अनुमान गर्न सकिन्छ। साथै विषय क्षेत्रगत मन्त्रालयमा रहेका आयोजना तथा कार्यक्रमहरुबाट सेवा प्रवाह जनमुखी, आधुनिक र प्रविधिमैत्री बन्दै गइरहेको अवस्था थाहा पाउन सकिन्छ।

आ.व. २०७७/७८ को बजेट तथा खर्चको यथार्थ विवरण, आयोजना/कार्यक्रम सञ्चालनमा देखा परेका समस्यासहित समाधानका उपायसमेत समावेश गरी तयार गरेको यस प्रतिवेदनबाट लुम्बिनी प्रदेशको समग्र विकासको अवस्थाप्रति चासो राख्ने आम सरोकारवाला सूचित र लाभान्वित हुने आशा गरेको छु।

प्रतिवेदन तयार गर्ने कार्यको संयोजन गर्ने आर्थिक मामिला तथा सहकारी मन्त्रालयका सचिव श्री बाबुराम अधिकारी तथा संलग्न अन्य कर्मचारी साथै विषय क्षेत्रगत मन्त्रालय/निकायको यथार्थ विवरण उपलब्ध गराउने प्रदेश सरकारका सबै निकायका नेतृत्व लगायत कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

**धन्यवाद**

**भाद्र २०७८**

**मा. कृष्ण ध्वज खड्का**

**आर्थिक मामिला तथा सहकारी मन्त्री**

# दुई शब्द

आर्थिक मामिला तथा योजना मन्त्रालयले हरेक आर्थिक वर्षको प्रगति विवरणलाई समेटी प्रतिवेदन तयार गर्दै आइरहेको छ। आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० अनुसार मन्त्रालयले बजेट तथा कार्यक्रमको मूल्याङ्कन गरी आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र राजस्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट अनुदान प्राप्ति र परिचालनको यथार्थ विवरण लगायतलाई समावेश गरी आ.व. २०७७/७८ को मन्त्रालयगत प्रगति विवरण तयार गरेको छ।

यस अवधिमा लुम्बिनी प्रदेशमा विकासका गतिविधिहरु बढ्दो क्रममा रहेका छन् भने सेवा प्रवाह प्रविधिमैत्री हुँदै गएको छ । लुम्बिनी प्रदेशको दीर्घकालीन योजना तर्जुमा शुरु भएको छ। जनशक्ति व्यवस्थापनको लागि प्रदेश लोक सेवा आयोगबाट स्थायी कर्मचारी पदपूर्तिको प्रक्रिया अगाडि बढाइएको छ भने कर्मचारीको क्षमता विकासको लागि प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना भएको छ।

संघीय सरकारसँगको प्रभावकारी समन्वयबाट तोकिए भन्दा थप अनुदान प्राप्त गरी स्रोत परिचालन गरिएको छ भने स्थानीय तहको आवश्यकताको प्रत्यक्ष संवोधन हुने गरी प्रदेशको कूल बजेटको १४.१४% अनुदान उपलब्ध गराइएको छ। साथै कोभिडको कारण अधुरा रहेका आयोजना पुरा गर्न थप अनुदान उपलब्ध गराइएको हुँदा अनुदानको समग्र अंश १७.०९% पुगेको छ ।

यस प्रदेशको आ.व. २०७७/७८ मा पूँजीगततर्फ ९९% भन्दा बढी वित्तीय प्रगति हासिल भएको छ ।पुँजीगत खर्चको प्रगतिको हिसाबले यो प्रगति अत्यन्त उत्साहजनक प्रगति हो । तीनै तहको सरकारमा यस प्रकारको स्थिति सायदै भेटिएला। कोभिड महामारीको बीचमा समेत यसरी प्रगति हुनुमा प्रत्येक महिनाको कार्ययोजना निर्माण गरी सोही कार्ययोजना बमोजिम कामकारवाही अगाडि बढाउनु, कार्ययोजना बमोजिम कामकारबाही भए नभएको विषयमा प्रत्येक महिना सम्बन्धित निकायमा निरन्तर follow up गर्नु र बजेट कार्यक्रम कार्यान्वयनमा कुनै समस्या देखा परेमा तत्काल सम्बोधन गरी सहजीकरण गर्नु, समग्रमा राजनीतिक नेतृत्वबाट समेत बजेट कार्यक्रम कार्यान्वयनमा चासो राख्नु जस्ता कार्यले प्रमुख भूमिका निर्वाह गरेको मेरो बुझाइ रहेको छ । त्यसो त यसमा लागिपर्ने कर्मचारीको भूमिका सधैं अग्रणि स्थानमा रहने गर्दछ ।

यी विविध विवरण समावेश गरी लुम्बिनी प्रदेशको समग्र अवस्थालाई देखाई समस्या र सम्भावना समेत समेटिएको यस प्रतिवेदनबाट यस प्रदेशको आर्थिक अवस्था र विकास सम्बन्धी जानकारी लिन चाहने सबैलाई उपयोगी रहने अपेक्षा लिएको छु। साथै प्रतिवेदनको विषयमा रचनात्मक पृष्ठपोषणको अपेक्षा गरेको छु।

अन्त्यमा, प्रतिवेदन तयार गर्दा आफ्नो कार्यालयको यथार्थ विवरण उपलब्ध गराई सहयोग गर्ने सबै मन्त्रालय/निकायका कर्मचारी तथा प्रतिवेदनको संयोजन गर्ने मन्त्रालयका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

**बाबुराम अधिकारी**
**सचिव**
**आर्थिक मामिला तथा सहकारी मन्त्रालय**

# कार्यकारी सारांश

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गरेको आर्थिक वर्ष २०७७/७८ को यस प्रदेशको बजेट तथा कार्यक्रमको प्रगतिको सारांशगत विवरण यस प्रकार रहेको छः

## १. बजेट र खर्चसँग सम्बन्धित विवरण

- आर्थिक वर्ष २०७७/७८ को लागि प्रदेश सरकारको कुल बजेट रू. ३६ अर्ब ३५ करोड २५ लाखमध्ये सञ्चित कोषमाथि व्ययभार हुने रकम रु. १ करोड १० लाख ४० हजार र विनियोजन ऐन बमोजिम खर्च हुने रकम रू. ३६ अर्ब ३४ करोड १४ लाख ६० हजार रहेको थियो।
- विनियोजित रकममध्ये आ.व. २०७७/०७८ को असार मसान्तसम्म चालुतर्फ रू. १३ अर्ब ६० करोड २२ लाख १२ हजार र पुँजीगततर्फ रू. १८ अर्ब ५० करोड ५६ लाख ३४ हजार गरी जम्मा रू. ३२ अर्ब १० करोड ७८ लाख ४६ हजार खर्च भएको छ। उक्त रकम विनियोजित बजेटको चालुतर्फ ७६.७१ प्रतिशत, पुँजीगततर्फ ९९.३९ प्रतिशत गरी जम्मा ८८.३२ प्रतिशत हुन आउँछ।
- विनियोजित रकममध्ये गत आ.व. २०७६/७७ को असार मसान्तसम्म चालुतर्फ रू. १० अर्ब ८० करोड ३ लाख ७२ हजार र पुँजीगततर्फ रू. १४ अर्ब ७२ करोड ८८ लाख ५७ हजार गरी जम्मा रू. २५ अर्ब ५२ करोड ९२ लाख २९ हजार खर्च भएको छ। उक्त रकम विनियोजित बजेटको चालुतर्फ ६०.५४ प्रतिशत, पुँजीगततर्फ ७९.२९ प्रतिशत गरी जम्मा ७०.१० प्रतिशत हुन आउँछ।पुँजीगत खर्चमा प्रदेश नं ५ सबै प्रदेशभन्दा अगाडि र समग्र खर्चमा दोश्रो स्थानमा रहेको छ।
- आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्ममा मन्त्रालयगत विनियोजित बजेटमा सबैभन्दा बढी खर्च गर्ने मन्त्रालयको रुपमा भौतिक पूर्वाधार विकास मन्त्रालय रहेको छ जसले १०० प्रतिशत खर्च गरेको छ भने सबै भन्दा कम खर्च गर्ने मन्त्रालयको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालय रहेको छ जसको खर्च विनियोजित बजेटको ३८.६८ प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान र समपुरक अनुदानमध्ये खर्च नभई बाँकी रकम रु.१ अर्ब १ करोड ४ लाख आर्थिक वर्ष २०७७/७८ मा संघीय सञ्चित कोषमा फिर्ता गरिएको छ।

## २. स्रोत परिचालन

- आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्ममा नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँड वापत रू.७ अर्ब ८७ करोड ४६ लाख ३७ हजार, वित्तीय समानीकरण अनुदानवापत रू. ७ अर्ब ६३ करोड ७१ लाख, सशर्त अनुदानवापत रू. ९ अर्ब ४ करोड ६१ लाख ६२ हजार, विशेष अनुदानवापत रू. २१ करोड र समपुरक अनुदानवापत रू. ४८ करोड ३३ लाख, स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा राजश्व बाँडफाँडबाट (घर जग्गा रजिष्ट्रेशन शुल्क समेत) रू. ४ अर्ब ७४ करोड ३९ लाख ४१ हजार गरी जम्मा रकम रु. ३८ अर्ब ३७ करोड ५८ लाख ८४ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।

- आर्थिक वर्ष २०७६/७७ को असार मसान्तसम्ममा नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँड वापत रू.९ अर्ब ९१ करोड २३ लाख, वित्तीय समानीकरण अनुदानवापत रू. ७ अर्ब ५४ करोड १ लाख, सशर्त अनुदानवापत रू. ८ अर्ब २६ करोड ५८ लाख १८ हजार, विशेष अनुदानवापत रू. ५७ करोड ५२ लाख ६० हजार र समपुरक अनुदानवापत रू. ६९ करोड ७७ लाख, स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा राजश्व बाँडफाँडबाट (घर जग्गा रजिष्ट्रेशन शुल्क समेत) रू.९८ करोड ६९ लाख ६९ हजार गरी जम्मा रकम रु. ३४ अर्ब २ करोड २८ लाख ५८ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।
- नेपाल सरकारबाट समपुरक अनुदान, सशर्त अनुदान र विशेष अनुदानवापत प्राप्त रकममध्ये खर्च हुन नसकी बाँकी रहेको रकम रु २ अर्ब ३७ करोड १५ लाख ११ हजार फिर्ता गर्नुपर्ने देखिन्छ।
- कुल बजेटबाट खर्च र फिर्ता गर्नुपर्ने रकम घटाई बाँकी रहने रकम रु. ३ अर्ब ८९ करोड ६५ लाख २६ हजार चालु आ.व. २०७७/७८ मा अल्या गरिएको छ।
- नेपालको संविधान तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले कृषि आयमा लाग्ने कर प्रदेश सरकारको एकल अधिकारको सूचीमा समावेश गरेको र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर र नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त शुल्क प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रको रुपमा उल्लेख गरेको छ।
- प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा रहेको विज्ञापन कर र मनोरञ्जन कर संकलनलाई व्यवस्थित गर्न क्रमश विज्ञापन कर नियमावली, २०७६ र मनोरञ्जन कर नियमावली, २०७६ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ ।

## ३. वित्तीय संघीयता कार्यान्वयन

- आर्थिक वर्ष २०७६/७७ मा वित्तीय समानीकरण अनुदानवापत रू. ५० करोड, सशर्त अनुदान वापत रू. १ अर्ब ३८ करोड ९६ लाख समपुरक अनुदानवापत रु १ अर्ब ५० करोड र विशेष अनुदानवापत १ अर्ब गरी जम्मा ४ अर्ब ३८ करोड ९६ लाख विनियोजन गरिएकोमा ४ अर्ब ३२ करोड १४ लाख ९७ हजार निकासा गरिएको थियो जुन प्रदेशको कुल बजेटको १२.०५ प्रतिशत हुन आउँछ।
- आ.व. २०७६/७७ मा विनियोजित बजेटको सीमाभित्र रही स्थानीय तहहरुको प्रस्तावका आधारमा समपूरक अनुदानतर्फ १०० वटा स्थानीय तहका ३६२ वटा आयोजना, विशेष अनुदान तर्फ ९९ वटा स्थानीय तहका १५१ वटा आयोजना स्वीकृत गरिएको थियो भने सशर्त अनुदानका १०९ स्थानीय तहमा ५१९ वटा आयोजना छनोट भएका थिए।
- आ.व. २०७६/७७ मा स्थानीय तह वित्त हस्तान्तरण अन्तर्गत समपुरक अनुदानतर्फ रु. १ अर्ब ४५ करोड ६ लाख ४२ हजार, समानीकरण अनुदानतर्फ रु. ५० करोड, विशेष अनुदानतर्फ रु. ९८ करोड २२ लाख १४ हजार र सशर्त अनुदानतर्फ रु. १ अर्ब गरी जम्मा रु ४ अर्ब ३२ करोड १४ लाख ९७ हजार हस्तान्तरण गरिएको थियो।

- आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशभित्रका स्थानीय तहको लागि वित्तीय समानीकरण अनुदानवापत रु. ६० करोड, सशर्त अनुदानवापत रु. २ अर्ब ४ करोड ५० हजार समपूरक अनुदानवापत रु. १ अर्ब ५० करोड र विशेष अनुदानवापत रु. १ अर्ब गरी जम्मा रू. ५ अर्ब १४ करोड ५० हजार विनियोजन गरिएको छ। उक्त रकम आ.व. २०७७/७८ मा प्रदेशको कुल बजेटको १४.१४ प्रतिशत हुन आउँछ।
- आयोजना तथा कार्यक्रमहरु स्थानीय तहहरुमार्फत कार्यान्वयन हुँदा बढी प्रभावकारी हुने र जनताका आवश्यकताहरुको प्रत्यक्ष सम्बोधन हुने अपेक्षाका साथ आर्थिक वर्ष २०७६/७७ को तुलनामा आ.व. २०७७/७८ मा विनियोजित स्थानीय तह अनुदानमा १७.०९ प्रतिशतले वृद्धि गरिएको थियो।
- चालु आर्थिक वर्षमा स्थानीय तहमा विनियोजित बजेटको सीमाभित्र रही स्थानीय तहहरुको प्रस्तावका आधारमा समपुरक अनुदानतर्फ १०८ वटा स्थानीय तहका ४४० वटा आयोजना स्वीकृत भई स्थानीय तहहरुमार्फत् कार्यान्वयन भएका थिए।
- स्थानीय तहमा वित्त हस्तान्तरण अन्तर्गत आर्थिक वर्ष २०७७/०७८ मा समानिकरण अनुदान, विशेष अनुदान र सशर्त अनुदान अन्तर्गतका आयोजनामा रु. ५ अर्ब ५० करोड ७१ लाख ९२ हजार निकासा भएको छ, जुन विनियोजित बजेट रु. ५ अर्ब १४ करोड ५० हजारको १०७.१४ प्रतिशत हुन आउँछ।
- आ.व. २०७६/७७ मा समपूरक अनुदानमा स्थानीय तहमा कार्यान्वयनमा आएका तर कोभिड -१९ का कारण सम्पन्न हुन नसकेका २९ वटा स्थानीय तहका ६९ वटा अधुरा आयोजनाको काम आ.व. २०७७/७८ मा सम्पन्न गर्ने गरी रू. १४ करोड १४ लाख २५ हजार हस्तान्तरण गरिएको छ।
- प्रदेशका सबै गाउँपालिका/१ नगरपालिका गरी ७४ वटा स्थानीय तहमा आ.व. २०७५/०७६ मा सशर्त अनुदान अन्तर्गत बहुउद्देशीय सभा हल निर्माण शुरु भई केही रकम लगानी भएका तर कार्य सम्पन्न गर्न थप रकम आवश्यक भएका २० वटा स्थानीय तहमा रू. ९ करोड ३१ लाख ६९ हजार रकम हस्तान्तरण गरिएको छ।

## ४. अन्य नीतिगत / कार्यक्रमगत प्रगतिको विवरण

- प्रदेश तथा स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकासका लागि प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ।
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा कर्मचारी पदपूर्तिका लागि विभिन्न सेवा समूहका गरी ४१ वटा पाठ्यक्रम निर्माण गरिएको छ।
- प्रदेशको नाम लुम्बिनी र स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) तोकिएको तथा राप्ती उपत्यका (देउखुरी) मा राजधानी व्यवस्थापनको काम अगाडि बढाइएको छ।
- कानून निर्माण कार्यको कार्ययोजना बनाई कार्यान्वयनमा लगिएको छ।
- प्रदेशका सबै अस्पतालहरुलाई कम्तीमा ५० शैय्यामा स्तरोन्नति गरिएको छ।
- लुम्बिनी प्रदेशको ब्राण्डिङ र पर्यटन प्रवर्द्धन गर्न उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र नेपाल पर्यटन बोर्डसँग सम्झौता सम्पन्न भई कार्य आरम्भ भएको छ।
- कृषकलाई आइपरेका प्राविधिक समस्या समाधानका लागि निशुल्क **किसान कल सेन्टर**को विकास गरिएको छ।

- यस आ.व.सम्म ऐन, नियमावली, कार्यविधिलगायत १७ वटा  कानुन निर्माण भएका छन्।
- लुम्बिनी प्रदेशको २० वर्षे दीर्घकालीन योजना तर्जुमा शुरु गरिएको छ।
- कम्तिमा ५० हजार नागरिकलाई प्रदेशमा उपलव्ध रोजगारीमा आवद्ध गरी एकद्वार सूचना प्रणालीको विकास गर्ने उद्देश्य अनुरुप लुम्बिनी प्रदेश रोजगार पोर्टलको निर्माण गरी श्रमिकलाई श्रमवजारसँग Connect गर्ने काम भएको।
- प्रदेशको विकासको लागि आवश्यक प्राविधिक मानव पुँजी निर्माण गर्न विज्ञान, प्रविधि, गणित र इन्जिनियरिङ्ग (STEM) परियोजना संचालनको लागि संयोजकहरुको नियुक्ति गरी कार्यक्रम सुरु गरिएको।
- यस आर्थिक वर्षमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा करिव २३ हजार जना व्यक्तिले छोटो अवधिको रोजगारी प्राप्त गरेका छन्। उद्योग, वन र पर्यटनको क्षेत्रमा करिव २,६१,७६० कार्य दिनको रोजगारी सिर्जना भएको छ
- कृषिको उत्पादन र उत्दकत्व वढाउँदै रोजगारी सिर्जना गर्ने लक्ष्यअनुरुप दक्षिण अफ्रिकाको ब्रिगेड र टिम्वाली मोडेल तथा भारतको अमूल मोडेल अनुसरण गर्दै नेपालको कृषि क्षेत्रमा हरियाली मोडलको लागि सम्भाव्यता अध्ययन सम्वन्धी अवधारणा प्रस्तुत।
- प्रदेश सरकारका मन्त्रालय तथा केन्द्रीय निकायहरुमा वेभसाईटको साझा फ्रेमवर्क तयार गरी वेभसाईटमा एक रुपता कायम गरिएको छ।
- डिजिटल  प्रदेशको कार्यक्रम शुरू भएको ।
- लगानी सम्मेलनको कार्य शुरू भएको ।

# विषय-सूची

**परिच्छेद-१ ........ १**

परिच्छय ........ १

१.१ पृष्ठभूमि ........ १

**परिच्छेद-२ ........ २**

प्रदेश सभा सचिवालय ........ २

२.१ परिचय ........ २

२.२ कार्यक्षेत्र ........ २

२.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ........ ३

२.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ........ ३

२.५ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण ........ ३

२.६ आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा ........ ४

२.७ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण ........ ६

२.८ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ ६

२.९ निष्कर्ष ........ ७

**परिच्छेद-३ ........ ८**

प्रदेश लोक सेवा आयोग ........ ८

३.१ परिचय ........ ८

३.२ कार्यक्षेत्र ........ ८

३.३ आर्थिक वर्ष २०७७/०७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ........ ९

३.४ आ.व. २०७७/०७८ को नीति कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण ........ ९

३.५ आर्थिक वर्ष २०७७/०७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा ........ ९

३.६ आर्थिक वर्ष २०७७/०७८ मा राजश्व संकलनको विवरण ........ १०

३.७ आ.व. २०७७/०७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः ........ १०

३.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ ११

३.९ समस्या समाधानका लागि चालिएका कदमहरु ........ ११

३.१० अन्य/विविध (आगामी कार्य दिशा) ........ १२

३.११ निष्कर्ष ........ १२

**परिच्छेद-४......................................................................................................१४**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय......................................................................................१४
४.१ परिचयः......................................................................................................................१४
४.२ कार्यक्षेत्रः प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ अनुसार..................................................१४
४.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा वार्षिक वित्तीय प्रगति.........................................१५
४.४ समर्पण पछाडिको यस कार्यालयको मात्र बजेट तथा वित्तीय प्रगति...................................................१५
४.५ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण..........................................१६
४.६ कार्यक्रमको वार्षिक प्रगति विवरण ...........................................................................................१६
४.७ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको वार्षिक प्रगति विवरण ..............................................२२
४.८ आर्थिक वर्ष २०७७/७८ को राजस्व संकलनको विवरण ...................................................................२४
४.९ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु .............................................................२५
४.१० नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ......................................................२६
४.११ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम..............................................................२६
**परिच्छेद-५......................................................................................................२७**
आन्तरिक मामिला तथा कानून मन्त्रालय .........................................................................................२७
५.१ परिचय.........................................................................................................................२७
५.२ कार्यक्षेत्र.......................................................................................................................२७
५.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति.........................................२७
५.४ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति.........................................२८
५.५ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण..........................................२८
५.६ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण............२८
५.७ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा ....................................३०
५.८ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण.....................................................................३३
५.९ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु .............................................................३४
५.१० नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ......................................................३५
५.११ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम..............................................................३५
५.१२ निष्कर्ष......................................................................................................................३६
**परिच्छेद-६......................................................................................................३७**
आर्थिक मामिला तथा योजना मन्त्रालय...........................................................................................३७
६.१ परिचय .......................................................................................................................३७

६.२ कार्यक्षेत्र ........ ३७

६.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ........ ३८

६.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ........ ३८

६.५ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण ........ ३९

६.६ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा ........ ३९

६.७ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण ........ ४१

६.८ आ.व. २०७७/७८ मा उपलब्धी/महत्वपूर्ण कार्यहरुको विवरण ........ ४१

६.९ वार्षिक बजेट तथा कार्यक्रमका सबल पक्ष ........ ४५

६.१० नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ ४५

६.११ समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ ४६

६.१२ आगामी कार्यदिशा ........ ४७

६.१३ निष्कर्ष ........ ४८

**परिच्छेद-७ ........ ४९**

भौतिक पूर्वाधार विकास मन्त्रालय ........ ४९

७.१ परिचय ........ ४९

७.२ कार्यक्षेत्र ........ ४९

७.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ........ ५०

७.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ........ ५०

७.५ नीति तथा कार्यक्रम र बजेट वक्तव्यको वार्षिक प्रगति विवरण ........ ५१

७.६ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ........ ५८

७.७ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ ६१

७.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ ६२

७.९ समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ ६३

७.१० निष्कर्ष ........ ६३

**परिच्छेद-८ ........ ६५**

शिक्षा तथा सामाजिक विकास मन्त्रालय ........ ६५

८.१ पृष्ठभूमि ........ ६५

८.२ दीर्घकालीन सोच ........ ६५

८.३ उद्देश्य ........ ६५

८.४ रणनीतिहरु ........ ६५

८.५ कार्यक्षेत्र....................................................................................................................६६
८.६ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ......................................६८
८.७ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ..........................................६८
८.८ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण.......................................................................६८
८.९ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण.............................................................................७०
८.१० आर्थिक वर्ष २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण .......................................७३
८.११ राजस्व संकलनको विवरणः आर्थिक वर्ष २०७७।७८ राजस्व संकलन विवरण.....................................७३
८.१२ आर्थिक वर्ष २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः...................................................७४
८.१३ नीति तथा कार्यक्रम संचालनमा देखिएका कठिनाइहरु..............................................................७६
८.१४ समस्या समाधानका लागि चाल्नु पर्ने कदमहरु....................................................................७६
८.१५ निष्कर्ष....................................................................................................................७७
**परिच्छेद-९....................................................................................................... ७८**
उद्योग, वन तथा वातावरण मन्त्रालय ....................................................................................७८
९.१ परिचय....................................................................................................................७८
९.२ कार्यक्षेत्र..................................................................................................................७८
९.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ........................................८१
९.४ आर्थिक बर्ष २०७७/७८ मा विनियोजित बजेट तथा बार्षिक वित्तीय प्रगति.........................................८२
९.५ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण...........................................८३
९.६ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण............८४
९.७ आर्थिक बर्ष २०७७/७८ मा स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समिक्षा...................................९४
९.८ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण...........................................................१०३
९.९ आ.ब. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरू.......................................................१०३
९.१० नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई.................................................१०६
९.११ समस्या समाधानका लागि चाल्नुपर्ने कदम.......................................................................१०७
९.१२ अन्य/विविध.............................................................................................................१०७
९.१३ निष्कर्ष...................................................................................................................१०७
**परिच्छेद-१०....................................................................................................१०९**
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय.............................................................................१०९
१०.१ पृष्ठभूमि.................................................................................................................१०९
१०.२ दीर्घकालीन सोच.........................................................................................................१०९

१०.३ लक्ष्य ........ १०९

१०.४ उद्देश्यहरु ........ १०९

१०.५ कार्यक्षेत्र ........ १०९

१०.६ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ........ ११०

१०.७ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ........ ११०

१०.८ नीति तथा कार्यक्रम र बजेट वक्तव्यको वार्षिक प्रगति विवरण ........ १११

१०.९ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ........ ११६

१०.१० आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण ........ १२०

१०.११ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ १२१

१०.१२ आ.व. २०७७/७८ का कार्य सम्पादन सूचकहरु (प्रकृया र प्रतिफल तह)को प्रगति विवरण ........ १२३

१०.१३ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ १२४

१०.१४ समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ १२४

१०.१५ मन्त्रालयले कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरु ........ १२५

१०.१६ निष्कर्ष ........ १२५

**परिच्छेद ११ ........ १२६**

ग्रामीण तथा शहरी विकास मन्त्रालय ........ १२६

११.१ परिचय ........ १२६

११.२ कार्यक्षेत्र ........ १२६

११.३ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरणः ........ १२७

११.४ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षाः ........ १३०

११.५ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ १३४

११.६ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ १३६

११.७ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदमः ........ १३६

११.८ कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरुः ........ १३७

११.९ निष्कर्षः ........ १३७

**परिच्छेद-१२ ........ १३८**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ........ १३८

१२.१ पृष्ठभूमि ........ १३८

१२.२ दीर्घकालीन सोच ........ १३८

१२.३ उद्देश्य ........ १३८

१२.४ रणनीतिहरु................................................................................................१३८

१२.५ कार्यक्षेत्र................................................................................................१३८

१२.६ कानुनी तथा नीतिगत व्यवस्था................................................................................................१४०

१२.७ आ.ब. २०७७/७८ मा यस मन्त्रालय अन्तर्गत बनेका मापदण्ड, निर्देशिका, कार्यविधिहरु..........................१४०

१२.८ आर्थिक वर्ष २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ..........................................................१४०

१२.९ आर्थिक वर्ष २०७७/७८ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण.................................१४४

१२.१० अब निर्माण हुनुपर्ने कानूनहरु ................................................................................................१४४

१२.११ आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा उल्लेखित नीति एवम् कार्यक्रमको प्रगति विवरण..................१४५

१२.१२ आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण..............................................१५१

१२.१३ राजस्व संकलनको विवरण ................................................................................................१५१

१२.१४ मन्त्रालय अन्तर्गतका विकास आयोजनाका कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण ............................१५१

१२.१५ समस्या तथा चुनौतीहरु ................................................................................................१५२

१२.१६ समस्या, समस्या समाधानका प्रयास तथा आगामी कदम................................................................१५२

१२.१७ निष्कर्ष................................................................................................१५३

**परिच्छेद-१३ ................................................................................................१५४**

प्रदेश पूर्वाधार विकास प्राधिकरण................................................................................................१५४
१३.१ परिचय................................................................................................१५४

१३.२ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति..............................................१५४

१३.३ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ............................................१५४

१३.४ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण ........१५५

१३.५ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा.......................................१५५

१३.६ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण (रु. हजारमा)..................................................१५६

१३.७ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु...........................................................१५७

१३.८ निष्कर्ष................................................................................................१५७

**परिच्छद-१४ ................................................................................................१५८**

मुख्यन्यायाधिवक्ताको कार्यालय................................................................................................१५८
१४.१ परिचय................................................................................................१५८

१४.२ कार्यक्षेत्र................................................................................................१५८

१४.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति..............................................१५८

१४.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ............................................१५९

१४.५ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा ........................................ १५९

१४.६ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण ........................................ १५९

**परिच्छेद-१५ ........................................ १६०**

प्रदेश योजना आयोग ........................................ १६०

१५.१ परिचय ........................................ १६०

१५.२ कार्यक्षेत्र ........................................ १६०

१५.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा असार मसान्तसम्मको वित्तीय प्रगतिः ........................................ १६२

१५.४ आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण ........................................ १६२

१५.५ आ.ब २०७७/०७८ को बार्षिक बजेट तथा नीति तथा कार्यक्रममा उल्लेखित बुँदाहरुको प्रगति ........................................ १६२

१५.६ आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ........................................ १६३

१५.७ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण ........................................ १६४

१५.८ आ.व. २०७७/७८ सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........................................ १६४

१५.९ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा कठिनाईहरु ........................................ १६६

१५.१० समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु ........................................ १६६

१५.११ निश्कर्ष ........................................ १६६

**परिच्छेद-१६ ........................................ १६७**

सूचना तथा संचार प्रविधि प्रतिष्ठान ........................................ १६७

१६.१ परिचय ........................................ १६७

१६.२ कार्यक्षेत्र ........................................ १६७

१६.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ........................................ १६७

१६.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ........................................ १६७

१६.५ नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्य अनुसारका कार्यक्रमहरूको वार्षिक प्रगति विवरण ........................................ १६८

१६.६ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ........................................ १७०

१६.७ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण ........................................ १७१

१६.८ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........................................ १७१

१६.९ निष्कर्ष ........................................ १७३

**परिच्छेद-१७ ........................................ १७४**

१७.१ निष्कर्ष ........................................ १७४

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तथा कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त ऐनमा यस मन्त्रालयले राजस्व, खर्च, कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको अनुदान रकम, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था लगायतका विषयमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था भएअनुरुप आ. व. २०७७/७८ को वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

प्रस्तुत प्रगति विवरणमा सबै मन्त्रालय/सचिवालयको लागि आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा असार मसान्तसम्मको खर्च र उपलब्धीहरुको विवरण र प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँड रकमका साथै प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त रकम एवम् स्थानीय तहबाट प्रदेश सरकारलाई प्राप्त राजस्व बाँडफाँटको रकमसमेत समावेश गरिएको छ। आर्थिक वर्ष २०७७/७८ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटले निर्धारित गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई निकायगत रुपमा छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुका साथै यस प्रदेशअन्तर्गतका मन्त्रालय तथा निकायहरुबाट प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

# परिच्छेद-२
# प्रदेश सभा सचिवालय

## २.१ परिचय

प्रदेश सञ्चालनका लागि निर्माण गरिएका दुई निकायमध्ये प्रदेशको नीति निर्माण गर्ने र कानून अनुसार प्रदेश सञ्चालनको पहरेदारी गर्ने सबैभन्दा अग्रणी निकाय प्रदेश सभा हो । प्रदेश सभाको यस्तो अग्रणी भूमिकालाई अध्ययन, अनुसन्धान र व्यवस्थापकीय सहयोग प्रदेश सभा सचिवालयले गर्ने गर्दछ । प्रदेश सभाको काम, कारवाही सुचारू रूपले सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय गठन भएको हो ।

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण जस्ता कार्यहरु गर्दछ । ती कार्यहरु मर्यादित रुपमा व्यवस्थापन गर्न संविधानको धारा १८२ मा सभामुख र उपसभामुखको व्यवस्था गरेको छ । प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ मा विभिन्न समितिहरु, संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचना तथा पदहरु रहने व्यवस्था छ । उल्लिखित संरचनाको प्रभावकारी र मर्यादित रुपमा व्यवस्थापन गर्नका लागि कर्मचारीहरुको आवश्यकता पर्ने हुनाले प्रदेश सभा सचिवालय स्थापना भएको हो । प्रदेश सभाका लागि आवश्यक सभा हल, विषयगत समितिहरु, संसदीय दलका कार्यालयहरु र पुस्तकालय तथा संवाद केन्द्र जस्ता संरचनाहरुको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्न सचिवालयको आवश्यकता पर्ने हुनाले संविधानको धारा १९५ ले प्रदेश सभा सचिवालय र सचिवको व्यवस्था गरेको छ । सोही बमोजिम प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ बनी सचिवालयको स्थापना भएको हो ।संघीय सरकारको सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको दरबन्दी तेरिज बमोजिम यस सचिवालयमा सचिवको नेतृत्वमा ३६ जना कर्मचारीहरु रहने व्यवस्था छ ।यस बाहेक करारमा कार्यरत र माननीय पदाधिकारीहरु तथा सदस्यज्युहरुका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरुबाट पनि सचिवालयमा सहयोग पुगिरहेको छ ।

## २.२ कार्यक्षेत्र

- नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी आफ्नो कार्य सञ्चालन गर्ने,
- प्रदेशको काम, कारबाही संघीय संरचना अनुसार सञ्चालन गर्ने,
- संवैधानिक प्रावधान अनुसार प्रदेश सभा मार्फत ऐन कानून निर्माण गर्ने, नीति कार्यक्रम तय गर्ने,
- जनताका सरोकारका विषयहरूमा छलफल गर्ने,
- प्रदेश सभाको बैठकको सुव्यवस्था कायम राख्न र अन्य कामकारवाही नियमित एवम् प्रभावकारी बनाउने।

- प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,
- प्रदेश सभाको काम कारवाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,
- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,
- प्रदेशसभामा प्रतिनिधित्व गर्ने संसदीय दलका कार्यलयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने ।

## २.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति (रु.हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २२८७६१ | १५१७५६ | ६६.३४ |
| पुँजीगत | ३१२३८ | ५७७७ | १८.४९ |
| **जम्मा** | २५९९९९ | १५७५३३ | ६०.५९ |

*(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय )*

## २.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | - | - |
| ३ | नेपाल सरकार समपूरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | **२०१९५२/-** | **१५७५३२/-** |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

## २.५ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | वजेट वक्तव्यको बुँदा नं | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|

| नीति तथा कार्यक्रमको बुँदा नं. | वजेट वक्तव्यको बुँदा नं | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|---|
| | २५२ | सूचना प्रविधिको प्रयोगद्वारा प्रदेश सभाका गतिविधिलाई नागरिकसम्म पुर्याउने, नागरिकले सजिलैसंग आफ्ना सुझाव दिन पाउने र प्रदेश सभाका गतिविधिको भरपर्दो अभिलेखीकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ । | - |
| | २५३ | प्रदेश सभाका विषयगत समितिका माध्यमबाट अनुगमन कार्यलाई प्रभावकारी बनाई सुशासन प्रबर्द्धन गर्न बजेटको व्यवस्था मिलाइने छ । | कार्यान्वयन भएको । |
| | २५४ | प्रदेश सभाका माननीय सदस्यहरुलाई संसदीय अभ्यास र कानून निर्माणको विषयमा विशिष्टीकृत ज्ञान उपलब्ध गराउन विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नका लागि बजेट व्यवस्वथा गरेको छु । प्रदेश सभाका कर्मचारी र मर्यादापालकहरुको क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ । | आंशिक कार्यान्वयन भएको । |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

## २.६ आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा

**(रु.हजारमा)**

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १. | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी न्यु भर्जन रिफ्रेसिङ्ग तालिम | २ | ७५ | १ | ५० % | ५६ | ७५ % |
| २. | शुभकामना आदान प्रदान कार्यक्रम | २ | १०० | १ | ५० % | ७८ | ७८ % |
| ३. | प्रदेश सभाका महत्वपूर्ण बैठकहरु टि भी मा प्रत्यक्ष प्रसारण गर्ने | १ | १४४ | १ | १०० % | १४४ | १०० % |
| ४. | सभा र समितिहरुको गतिविधि समेट्ने रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण | ४५ | ० | ० | ० % | ० | ० % |
| ५. | सभा र समितिहरुको गतिविधि समेट्ने टि भी कार्यक्रम उत्पादन तथा प्रसारण | १ | १००० | १ | १०० % | ९३९ | ९३.९ % |
| ६. | प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम | १ | १००० | १ | १०० % | ९४१ | ९४.१ % |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ७. | सभामुख निवासमा फुलबारी निर्माण | १ | ० | ० | ० % | ० | ० % |
| ८. | प्रदेश सभा विशेष समितिका सभापति र सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ७ | ० | ० | ० % | ० | ० % |
| ९. | संवाद केन्द्रमा विज्ञहरु संगको अन्तर्क्रिया | १२ | ३०० | २ | १७ % | १०७ | ३५.७ % |
| १०. | महिला मगर संघलाई भवन निर्माण अनुदान | १ | २०० | १ | १०० % | २०० | १०० % |
| ११. | मास्क, ग्लब्ज, सेनिटाईजर, डिसइन्फेक्टिंग रसायन, सुगर टेस्टिङ्ग किट औषधि आदि खरीद | ३ | ८०० | २ | ६७ % | ३४१ | ४२.६ % |
| १२. | मेडिकल उपकरण खरीद | ४ | ४०० | ४ | १०० % | २२१ | ५५.३ % |
| १३. | सभामुख निवासमा कम्पाउण्ड लेबलिङ्ग र रोलिंग कार्य | १ | ० | ० | ० % | ० | ० % |
| १४. | उपसभामुख निवासमा पार्किंग सेड निर्माण | १ | ० | ० | ० % | ० | ० % |
| १५. | नेकपा संसदीय दलको कार्यालयमा मुत्रालय निर्माण | १ | ० | ० | ० % | ० | ० % |
| १६. | भर्चुअल कन्फरेन्स रुम सेटअप | १ | ० | ० | ० % | ० | ० % |
| १७. | नास सेटअप | १ | ० | ० | ० % | ० | ० % |
| १८. | सिसिटिभि सहितको सर्भिलेन्स सिस्टम | १ | ० | ० | ० % | ० | ० % |
| १९. | समिति बैठक कक्षहरुमा अडियो रेकर्डिङ्ग सिस्टम | १ | ० | ० | ० % | ० | ० % |
| २०. | डिजिटल नोटिस बोर्ड | १ | ० | ० | ० % | ० | ० % |
| २१. | ई-पुस्तकालय व्यवस्थापन सम्बन्धी सफ्टवेयर निर्माण तथा जडान | १ | ५०० | १ | १०० % | ४५१ | ९०.२ % |
| २२. | स्थानीय जनप्रतिनिधिको अभिमत लिने सफ्टवेयर प्रणाली तथा मोबाईल एप्लीकेशन निर्माण | १ | ० | ० | ० % | ० | ० % |
| २३. | ई-लेजिस्लेशन सफ्टवेयर स्तरोन्नति | १ | ० | ० | ० % | ० | ० % |
| २४. | क्षमता विकास तालिम | २ | २४० | २ | १०० % | १७३ | ७२.१ % |
| २५. | प्रदेश सभा र सचिवालयका कर्मचारीलाई प्रविधि सम्बन्धी रिफ्रेसिङ्ग तालिम | २ | ० | ० | ० % | ० | ० % |
| २६. | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी न्यु भर्जन रिफ्रेसिङ्ग तालिम | ६ | ० | ० | ० % | ० | ० % |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| २७. | स्थानीय निकाय र प्रदेश सभा सचिवालयका बीचमा अन्तर्क्रिया | २ | ० | ० | ० % | ० | ० % |
| २८. | सचिवालय तथा संसदीय समिति परिसरमा फुलबारी | १ | ० | ० | ० % | ० | ० % |
| २९. | संसदीय कार्यप्रक्रिया र कार्य पद्धतिको अन्तरप्रदेश/संघीय अध्ययन अनुसन्धान र अवलोकन कार्यक्रम | २ | ८०० | २ | १०० % | ७४३ | ९२.९ % |
| ३०. | प्रदेश सभाले गरेको कार्यको त्रैमासिक समीक्षा प्रेस मिट | ४ | ५० | ० | ० % | ० | ० % |
| ३१. | जेनेरेटर सेड निर्माण | १ | ० | ० | ० % | ० | ० % |
| ३२. | सोलर हाईब्रिड सिस्टम फर लाईब्रेरी/संवाद केन्द्र | १ | ० | ० | ० % | ० | ० % |
| ३३. | टेक्निकल ल्याब सेटअप | १ | ० | ० | ० % | ० | ० % |
| ३४. | कर्मचारी तथा पदाधिकारी प्रोफाईल तथा तलब भत्ता व्यवस्थापन प्रणाली | १ | ० | ० | ० % | ० | ० % |
| ३५. | भवन पार्टिशन तथा मर्मत | ४ | ० | ० | ०% | ० | ० % |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

## २.७ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण (रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १. | अन्य प्रशासनिक सेवा शुल्क १४२२९ | - | - | - |
| २. | प्रशासनिक दण्ड, जरिवाना र जफत १४३१२ | - | - | - |
| ३. | बेरुजु १५१११ | - | १,३५७/५७४ | - |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

## २.८ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

### क) उपलब्धी/महत्वपूर्ण कार्यको विवरण

- प्रदेशको नामाकरण तथा स्थायी राजधानी टुंगो लगाएको ।
- सात वटा विधेयक पारित गरिएको ।
- प्रदेश सभा अन्तर्गतका विभिन्न संसदीय समितिहरुले आफू मातहतका निकायहरुमा संसदीय निगरानी अनुगमन गरी प्रतिवेदन तयार गरी प्रकाशन गरेको।

- प्रदेश सभा स्थापना दिवस २०७७ विविध कार्यक्रमहरु (टेलिविजन परिसंवाद कार्यक्रम, रेडियो कार्यक्रम प्रसारण, संघीयता कार्यान्वयनमा प्रदेश सभा विषयक अनतर्क्रिया कार्यक्रम, साँस्कृतिक कार्यक्रम, प्रदेशका सबै जिल्लाका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थल सहित प्रदेश सभाको गतिविधि समेटी छायाँकन गरिएको वृत्तचित्र उत्पादन तथा प्रदर्शन तथा मूल समारोह कार्यक्रम) आयोजना गरी सम्पन्न गरेको ।
- नयाँ वर्षको शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरेको ।
- बाग्मति, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको संसदीय कार्यप्रकृया र कार्यपद्धतिको अन्तरप्रदेश अध्ययन/अनुसन्धान तथा अवलोकन भ्रमण सम्पन्न गरेको ।
- साप्ताहिक रुपमा टेलिविजनबाट नियमित रुपमा "प्रदेश सभा परिधि" कार्यक्रम उत्पादन तथा प्रसारण गरेको ।
- पुस्तकालय सेवा विस्तार तथा व्यवस्थापन सम्बन्धी विद्युतीय प्रणाली निर्माण तथा जडान गरिएको

### ख) उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान

- स्थायी राजधानी तोकिएको स्थानमा आर्थिक क्रियाकलाप बढ्न सक्ने ।

## २.९ निष्कर्ष

प्रदेश सभा तथा अन्तर्गतका समितिहरुले सम्पादन गर्ने कार्यहरु मर्यादित ढङ्गले व्यवस्थापन गरी यी कार्यहरुलाई प्रशासनिक र आर्थिक रुपले व्यवस्थित गर्न प्रदेश सभा सचिवालयको संवैधानिक व्यवस्था अनुरुप नै जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश सभाको स्थापना गर्ने, प्रदेश सभाको कानून निर्माण र संसदीय निगरानी गर्ने कार्यलाई प्रभावकारी बनाउने उद्देश्यसहित अगाडि बढ्ने कुरामा प्रतिबद्ध छ ।

# परिच्छेद-३
# प्रदेश लोक सेवा आयोग

## ३.१ परिचय

नेपालको संविधानको भाग २३ धारा २४४ मा भएको संवैधानिक व्यवस्था एवम् लुम्बिनी प्रदेशले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय लुम्बिनी प्रदेशको मुकाम : बुटवलमा स्थापना भई सञ्चालनमा रहेको छ । प्रदेश निजामती सेवा एवम् स्थानीय सरकारी सेवाका विभिन्न सेवा समूहका पदहरुमा दक्ष जनशक्तिलाई आकर्षित गर्ने, परीक्षा संचालन गरी सिफारिस गर्ने सम्मका कार्यमा निष्पक्षता कायम गरि जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारलाई सहयोग गर्ने उद्देश्यले प्रदेश लोक सेवा आयोग स्थापना भएको हो।

## ३.२ कार्यक्षेत्र

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ७ मा उल्लेख भए बमोजिम यस आयोगको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन् ।

- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परिक्षा सञ्चालन गर्ने ।
- प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने ।
- संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने ।
- प्रदेश निजामती सेवाको शर्त सम्बन्धी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने ।
- कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने ।
- आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्नु पर्ने विषयमा र प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिने ।

### ३.३ आर्थिक वर्ष २०७७/०७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २५५३०.०० | १७०१२.२३५ | ६६.६३६२५ |
| पुँजीगत | २४७०.०० | २५७४.११५ | १०४.२१५ |
| जम्मा | २८०००.०० | १९५८६.३५० | ६९.९५०७९ |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

### ३.४ आ.व. २०७७/०७८ को नीति कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्य को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १२ | - | कर्मचारी समायोजन पश्चात प्रदेश सरकारका लागि आवश्यक रिक्त दरवन्दीमा जनशक्ती पूर्तिका लागि आयोगले सक्रियतापूर्वक कार्य संचालन गर्ने । | प्रदेश सरकारबाट माग भए बमोजिम रिक्त दरवन्दी पदपूर्ति प्रकृयाका अगाडि बढाइएको। |
| - | २३७ | प्रदेश तथा स्थानीय तहमा आवश्यक कानून तर्जुमा गरी प्रदेश लोक सेवा आयोग मार्फत जनशक्ति भर्ना प्रकृया शुरु गरिनेछ । | प्रदेश लोक सेवा आयोग संचालनका लागि आवश्यक कानून तर्जुमा गरिसकेको साथै प्रदेश सरकारबाट माग भएबमोजिम प्रदेश निजामती सेवा अन्तर्गतका स्वास्थ्य र इन्जिनियरिङ्ग सेवाका विभिन्न ११५ पदहरु मध्ये ९६ पदहरुमा विज्ञापन प्रकाशित गरी कार्य प्रक्रिया अगाडि बढेको छ । |

### ३.५ आर्थिक वर्ष २०७७/०७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा (रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % |
| १ | फर्निचर तथा फिक्चर्स | ४६ | ७०० | ४६ | १०० | ६९४.४४ | ९९.२१ |
| २ | सवारी साधन खरिद | ३ | २७० | ३ | १०० | २३५.११ | ८७.०८ |
| ३ | मेसिनरी औजार | १२ | १५०० | १२ | १०० | १६४४.५६ | १०९.६४ |
| ४ | निर्मित सार्वनजिक सम्पतिको | १ | ५०० | १ | १०० | ८.५८ | १.७२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मर्मत सम्भार खर्च | | | | | | |
| ५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | ५ | ३०० | ५ | ४५ | १०४.३१ | ३४.७७ |
| ६ | सुचना प्रणाली तथा सफ्टवयर निर्माण खर्च | २ | ५०० | १ | ५० | १०७.४ | २१.४८ |
| ७ | पाठ्यक्रम निर्माण एवम् परिमार्जनका कार्यहरु | ५६ | १४०० | ४५ | ७५ | ८२८.३ | ५९.१६ |
| ८ | बुलेटिन तथा ब्रोसर तथा पुस्तक प्रकाशन | ५ | ५०० | ५ | १०० | ४९७.२ | ९९.४४ |
| ९ | नियम कानून तर्जुमा तथा अद्यावधिक सम्बन्धि कार्य | ५ | ४०० | १ | २० | ४८ | १२.०० |
| १० | पाठ्यक्रम सम्बन्धि कर्मचारीहरुको सक्षमता मापन सम्बन्धि प्रवर्द्धनात्मक कार्यक्रम | ८ | १००० | ६ | ८० | ५८१.४६ | ५८.१५ |
| ११ | पारिश्रमिक दररेट २०७६ बमोजिमका परीक्षा संचालन सम्बन्धि खर्चहरु | - | ३७०० | - | - | २२६०.८४ | ६१.१० |
| १२ | भ्रमण खर्च कर्मचारी | ५० | ४०० | ५० | १०० | ३९८.७६ | ९९.६९ |
| १३ | घरभाडा | १२ | ३६० | १२ | १०० | ३६० | १००.०० |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.६ आर्थिक वर्ष २०७७/०७८ मा राजश्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | परीक्षा दस्तुर | १२२७०.९ | १२२७०.९ | १०० |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.७ आ.व. २०७७/०७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- आयोगले आफ्नो काम, कर्तव्य र अधिकार तथा कार्य प्रकृया एवम् भावी कार्यदिशा र कर्मचारी व्यवस्थापन सम्बन्धि अन्तक्रियात्मक कार्यक्रम प्रदेश भित्रका अर्घाखाँची, गुल्मी, दाङ, प्यूठान, रुकुम र रोल्पा गरी ६ जिल्लाका स्थानीय तहहरुमा संचालन गरेको ।
- आयोगको प्रथम वार्षिक प्रतिवेदन माननिय प्रदेश प्रमुख समक्ष पेश गरेको ।

- प्रदेश लोक सेवा आयोग (कार्य संचालन) निर्देशिका, २०७७ निर्माण गरेको ।
- आयोगले आफ्नो कार्यसम्पादनको लागि विज्ञहरुको रोष्टर तयार पारेको ।
- आयोगले प्रदेश निजामती र स्थानीय सरकारी सेवामा कर्मचारी पदपूर्तिका लागि विभिन्न सेवा समूहका गरी ४३ वटा पाठ्यक्रम निर्माण गरिसकेको र बाँकी अन्य पाठ्यक्रमहरु निर्माणको चरणमा रहेको ।
- प्रदेश सरकारबाट माग भएको प्रदेश निजामती सेवा अन्तर्गतका स्वास्थ्य र इन्जिनियरिङ्ग सेवाका विभिन्न ११५ पदहरु मध्ये ९६ पदहरुमा विज्ञापन प्रकाशित गरेको ।
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायक चौथो देखि नवौं तह सम्मका पदहरुमा विज्ञापन प्रकाशित गर्ने कार्यतालिका निर्माण भएको ।
- प्रदेश सरकारबाट माग भएको वखत कर्मचारी पदपूर्तिको प्रक्रिया प्रारम्भ गर्ने गरी आयोगले तयारी गरिरहेको ।
- आयोगले संचालन गर्ने परीक्षाको विज्ञापन Online बाटै दरखास्त दिने प्रयोजन तथा आयोगका अभिलेखलाई Digitalized गर्ने उद्देश्यले आयोगको वेवसाइट स्तरउन्नतीको कार्य भइरहेको ।
- आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी १ वटा अभिमुखीकरण कार्यक्रम संचालन गरेको ।
- प्रदेश मन्त्रालयहरु, सचिवालय, आयोग तथा कार्यालयहरु सँग जनशक्तिको अवस्थाबारे छलफल गरिएको।
- आयोगबाट संचालित हुने परीक्षाको प्रयोजनका लागि Digital Duplicator मेसिन खरिद गरिएको ।
- परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७ निर्माण गरेको ।

## ३.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- संघिय तथा प्रदेश निजामती सेवा ऐन तथा नियमहरु निर्माण हुन बाँकी रहेको हुँदा आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम पदपूर्तिको काम गर्न कठिनाइ भइरहेको ।
- आयोगबाट परीक्षा सञ्चालन गर्नका लागि सो अनुकूलको भवन अभाव रहेको ।
- प्रदेश र स्थानीय सरकारबाट माग भए बमोजिम पदपूर्तिका कार्य अगाडि बढाउन पर्याप्त जनशक्तिको कमी रहेको ।

## ३.९ समस्या समाधानका लागि चालिएका कदमहरु

- प्रदेश निजामती कर्मचारी ऐन निर्माण कार्यमा तदारुकता गरिदिन सम्बन्धित निकायसँग अनुरोध गरिएको ।

- आयोगबाट प्रकाशित कार्यतालिका बमोजिम रिक्त दरवन्दीमा माग गरि पठाउनका लागि प्रकृया अगाडि बढाइएको ।
- आयोगको संगठन संरचना स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गरिएको ।
- प्राप्त बजेट बमोजिमको सवारी साधन तथा मेसिनरी साधन समेतका पुर्वाधारको व्यवस्थाका लागि काम भइरहेको
- प्रदेश सरकार र स्थानीय तहसँग अन्तरक्रिया गोष्ठीको माध्यमबाट प्रदेश तथा स्थानीय स्तरमा कर्मचारी व्यवस्थापन तथा आयोगको कार्य प्रकृया सम्वन्धमा जानकारी गराउने, छलफल गर्ने र सुझाव लिने दिने काम भइरहेको ।

## ३.१० अन्य/विविध (आगामी कार्य दिशा)

- आयोगलाई आवश्यक जनशक्ति र भौतिक साधन श्रोतको समुचित प्रवन्ध गर्ने,
- विभिन्न सेवा/समूहको पदमा आवश्यक पर्ने पाठ्यक्रमहरुको तर्जुमा तथा अद्यावधिक गर्ने,
- आयोगबाट लिइने परीक्षालाई प्रभावकारी बनाउन विज्ञ समूहको सूची (रोष्टर) बनाउने कार्यलाई निरन्तरता दिने,
- आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम परीक्षा संचालन गर्ने,
- बजारमा उपलब्ध दक्ष जनशक्तिलाई लोक सेवा आयोगको परीक्षामा आकर्षित गर्ने,
- लोक सेवाका मुलभूत मान्यता योग्यता प्रणाली, निषक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने,
- चुस्त, दुरुस्त, गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनौट गर्दा प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय सरकारलाई सुशासनका लागि सहयोग गर्दै प्रदेश सरकारको सोच "समृद्ध प्रदेश, खुसी जनता" लाई साकार बनाउन निरन्तर प्रयत्नशील रहने ।

## ३.११ निष्कर्ष

नेपालको संविधानमा उल्लेखित एवम् ऐनमा भएको व्यवस्था बमोजिम लुम्बिनी प्रदेश र यस अन्तर्गतका स्थानीय तहमा आवश्यक जनशक्ति भर्ना गर्दा दक्ष जनशक्तिलाई आकर्षण गरी निष्पक्षता एवम् योग्यता प्रणाली अनुरुप वैज्ञानिक रुपमा परीक्षा संचालन देखि सिफारिस सम्मका कार्यमा नविन सोच सहित आयोगका काम कारवाहीमा प्रभावकारिता ल्याउन आयोग सदैव प्रयत्नशील रहेको र आगामी दिनमा प्रदेश सरकारसँगको सहकार्यमा आयोगले प्रकाशित गर्ने कार्यतालिका बमोजिम रिक्त दरवन्दी पदपूर्तिका कार्यमा आयोग केन्द्रित रहने छ । आयोगका लागि चाहिने ऐन, नियमावली, निर्देशिका, आचारसंहिता निर्माण भइसकेको, विज्ञहरुको रोष्टर तयार गरिसकेको, प्रदेश सरकार र मन्त्रालयहरु र कार्यालयहरु

एवम् स्थानीय तहहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरेको, पाठ्यक्रम निर्माण र शैक्षिक योग्यता निर्धारण गरिसकेको, वेवसाइट स्तरोन्नति गर्ने कार्य प्रकृया अगाडि बढेको, आयोगको वुलेटिन र ब्रोसर प्रकाशन गर्ने, पाठ्यक्रम निर्माण गर्ने र माग बमोजिम पदपूर्तिका लागि परीक्षाहरु सञ्चालन गर्न पूर्वाधार तयार गर्ने काम आयोगले गरिरहेको छ । अतः आयोग आगामी दिनमा कर्मचारी भर्ना प्रकृयाका लागि सम्बन्धित निकायसँगको परामर्शमा अगाडि बढिरहेको हुँदा गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने साथै प्रदेशमा सुशासन प्रवर्द्धनको कार्यमा सहयोग पुऱ्याई प्रदेश सरकारले अगाडि सारेको "**समृद्ध प्रदेशःखुसी जनता**" को नारालाई सार्थक बनाउन आयोग प्रतिबद्ध रहेको छ ।

# परिच्छेद-४
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

## ४.१ परिचयः

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग र प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्न स्थापित प्रदेशको प्रमुख निकाय हो । प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७८ अनुसार प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यलायका अतिरिक्त आठ वटा मन्त्रालय रहने व्यवस्था छ । माननीय मुख्यमन्त्रीको मातहत रहने यस कार्यालयमा राजपत्राङ्कित विशिष्ट श्रेणीका प्रमुख सचिव प्रशासकीय प्रमुखको रुपमा रहने व्यवस्था छ ।

## ४.२ कार्यक्षेत्रः प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ अनुसार

| | |
|---|---|
| १ | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्वन्धी |
| २ | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३ | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६ | प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण |
| ७ | प्रदेश मन्त्रिपरिषद्‌का निर्णयको कार्यान्वयन र अनुगमन |
| ८ | प्रदेश मन्त्रिपरिषद्‌मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन |
| १० | मानवअधिकारको संरक्षण र प्रवर्द्धन |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार |
| १२ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसंगको सम्पर्क र समन्वय |
| १३ | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वासहमति कार्यान्वयन |

| | |
|---|---|
| १४ | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १५ | अन्तरप्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसंगको समन्वय र अन्तरसम्बन्ध |
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १७ | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १८ | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| १९ | प्रदेशनिजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति,कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| २० | प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण |
| २१ | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय |
| २२ | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण |
| २३ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा |
| २४ | प्रदेशको अधिकारक्षेत्रभित्र परि अन्य कुनै मन्त्रालयको कार्यविवरणमा नपरेको विषय |

## ४.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ५११३२३ | १६७९६१ | ३२.८५ |
| पुँजीगत | ६३२०० | ३८४८६ | ६०.९० |
| जम्मा | ५७४५२३ | २०६४४७ | ३५.९३ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

## ४.४ समर्पण पछाडिको यस कार्यालयको मात्र बजेट तथा वित्तीय प्रगति

(रु.हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २७३४५३ | ९६८१८.०६७ | ३५.४० |
| पुँजीगत | १३३५० | १२०१९.२०८ | ९०.०३ |
| जम्मा | २८६८०३ | १०८८३७.२७५ | ३७.९४ |

## ४.५ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम (समर्पण पछि) | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | १७५६३० | ९१६०.७६ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | १११७३ | ९९६७६.५२ |

*(स्रोतःआन्तरिक प्रशासन शाखा)*

## ४.६ कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| २४ | २१६ | प्रदेशको नाम र राजधानी टुंगो लगाई प्रदेश राजधानीको गुरूयोजना तयार गरिनेछ । प्रदेशको मौलिकता झल्कने गरी प्रदेश सभा भवन निर्माण कार्य अघि बढाइनेछ । | प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका(देउखुरी) र नाम लुम्बिनी प्रदेश नामाकरण, प्रदेश सभाबाट सम्पन्न भएको छ ।<br>राजधानी तोकिएको स्थानमा आवश्यक जग्गा प्राप्ति, गुरुयोजना निर्माण र अत्यावश्यक संरचनाको निर्माणका लागि राप्ती गाउँपालिका र मौरीघाटमा पूर्वाधार विकास प्राधिकरणको कार्यालय स्थापना गरिएको छ ।<br>राजधानी व्यवस्थापन कार्यालय, शहरी विकास तथा भवन मन्त्रालयले स्थायी राजधानीबाटै कार्यसम्पादन सुरु गरिसकेका छन्।<br>प्रदेश सभा भवन निर्माण कार्य सुरु भैसकेको छ। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| २६ | | संघीयता कार्यान्वयनका सन्दर्भमा अहिलेसम्म भएका उपलव्धी र कमजोरीको समीक्षा गरी संघीयतालाई प्रभावकारी शासन प्रणालीको रुपमा विकास गर्न प्रदेश सरकारको भूमिकालाई थप प्रभावकारी बनाइनेछ । केन्द्र, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वयको बलियो आधार तयार गरिनेछ । संघीय सरकारसंगको संयोजनमा संघीयता कार्यान्वनमा देखिएका समस्या समाधान गरिनेछ। | संघीयता कार्यान्वयनको लागि यस प्रदेशमा हालसम्म ६२ वटा ऐनहरु बनाइएको, १७६ वटा प्रदेश अन्तर्गतका कार्यालयको स्थापना र संचालन भइरहेको छ । साथै प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध, समन्वय र पारस्परिक सहयोगका लागि चौथो प्रदेश समन्वय परिषद्को ४ वटा बैठकहरु सम्पन्न भई निर्णय कार्यान्वयन भइरहेको छ । |
| २७ | | समायोजन कार्य सम्पन्न भएसँगै प्रदेशको विकास व्यवस्थापन र शासकीय प्रवन्धमा प्रभावकारिता ल्याउने गरी आवश्यक संरचनागत पुनर्गठन र सुधारको काम अघि वढाइनेछ। त्यसका लागि विज्ञहरु सम्मिलित एक कार्यदल गठन गरिनेछ । | प्रदेशको विकास व्यवस्थापन र शासकीय प्रबन्धमा प्रभावकारिता ल्याउने गरी प्रदेश स्तरीय अस्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भई सञ्चालनमा छ । स्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि आवश्यक प्रकृया अगाडि बढाइसकिएको छ । |
| १५४ | २३७ | आगामी आर्थिक वर्षमा प्रदेश सरकारी सेवा तथा स्थानीय सेवासम्बन्धी कानून तर्जुमा गरी प्रदेश तथा स्थानीय तहमा प्रदेश लोक सेवा आयोगमार्फत जनशक्ति भर्ना प्रक्रिया सुरु गरिनेछ । | • प्रदेश निजामती सेवा ऐनको प्रारम्भिक खाका तयार भएको छ ।<br>• कर्मचारी भर्ना प्रकृया प्रदेश लोक सेवा आयोगबाट शुरु भैसकेको र वार्षिक कार्यतालिका समेत प्रकाशित भएको छ । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १५५ | ४९ | आर्थिक तथा सामाजिक रुपमा विपन्न व्यक्ति र घरपरिवारहरुको जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यका साथ संचालित **"मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम"** लाई यस प्रदेशका सबै स्थानीय तहमा आवश्यक परिमार्जनसहित विस्तार गरिनेछ । यस कार्यक्रमको संचालनबाट आयआर्जन, प्रविधि हस्तान्तरण र सीपविकासका माध्यमबाट रोजगारी सिर्जना भई गरीबी निवारणमा टेवा पुग्नेछ । यस कार्यक्रमलाई थप विषयक्षेत्रका कार्यक्रम र स्थानीय तहहरुसँगको सहकार्यका आधारमा प्रभावकारी रुपमा संचालन गरिनेछ । | • मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम १०९ वटै स्थानीय तहहरुमा विस्तार गरिएको छ ।<br>• कार्यक्रम सहजकर्ता छनौट गरी तालिम पश्चात कार्यक्षेत्रमा खटाइएको छ<br>• सबै स्थानीय तहहरुमा कार्यक्रम छनौट गरी कार्यान्वयनको चरणमा रहेको छ ।<br>• मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७७ कार्यान्वयनमा ल्याइएको छ।<br>• आ.व. २०७७/७८ मा कुल १३०८ वटा कार्यक्रम स्वीकृत भएकोमा ११९८ वटा कार्यक्रम सम्पन्न भई कुल भौतिक प्रगति ९१.६०% गरिएको। |
| १५६ | २३४, २४१ | प्रदेश सरकारवाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमूखी बनाउनुका साथै विकास निर्माण कार्यमा वित्तीय अनुशासन तथा जवाफदेहिता कायम गर्न मितबव्ययिता, कार्यकुशलता र कार्यसम्पादनस्तरलाई मानकका रुपमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ । | प्रदेश सरकारबाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमुखी बनाउने उद्देश्यले प्रदेश सुशासन ऐन,२०७६ तथा प्रदेश सुशासन नियमावली, २०७७ पारित भई कार्यान्वयनमा रहेका छन् ।<br>प्रदेश सुशासन ऐन, २०७६ को दफा |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | सरकारवाट सम्पादित क्रियाकलाप र खर्च प्रक्रिया पारदर्शी बनाइनेछ । | ४८ सँग सम्बन्धित बार्षिक प्रतिवेदन प्रकाशन गरिएको।<br>सेवाग्राही सन्तुष्टी सर्वेक्षण कार्य सम्पन्न गरिएको। |
| १५७ | २४१, २३७ | प्रदेश तथा स्थानीय तहका कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि एकीकृत प्रशिक्षण केन्द्रको स्थापना गरी संचालनमा ल्याइनेछ । सेवा प्रवेश गर्ने सम्पूर्ण कर्मचारीहरुलाई सेवा प्रवेश र सेवाकालीन तालिम अनिवार्य गरिनेछ । प्रदेशमा मानव संसाधन विकासका लागि मानव संसाधन विकास नीति तर्जुमा गरिनेछ। | • प्रदेश प्रशिक्षण प्रतिष्ठानको गठन गरी कार्यसम्पादन सुरु भईसकेको छ ।<br>• प्रतिष्ठानले विभिन्न तालिम तथा प्रशिक्षण सम्पन्न गरेको छ।<br>• प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन तथा नियमावली तयारीको प्रक्रियमा रहेको। |
| १५८ | २३० | **"समृद्ध प्रदेश, खुसी जनता"** को प्रदेशको दीर्घकालीन सोच हासिल गर्न राष्ट्रसेवकहरुलाई कामप्रति तत्पर र सेवाभावसहित समयमै कार्यसम्पादन गर्न उत्प्रेरित र प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।<br>प्रदेशवाट प्रवाह हुने सेवालाई सरल, सहज तथा नतिजाउन्मूख बनाउनको लागि नतिजामा आधारित कार्य सम्पादन प्रणालीको अवलम्वन गरिनेछ । उच्च पदमा कार्यरत कर्मचारीहरु एवम् ठुला आयोजना प्रमुखसँग कार्यसम्पादन संम्झौता गरी करारका शर्तहरुलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ।कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाई सेवा प्रवाह | लामो तथा छोटो अवधिका तालिम कार्यक्रमहरु सञ्चालनका लागि प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना र आवश्यक बजेट विनियोजन गरी कार्यसम्पादन भएको छ ।<br>कर्मचारीहरुलाई अन्य प्रदेशहरुको भौगोलिक अवस्था एवम् कार्यसम्पादनका विषयमा अनुभव दिलाउने उद्देश्यले अन्तर प्रदेश भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ ।<br>कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिमहरु सम्पन्न गरिएको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | र कार्यसम्पादन स्तरलाई प्रभावकारी बनाइनेछ । | |
| १६० | २३१ | प्रदेश सरकार र स्थानीय तहहरुवाट निर्मित कानूनहरुमा एकरुपता, सामन्जस्यता र अन्तरसम्बन्ध कायम गर्न स्थानीय तहहरुले तर्जुमा गर्ने कानूनहरुको संकलन, एकीकृत अभिलेखाङ्कन र विश्लेषण गरी कानून निर्माणमा एकरुपता र तहगत अन्तरसम्बन्ध कायम गरिनेछ । स्थानीय तहहरुको कानून निर्माणमा क्षमता र दक्षता अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । | प्रदेश सरकार र स्थानीय तहहरुबाट निर्मित कानूनहरुमा एकरुपता, सामञ्जस्यता र अन्तरसम्बन्ध कायम गर्न स्थानीय तहले बनाउने कानूनहरूका लागि गाउँसभा/नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन,२०७५ निर्माण भई कार्यान्वयनमा रहेको छ । साथै स्थानीय तहको कानून नर्माणमा क्षमता र दक्षता अभिवृद्धि गर्न क्षमता अभिवृद्धि र अभिमुखीकरणका कार्यक्रमहरू तय गरी कार्यान्वयन गरिएको छ । |
| १६१ | २३९ | प्रदेश सरकारको काम कारवाहीमा सुशासन कायम गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ लागु गरिनेछ । प्रदेश सरकारका कामकारवाही र गतिविधिबारे नागरिकलाई सुसूचित गर्न “जनतासँग प्रदेश सरकार” कार्यक्रम संचालन गरिनेछ । भ्रष्ट्राचारविरुद्ध शून्य सहनशिलताको नीति अबलम्बन गरिनेछ । | • प्रदेश सुशासन ऐन,२०७६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सुशासन नियमावली, २०७७ बनाई कार्यान्वयनमा रहेको छ ।<br>• सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ। |
| १६२ | | प्रदेशमा तथ्याङ्कका लागि अन्य निकायहरुसँग आश्रित हुनुपर्ने अवस्थाको अन्त्य गर्दै सहज उपलब्धता र तथ्याङ्क व्यवस्थापनका लागि प्रदेशस्तरमा संरचनागत व्यवस्था गरिनेछ । प्रदेशका लागि आवश्यक सबै विषय क्षेत्रगत तथ्याङ्कहरु तहगत समन्वय गरी व्यवस्थित रुपमा | • प्रदेश तथ्याङ्क ऐन,२०७५ पारित भएको। यस ऐनले परिकल्पना गरे बमोजिम संस्थागत संरचना स्थापना गर्ने क्रममा रहेको छ । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | संकलन र अभिलेख गरिनेछ । | |
| १६३ | २६३ | जिल्ला समन्वय समितिलाई स्थानीय तहको कार्यसम्पादनस्तरको समन्वय र अनुगमन गर्ने ईकाइको रुपमा विकास गरिनेछ । | जिल्ला समन्वय समितिलाई स्थानीय तहको कार्यसम्पादनस्तरको समन्वय र अनुगमनका लागि प्रदेशबाट आवश्यक बजेट उपलब्ध गरिएको छ । |
| | २३२ | सामाजिक कुरीति, घरेलु हिंसालगायत समाजमा रहेका विसंगति एवम् विकृति रोकथाम र न्यूनीकरण गरिनेछ । साथै, स्थानीय न्यायिक समितिको क्षमता विकास गर्न आवश्यक तालिम सञ्चालन गरिनेछ। | स्थानीय तहमा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा गठित स्थानीय न्यायिक समितिहरूको क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम तय गरी कार्यान्वयनमा रहेका छन् । |
| | २३३ | स्थानीय तहको कानून तर्जुमा र न्यायिक समितिको कार्य सम्पादनमा सहयोग गर्न कानूनी जनशक्तिको आवश्यकता रहेको हुँदा कानून विषयमा स्नातक गरेका विद्यार्थीलाई केही समयका लागि ईन्टर्नको रूपमा स्थानीय तहहरूमा काम गर्ने गरी प्रबन्ध मिलाइनेछ। | कानूनमा स्नातक गरेका १२ जना विद्यार्थीलाई कानूनी ईन्टर्नको रुपमा प्रदेशका विभिन्न जिल्लाहरुमा खटाईएको छ । |
| | २३६ | प्रदेश सेवामा कार्यरत सबै अस्थायी र करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने व्यवस्था मिलाइनेछ। | यस प्रदेशमा योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन आवश्यक नीतिगत व्यवस्थाको प्रयास भइरहेको छ । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | २३८ | प्रदेश निजामती सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको मनोवल उच्च बनाईराख्न नेपाल सरकारले अवलम्बन गरेको नीति बमोजिमको सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु । | • प्रदेश निजामती सेवा ऐनको प्रारम्भिक मस्यौदा तयार भइरहेको छ ।<br>प्रदेशमा कार्यरत कर्मचारीको सेवा सुविधा संघीय सरकारले तोके बमोजिम उपलब्ध गराईएको छ । |
| | २६२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुगमन मूल्यांकन एक्सन रूम स्थापना गरी ठूला आयोजनाहरूको सोझै अनुगमन गर्ने व्यवस्था मिलाएको छु। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा Action Room व्यवस्थापन कार्य शुरु भएको छ । |

*(स्रोतः आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम एवं बार्षिक समीक्षा)*

## ४.७ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको वार्षिक प्रगति विवरण (रु. हजारमा)

| क्र सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | कर्मचारी तालिम प्रमाण पत्र दिने/नदिने तालिम तथा गोष्ठी | २ | ८०० | | | २३६.१७ | २९.५२ |
| २ | पुनर्ताजगी/अभिमुखीकरण जस्ता तालिम (तालिम तथा गोष्ठी) | ५ | ५०० | | | | ०.०० |
| ३ | बैठक व्यवस्थापन र संचालन तथा मन्त्रिपरिषद्को निर्णयहरुको विद्युतीय अभिलेख व्यवस्थापन | १५ | १००० | | | ४७८.४१ | ४७.८४ |

| क्र सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ४ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण | २ | १००० | ० | ० | ६७१.१७ | ६७.१२ |
| ५ | प्रदेश सेवाका कर्मचारीहरुको अभिलेख व्यवस्थापन | ३ | ८०० | ० | ० | १६४.७ | २०.५९ |
| ६ | पुस्तकालय व्यवस्थापन र संचालन | ३ | १५० | | | १३४.९३ | ८९.९५ |
| ७ | प्रदेश सरकार अन्तरगतका कार्यालयहरु तथा मन्त्रिपरिषद्को निर्णयहरुको कार्यान्वयन अवस्थाको अनुगमन | १० | १०० | | | ७०.८ | ७०.८० |
| ८ | नेतृत्व र संगठन व्यवस्थापन सम्बन्धी कार्यक्रम | २ | ६०० | १ | १०० | ५६६.४४ | ९४.४१ |
| ९ | इगभर्नेन्स तथा अटोमेशन कार्यक्रम | १ | ३०० | ० | ० | १२४.३ | ४१.४३ |
| १० | दिवस समारोह तथा अन्य कार्यक्रम | ५ | ७५० | | | ५२९.३९ | ७०.५९ |
| ११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको छटौंण रौं व्यवस्थापन | ६ | १९०० | ० | ० | १६८३.१३ | ८८.५९ |
| १२ | प्रदेश समन्वय परिषद्को बैठक | २ | १००० | ० | ० | ९२३.५ | ९२.३५ |
| १३ | कानूनी ईन्टनसिप | ३० | ७५० | | | ५१३.१४ | ६८.४२ |
| १४ | कानून तथा कार्यविधि निर्माण | ४ | ६०० | | | ५१०.७९ | ८५.१३ |
| १५ | मानव अधिकार संरक्षण र संवद्धन सम्बन्धीकार्यक्रम | १ | २०० | | | १४२ | ७१.०० |
| १६ | गाउँसभा, नगरसभा सञ्चालन सम्बन्धी अभिमुखीकरणकार्यक्रम | १२ | २३९५ | | | २३७६.३९ | ९९.२२ |
| १७ | कार्यालय भवन,मुख्यमन्त्री निवास र कर्मचारी निवास भवनको सुधार | | ११०० | | | ९८५.९९ | ८९.६४ |
| १८ | पपीू कार्यालय सञ्चालन | | ३७५० | | | २४५७.२६ | ६५.५३ |

| क्र सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १९ | पपी कार्यक्रम खर्च | | १९५०० | | | ४६४४.११ | २३.८२ |
| मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम | | | | | | | |
| २० | विज्ञापन तथा परीक्षा संचालन | १ | ३२५ | | | ३२३.५६ | ९९.५६ |
| २१ | सहजकर्ता अभिमुखीकरण अनुशिक्षण तथा पुनर्ताजगी कार्यक्रम | ३ | ९०० | | | ५९५.३३ | ६६.१५ |
| २२ | पालिका तथा जिससँग अन्तरक्रिया कार्यक्रम | ५० | १००० | | | ९४८.७६ | ९४.८८ |
| २३ | कार्यक्रमको प्रभाव मूल्याङ्कन | | १०० | ० | ० | ९८ | ९८.०० |
| २४ | जिल्ला व्यवस्थापन तथा समन्वय समितिको कार्यक्रम व्यवस्थापन तथा अनुगमन | | ४२०० | ० | ० | ४२०० | १००.०० |
| २५ | विविध खर्च | | २१२ | | | ९३.५ | ४४.१० |
| २६ | अनुगमन खर्च | | ५०० | | | ३६४.३९ | ७२.८७८ |
| २७ | मसलन्द तथा छपाई | | ९०० | | | ६६०.१९२ | ७३.३५ |
| २८ | निर्देशक समिति तथा अन्य समितिको बैठक तथा अन्य खर्च | | ४०० | | | ३८३.४२५ | ९५.८५ |
| २९ | पपी कार्यालय सञ्चालन | | ३७५० | | | २४५७.२६ | ६५.५३ |
| ३० | पपी कार्यक्रम खर्च | | १९५०० | | | ४६४४.११ | २३.८२ |

*(स्रोतःआन्तरिक प्रशासन शाखा)*

## ४.८ आर्थिक वर्ष २०७७/७८ को राजस्व संकलनको विवरण (रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२९ (अन्य प्रशासन) | - | २६ | - |
| २ | १५१११ (बेरुजु) | - | ३३.४९४ | - |
| जम्मा | | - | ५९.४९४ | - |

*(स्रोत: आन्तरिक प्रशासन शाखा )*

## ४.९ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- प्रदेशको नाम लुम्बिनी प्रदेश र स्थायी राजधानी राप्ती उपत्यका कायम गर्ने निर्णय भएको र उक्त निर्णय पछि राजधानी व्यवस्थापनका लागि आवश्यक कार्यहरु अघि बढाइएको । सरोकारवालासँग विभिन्न बैठक र अन्तर्क्रिया गरिएको । प्रदेश पूर्वाधार विकास प्राधिकरण र ग्रामीण तथा सहरी विकास मन्त्रालय स्थानान्तरण गरिएको । राजधानी व्यवस्थापनका लागि यस कार्यालय अन्तर्गत दाङको राप्ती उपत्यका (देउखुरी) मा राजधानी व्यवस्थापन कार्यालय स्थापना गरिएको ।
- प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन आदेश स्वीकृत भई प्रतिष्ठान स्थापना भएको ।प्रतिष्ठानको विनियमावली समेत तयार भैसकेको । प्रतिष्ठानबाट तालिमहरु सञ्चालन भइरहेको ।
- प्रदेशमा आवश्यक जनशक्ती व्यवस्थापनका लागि प्रदेश लोक सेवा आयोगमार्फत कर्मचारी भर्ना प्रक्रिया अगाडि बढाइएको ।
- कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७७ बमोजिम प्रदेश अन्तर्गतका कर्मचारीहरुको सरुवा व्यवस्थापन कार्यसम्पन्न भएको ।
- प्रदेश सरकारबाट संचालित सबै आयोजना तथा कार्यक्रमहरुको अनुगमन गर्नको लागि एकीकृत अनुगमन चेक लिष्ट तयार गरी कार्यान्वयन गरिएको ।
- आ.व. २०७७/७८ का लागि स्वीकृत एकीकृत अनुगमन ढाँचा अनुसारको कार्यक्रम कोभिड-१९ का कारणले भौतिक रुपमा उपस्थित भई सञ्चालन गर्न नसकिएको हुँदा Virtual Modality मा अनुगमन गर्ने कार्य शुरु गरिएको । यस क्रममा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका विभिन्न कार्यालयहरुको Joint Online Monitoring गरिएको ।
- मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५ परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको ।
- मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अनुगमन तथा मूल्याङ्कन कार्यविधि २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।
- प्रदेशको सुशासनको सन्दर्भमा सुधारका योजना वनाई कार्यान्वयन गर्नका लागि एक समिति गठन भई कार्ययोजना निर्माण कार्य प्रारम्भ गरिएको ।
- मन्त्रालय तथा निकायहरुबाट कार्यान्वयन हुने आयोजना तथा क्रियाकलापहरुको अभिलेखन, प्रतिवेदन र अनुगमन प्रणालीलाई अनलाइन पद्धतिमा रुपान्तरण गर्न सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान मार्फत कार्यदिशको मस्यौदा तयार गरिएको ।
- आ.व. ०७६/७७ को प्रदेश र अन्तर्गतका निकायहरु तथा स्थानीय तहहरुका पदाधिकारी तथा तोकिएका २६ हजार कर्मचारीहरुको सम्पती विवरणको अभिलेखाङ्कन तथा प्रतिवेदन गरिएको ।
- कार्यसम्पादन मूल्याङ्कन प्रदेश मन्त्रालय तथा स्थानीय तहवाट पेश भएका कार्यसम्पादन मूल्याङ्कन फारामहरु मूल्याङ्कन गरी अभिलेख गरिएको ।
- मा.मुख्यमन्त्रीज्यूको उपस्थितिमा अन्तर्राष्ट्रिय विकास साझेदारीहरुसंग समन्वयात्मक बैठक सम्पन्न गरिएको।

- आ.व. २०७७/७८ मा प्रदेशका विषयगत मन्त्रालयबाट सञ्चालन हुने ५ करोड भन्दा बढी बजेट विनियोजन भएका प्रादेशिक महत्वका आयोजना/कार्यक्रमहरुको विवरण एकीकृत गरिएको ।
- सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिएको ।
- प्रदेशमा कार्यरत कर्मचारीहरुले पालना गर्नुपर्ने आचार संहिताको मस्यौदा तयार भई समितिवाट प्रतिवेदन पेश भएको ।
- विभिन्न जिल्लाका पहिरो प्रभावित वस्ती आवास तथा पुर्वाधार निर्माणको लागि समन्वयात्मक बैठक गरी रु ७५ करोड रकम प्रदेश सरकारसँग माग गरी पठाइएको ।
- प्रदेश योजना आयोगबाट तयार हुने प्रदेशको २० वर्षे दीर्घकालीन योजना तर्जुमाको लागि समन्वय गरिएको
- प्रदेशस्तरका कार्यालयमा कार्यरत अधिकृत एवम् उपसचिव स्तरका कर्मचारीहरुलाई नेतृत्व तथा संगठन व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न गरिएको ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी सेवाकालीन तथा विभिन्न तालिमहरु सञ्चालन गरिएको ।
- स्थानीय निकायहरुको संस्थागत क्षमता स्वमूल्याङ्कन, स्थानीय तहहरुमा आवधिक योजना तर्जुमा, आन्तरिक राजश्व सुधार कार्ययोजना, GESI को मूलप्रवाहीकरण तथा अडिट, सूचना प्रविधि अधिकृतहरुका लागि तालिम, स्थानीय तहका कर्मचारीहरुका लागि समेत सेवाकालीन तालिम सम्पन्न गरिएको ।
- स्थानीय तहबाट निर्माण गरिएका कानूनहरुको समीक्षा गरिएको ।
- प्रदेश सरकारका निकायहरुको बेरुजुको अभिलेखाङ्कनका लागि सफ्टवेयर निर्माण भएको ।

## ४.१० नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- कोभिड-१९रोकथाम, नियन्त्रण र उपचार कार्य चुनौतीपूर्ण हुनु।
- आन्तरिक तथा अन्तरनिकाय समन्वय अपेक्षित रुपमा प्रभावकारी नहुनु ।

## ४.११ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय बढाउनुपर्ने ।

# परिच्छेद-५

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ५.१ परिचय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने कुरा नेपालको संविधानले सुनिश्चित गरेको छ । यसै अनुरुप राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने हुन्छ । सोही संवैधानिक व्यवस्था बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थापना मिति २०७४ साल फागुन ३ गते भएको हो ।प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई उपयुक्त तवरले यथा समयमै कार्यान्वयन गरी नागरिक आवश्यकता परीपूर्ती गर्नुका साथै सरकार र नागरिक वीचको सम्वन्धलाई सुमधुर बनाई प्रदेश सरकारको **समृद्ध प्रदेश, खुशी जनता**को दीर्घकालिन सोँचलाई व्यवहारमा उतार्न आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रतिवद्ध रहँदै आएको छ ।

## ५.२ कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ बमोजिम यस मन्त्रालयका जम्मा ४५ वटा कार्य जिम्मेवारी तोकिएको छ । उल्लेखित कार्यजिम्मेवारीलाई मुख्यगरी देहाय बमोजिमका क्षेत्रहरुमा समुहकृत गर्न सकिन्छ।

- प्रदेश स्तरीय शान्ति सुरक्षा र सुव्यवस्था,
- कानून निर्माण र कार्यान्वयन,
- सूचना तथा संचार क्षेत्रको प्रवर्द्धन,
- विपद् व्यवस्थापन,
- यातायात व्यवस्थापन

## ५.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २६११६२ | १४४७५८ | ६२.१० |
| पुँजीगत | ४५६४०० | १८६८८३ | ३९.३ |
| जम्मा | ७१७५६२ | ३३१६०५.८ | ४६.७७ |

**(स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय)**

## ५.४ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(यातायात व्यवस्था कार्यालयहरु तर्फ) (रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ८२९०८ | ७०६८८ | ८५.२६ |
| पुंजीगत | १४०८० | १०४२५ | ७४.०४ |
| जम्मा | ९६९८८ | ८१११३ | ८३.६३ |

(स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय)

## ५.५ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | | |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | ७१७५६२ | ३३१६०५.८ |

(स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय)

## ५.६ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १३९ | २२१ | प्रदेश प्रहरी इकाई भवन निर्माण | अघिल्लो आर्थिक बर्षमा प्रस्ताव गरिएका प्रदेश प्रहरी इकाई भवन निर्माण कार्यलाई निरन्तरता दिदैं यो बर्ष रोल्पाको खुङग्री, दाङको पुरन्धारा, पाल्पाको पिपलडाँडा, बाँकेको भगवानपुर, कपिलवस्तुको गणेशपुर र रुपन्देहीको बुटवलमा प्रदेश प्रहरी इकाई भवन निर्माणको कार्य अगाडि बढाईएको । |
| | | प्रदेश अनुसन्धान ब्यूरो गठन | |
| १४० | २२४ | प्रदेश प्रहरी अस्पतालको स्तरोन्नती | लुम्बिनी प्रदेश प्रहरी कार्यालयमा डिजिटल फरेन्सिक ल्याल संचालन गर्नको लागि आवश्यक पर्ने भिसेरा कटिङ रुम निर्माण कार्य सम्पन्न गरिएको । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|---|
| १४१ | २२१ | प्रदेश प्रहरीको क्षमता अभिवृद्धि | प्रदेशको समग्र ट्राफिक व्यवस्थापनका लागि ५ वटा ट्राफिक प्रहरी चेकपोष्ट निर्माण गरिएको । ट्राफिक व्यवस्थापनका लागि विभिन्न मेशिनरी औजार खरिद गर्नुका साथै ५० वटा मोटरसाईकल खरिद गरी वितरण गरिएको । |
| १४२ | २२२ | ट्राफिक व्यवस्थापन र सि.सि.टि.भि. जडान | भि.एम.एस. प्रविधिमा आधारित मन्त्रालयगत सुरक्षा प्रणाली जडानको कार्य सम्पन्न गरिनुका साथै दाङको भालुवाङ देखि लमहिसम्म भि.एम.एस. प्रविधिमा आधारित सि.सि.टि.भि. प्रणाली जडान गरिएको । |
| १४३ | २२५ | लागूपदार्थ विरुद्ध जनचेतनामुलक कार्यक्रम | |
| १४४ | २२३ | कारागार सुधार | रोल्पामा भवन निर्माणको लागि जग्गा मिलान भएको जसमा ४० प्रतिशत वित्तीय प्रगति भएको र प्यूठानमा भवन निर्माणको लागि जग्गा प्राप्ती भएको । |
| १४५ | २२६ | पूर्वसुचना प्रणाली जडान | दाङ, बाँके, बर्दिया, अर्घाखाँची र गुल्मी जिल्लाका विपद् जोखिम क्षेत्रहरुको पहिचान गरी नक्साङ्कन समेत गरिएको । |
| | २२७ | हेलिप्याड निर्माण | रोल्पाको तिला, रुकुमपूर्वको पुथाउत्तरगंगा तथा रुपन्देहीको बुटवलमा हेलिप्याड निर्माण सम्पन्न गरिएको । |
| १४६ | २२६ | विपद् प्रतिकार्य तालिम केन्द्रको स्थापना र संचालन | |
| १४७ | २२९ | द्वन्द्व प्रभावित व्यक्तिहरुको उपचार | द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार व्यवस्था मिलाइएको । |
| | २२९ | द्वन्द्व प्रभावितहरुका लागि स्वरोजगार कार्यक्रम | |
| १४८ | २३१ | कानून तर्जुमाका सम्बन्धमा अन्तरक्रिया र छलफल | प्रदेश संचार माध्यम सम्बन्धी विधेयक, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश प्रहरी सम्बन्धी विधेयक लगायत अन्य विधेयकका सम्बन्धमा विभिन्न समयमा अन्तरक्रिया तथा छलफल गरिएको। |
| १४९ | २३२ | सामाजिक कुरीति र घरेलु हिंसा न्यूनिकरण | कपिलवस्तु, बाँके र अर्घाखाची जिल्लामा सामाजिक कुरीति, घरेलु हिंसा तथा आत्महत्या न्यूनिकरणका लागि स्थानीय तथा अन्य संघसंस्थाको समेत सहभागितामा सचेतना कार्यक्रम संचालन गरिएको । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|---|
| १५२ | २४२ | प्रदेश चलचित्र बोर्डको गठन र संचालन | |
| | २४३ | प्रेस रजिष्ट्रारको कार्यालय स्थापना | |
| १५३ | २४२ | संचार माध्यम, पत्रकार एवम् संचारकर्मीको क्षमता अभिवृद्धि | नेपाल पत्रकार महासंघका जिल्ला कार्यालयहरु मर्मत गर्नुका साथैमेशिनरी तथा फर्निचर खरिदका लागि अनुदान रकम उपलब्ध गराईएको । रिपोर्टर्स क्लब लगायतका अन्य संघस्थाहरुको लागि मेशिनरी तथा फर्निचरको लागि अनुदान रकम उपलब्ध गराइनुका साथै सामुदायिक रेडियो प्रशारक संघ, लमही दाङको भवन निर्माणका लागि अनुदान उपलब्ध गाराईएको । |
| | २४२ | संचार माध्यमसँग सहकार्य | लुम्बिनी प्रदेशमा रहेका १७ वटा निजी रेडियोहरु,३४ वटा सामुदायिक रेडियोहरु,४ वटा सामुदायिक/निजी टेलिभिजन हरुवाट प्रदेश सरकारका विभिन्न गतिविधिहरु समेटिएका कार्यक्रमहरु प्रशारण गरिएको । |

## ५.७ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा

(रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % |
| १ | हेलिप्याड निर्माण | ७ | ५० | ३ | ४३ | ३० | ६० |
| २ | कोभिड १९ भाइरस रोकथाम नियन्त्रण सुरक्षा परिचालन खर्च | १ | ५० | १ | १०० | ५० | १०० |
| ३ | जिल्ला स्तरीय सुरक्षा व्यवस्थापन तथा अपराध नियन्त्रण सम्बन्धी अन्तरक्रिया तथा छलफल गोष्ठी | १२ | १२ | ८ | ६७ | ५.४४ | ४५.३५ |
| ४ | विपद्को जोखिममा रहेका स्थानीय तहलाई विपद् प्रतिकार्य तालिम संचालन | १० | ४० | ७ | ७० | १७ | ४२.५ |
| ५ | प्रदेशका विपद् जोखिम क्षेत्रहरुको पहिचान र नक्साङ्कन | १ | १५ | १ | १०० | १२.४५ | ८३ |
| ६ | प्रदेश भित्रका विभिन्न कार्यक्रमको लाईभ प्रशारण | १ | १५ | १ | १०० | ३.१५ | २१ |
| ७ | सञ्चारमाध्यम तथा संचारकर्मी सम्मान | १ | ५ | १ | १०० | ४ | ८० |

| क.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % |
| | कार्यक्रम | | | | | | |
| ८ | जनतासँग प्रदेश सरकार सम्बन्धी सूचनामुलक कार्यक्रम | १ | ४० | १ | १०० | ४० | १०० |
| ९ | प्रदेशमा सूचिकृत र आवद्ध सवै निजी रेडियोहरुसँग सहकार्य अनुदान | १ | १० | १ | १०० | १० | १०० |
| १० | प्रदेशमा सूचिकृत र आवद्ध छापा तथा अनलाईन संचार माध्यमसँग सहकार्य अनुदान | १ | ५० | १ | १०० | ०.७५ | १.५ |
| ११ | प्रदेशमा सूचिकृत र आवद्ध टेलिभिजन कार्यक्रम संचालन सहकार्य अनुदान | १ | ५० | १ | १०० | ५० | १०० |
| १२ | प्रदेशमा सूचिकृत र आवद्ध सामुदायिक रेडियोहरुसँग सहकार्य अनुदान | १ | ५० | १ | १०० | ४५.५ | ९१ |
| १३ | मगर/थारु सांस्कृतिक वृत्तचित्र निर्माण | २ | ५० | २ | १०० | ५० | १०० |
| १४ | मगर/थारु थिएटरलाई मेशिनरी औजार तथा फर्निचर खरिद | १ | ४० | १ | १०० | ३९.२ | ९८ |
| १५ | प्रदेश स्थापना दिवस (३ बर्ष) र प्रदेश एक्स्पोको वृत्तचित्र निर्माण | ३ | १५ | ३ | १०० | १४.८ | ९९ |
| १६ | सामुदायिक रेडियो प्रशारक संघको लागि भवन निर्माण अनुदान | १ | १५ | १ | १०० | १५ | १०० |
| १७ | पत्रकार सम्बद्ध संघसंस्थालाई मेशिनरी औजार र फर्निचर खरिद अनुदान | १ | ३० | १ | १०० | २३.१ | ७७ |
| १८ | प्रदेशमा सूचिकृत संघसंस्था तथा क्लबहरुसँग सहाकार्य अनुदान | १ | ५० | १ | १०० | २३.७ | ४७.५ |
| १९ | प्रदेश डिजिटल फरेन्सिक ल्याव स्थापना तथा संचालन | १ | ४५ | १ | १०० | २६.४६ | ५८.८ |
| २० | द्वन्द्व प्रभावित घाईते तथा अपाङ्गको उपचार | १ | ५० | १ | १०० | १४.२५ | २८.५ |
| २१ | कारागारका कैदी बन्दीहरुको सकारात्मक सोँच विकास कार्यक्रम | ५ | १५ | ३ | ६० | ३.६ | २४ |
| २२ | अन्तरप्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयस्तरीय अन्तरक्रिया कार्यक्रम | १ | ३० | १ | १०० | १०.२ | ३४ |
| २३ | CCTV जडानको अध्ययन र प्रभावकारीता मुल्याङ्कन तथा प्रतिवेदन | १ | ५ | १ | १०० | ४.९ | ९८ |
| २४ | प्रदेश प्रहरी ईकाई भवन निर्माण खुङ्ग्री, रोल्पा | १ | २०० | १ | १०० | २६.२ | १३.१० |

| क.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % |
| २५ | प्रदेश प्रहरी ईकाई भवन निर्माण कोटगाँउ, रोल्पा | १ | २०० | १ | १०० | ११७ | ५८.५ |
| २६ | प्रदेश प्रहरी ईकाई भवन निर्माण पुरनधारा, दाङ | १ | २०० | ० | ० | ० | ० |
| २७ | प्रदेश प्रहरी ईकाई भवन निर्माण भगवानपुर, बाँके | १ | २०० | १ | १०० | ५७.५४ | २८.७७ |
| २८ | प्रदेश प्रहरी ईकाई भवन निर्माण गणेशपुर, कपिलवस्तु | १ | २०० | १ | १०० | ४४ | २२ |
| २९ | प्रदेश प्रहरी ईकाई भवन निर्माण बुटवल, रुपन्देही | १ | २०० | १ | १०० | ६० | ३० |
| ३० | प्रदेश प्रहरी ईकाई भवन निर्माण पिपलडाँडा, पाल्पा | १ | २०० | १ | १०० | १७.३ | ८.६५ |
| ३१ | प्रदेश प्रहरी ईकाई भवन निर्माण शान्तिपुर, गुल्मी | १ | २०० | १ | १०० | १९९.४ | ९९.७ |
| ३२ | प्रदेश प्रहरी ईकाई भवन निर्माण धारापानी, अर्घाखाँची | १ | २०० | १ | १०० | १३३ | ६६.५ |
| ३३ | प्रदेश प्रहरी ईकाई भवन निर्माण जाङ, रुकुम पूर्व | १ | २०० | १ | १०० | १४५ | ७२.५ |
| ३४ | प्रदेश प्रहरी ईकाई भवन निर्माण चुजाठाँटी, प्यूठान | १ | २०० | १ | १०० | ४०.४ | २०.२ |
| ३५ | ट्राफिक प्रहरी सुरक्षा चेकजाँच पोष्ट निर्माण | ५ | २५ | ५ | १०० | २५ | १०० |
| ३६ | मोटरसाईकल खरिद | ५० | १५० | ५० | १०० | ११४ | ७६ |
| ३७ | भि.एम.एस.सिस्टममा कम्प्याटिवल हुनेगरी सि.सि.टि.भि. प्रणालिको जडान | १ | २०० | १ | १०० | ० | ० |
| ३८ | भि.एम.एस.प्रविधिमा आधारित मन्त्रालयमा सुरक्षा प्रणालि जडान | १ | २० | १ | १०० | १९.५ | ९७.५ |
| ३९ | सशस्त्र प्रहरी बल बुटवल सभा हल मर्मत | १ | ५ | १ | १०० | ४.९३ | ९८.६ |
| ४० | स्थानीय न्यायीक समितिको क्षमता विकास कार्यक्रम | ६ | १८ | ३ | ५० | ५.७६ | ३२ |
| ४१ | कानून तर्जुमा समिति बैठक तथा अन्तरक्रिया | १५० | १५ | १५० | १०० | १४.४ | ९६ |
| ४२ | मेलमिलाप समितिका पदाधिकारीहरु एवम् कर्मचारकीको लागि अनुशिक्षण | ४ | ८ | ३ | ७५ | १.१२ | १४ |
| ४३ | सामाजिक कुरीति घरेलु हिंसा तथा | | ७.५ | | ६० | ७.२७ | ९७ |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % |
| | आत्महत्या न्यूनिकरणका लागि २ दिने जिल्लास्तरीय सचेतना कार्यक्रम | ५ | | ३ | | | |
| ४४ | फौजदारी तथा देवानी संहिता सम्बन्धी अनुशिक्षण | ५ | ७.५ | ५ | १०० | ७.१ | ९५ |
| ४५ | प्रदेश प्रहरी कार्यालय बुटवल तालिम केन्द्र व्यारेक निर्माण | १ | ४० | १ | १०० | ३१.१२ | ७७.८ |
| ४६ | प्रदेश प्रहरी कार्यालय बुटवल तालिम केन्द्र मर्मत सुधार | १ | २५ | १ | १०० | २४.९१ | ९९.६५ |
| ४७ | ट्राफिक प्रहरीलाई आवश्यक पर्ने मेशिनरी औजार खरिद | १ | २० | १ | १०० | १९.८ | ९९ |
| ४८ | कारागार निर्माण (रोल्पा, प्यूठान र महिला कारागार दाङ्ग) | ३ | ४५० | ० | १०० | ८१ | १८ |
| ४९ | प्रहरी कार्यलयहरुमा सवारी साधन खरिद | २० | ६६० | २० | १०० | ६२९ | ९५.३ |
| ५० | भिडियो कन्फरेन्स सहितको भिडियो वाल जडान | १ | २० | १ | १०० | १८.४ | ९२ |
| ५१ | स्मार्ट नागरिक वडापत्र खरिद तथा जडान | १ | ५ | १ | १०० | ४.९ | ९८ |
| ५२ | नेपाल पत्रकार महासंघ जिल्ला कार्यालयहरुको लागि भवन मर्मत अनुदान | ५ | २५ | ४ | ८० | २० | ८० |

**(स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय)**

## ५.८ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | | १९९ | |
| २ | १४२५५ - टेलिभिजन संचालन दस्तुर | | ८०० | |
| ३ | १५१११ - बेरुजु | | २२७.६३ | |

**आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण (यातायात व्यवस्था कार्यालयहरु)**

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११११ - आयकर | | १३८६४६.४४ | |
| २ | ११४५४ - सडक सुधार दस्तुर | | १३३५८१२.३८४ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | १४२२५ - यातायात क्षेत्रको आम्दानी | | ७२९४०.५१५ | |
| ४ | १४२५६ - स.चा.अ.प./सवारी दस्तुर | | ४८३६६३.६८१ | |
| ५ | १४३१२ - प्रशासनिक शुल्क/दण्ड | | ४०.८ | |
| ६ | १५१११ - बेरुजु | | ४.३ | |
| ७ | ३३३४१ - सवारीसाधन कर | | २४०१०४५.८७ | |

**(स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय)**

## ५.९ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

### (क) उपलब्धी/महत्वपूर्ण कार्यको विवरण

- मन्त्रालयमा भिडियो कन्फ्रेन्स सहितको भिडियो वाल र स्मार्ट नागरिक वडापत्र जडान गरिएको।
- संविधान दिवस, २०७७ विभिन्न कार्यक्रम गरी मनाईएको ।
- अन्तरप्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- माघी/माघे संक्रान्ती पर्वको अवसरमा माघी मिलन कार्यक्रम सम्पन्न गरिएको ।
- प्रदेश स्थापना दिवस, २०७७ विभिन्न कार्यक्रमहरु आयोजना गरि मनाईएको ।
- प्रदेशको समृद्धिमा योगदान पुर्‍याउने ५८ जनालाई विभिन्न ११ किसिमका पदकद्वारा विभुषित गरिएको ।
- भि.एम.एस.प्रविधिमा आधारित सुरक्षा प्रणाली जडानकार्य सम्पन्न गरिएको ।
- विभिन्न ४५ वटा राजपत्र प्रकाशन गरिएको ।
- विभिन्न मन्त्रालयबाट राय/परामर्श/सहमति माग भएकोमा ५६ वटा विषयमा राय/परामर्श/सहमति प्रदान गरिएको ।
- ४७५ घरपरिवारका लागि २ करोड ५ लाख राहत रकम उपलब्ध गराईएको ।
- प्रदेशभर ११ वटा प्रदेश प्रहरी कार्यालयहरु निर्माणाधिन रहेका ।
- लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रमा व्यारेक निर्माण कार्य सम्पन्न गरिएको ।
- प्रदेश भित्रका ६ वटा जिल्लाका विपद् जोखिम क्षेत्रहरुको पहिचान र नक्साङ्कन गरिएको ।
- लुम्बिनी प्रदेश क्षेत्रमा उत्कृष्ट कार्य गरेका ४ जना संचारकर्मीहरुलाई सम्मान गरिएको ।
- विपद् प्रतिकार्य तालिम संचालन मार्फत ७ पालिकाका १७५ जनालाई तालिम प्रदान गरिएको।
- प्रहरी कार्यालयहरुको लागि २० वटा सवारी साधन खरिद गरिएको ।

- यस बर्ष ५ वटा प्रहरी विट निर्माण गरिएको ।
- प्रदेशका ८ जिल्लामा जिल्लास्तरीय सुरक्षा व्यवस्थापन गोष्ठी सम्पन्न गरिएको ।

**(ख) मन्त्रालय/निकायले संचालन गरेका कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान (तथ्य/तथ्याङ्क सहित)**

- प्रदेशका सुरक्षा निकाय र सुरक्षाकर्मीहरुलाई बजेट उपलब्ध गराईएको ।
  **प्रभावः** प्रदेशभर शान्ति सूरक्षा र अमनचयन कायम भएको ।
- विपद पिडितहरुलाई प्रदेश सरकारको तर्फबाट राहात उपलब्ध गराईएको ।
  **प्रभावः** जनताले प्रदेश सरकारलाई अविभावकको रुपमा महशुस गरेका ।
- प्रदेश मन्त्रालय र मातहतका कार्यालयहरुबाट सम्पादन भएका कामहरुको व्यापक प्रचार प्रसार गरिएको ।
  **प्रभावः** प्रदेश सरकारले गरेका कामहरु देखिएका र सरकारको पारदर्शिता प्रर्दशन भएको।
- सशस्त्र द्वन्द्वको क्रममा घाईते/अपाङ्ग भएकाहरुको प्रदेश सरकारवाट निशुल्क उपचार गरिएको।
  **प्रभावः** दिगो शान्ति कायम गर्नमा प्रदेश सरकारको योगदान देखिएको ।
- प्रदेशको समृद्धिमा योगदान पुर्याउनेहरुलाई सम्मान गरिएको ।
  **प्रभावः** नागरिकहरुलाई असल काम गर्न प्रदेश सरकारले उत्प्रेरित गरेको सन्देश सम्प्रेषण भएको।

## ५.१० नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- कार्यक्रम संशोधन तथा बजेट अख्तियारी दिने वर्तमान प्रावधान/प्रक्रिया लामो र झन्झटिलो रहेको ।
- प्रहरीकोसमायोजन भइ प्रदेश मातहतमा नआएकोले बजेट तथा कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको ।
- संघीय इकाइलाईअख्तियारी दिन नपाइने व्यवस्थाले कार्यक्रम प्रारम्भ गर्न मै बाधा परेको ।
- कोभिड –१९को महामारीका कारण बजेट तथा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको ।

## ५.११ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- कार्यक्रम संशोधन तथा बजेट अख्तियारी दिने प्रक्रियामा सरलीकरण गर्नुपर्ने ।
- प्रहरीको समायोजन यथाशीघ्र गर्नुपर्ने ।

## ५.१२ निष्कर्ष

प्रदेश सरकार स्थापनाको ३ बर्ष पुरा भैसकेको अवस्थामा जनता सामु प्रदेश सरकार देखिने र अनुभूत गर्ने वातावरणको निर्माणमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको भुमिका तुलना गर्न योग्य बनेको छ । प्रदेशको समग्र शान्ति सुरक्षा र अमनचैन कायम गर्दै विकासका अवसरहरु सिर्जना गर्न मन्त्रालय तदारुकताका साथ लागिरहेको छ ।

# परिच्छेद-६
# आर्थिक मामिला तथा योजना मन्त्रालय

## ६.१ परिचय

आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७४ साल फाल्गुन ३ गते गठन भएको हो। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ ।

प्रदेशस्तरको आर्थिक स्थायित्व र मुल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेश स्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरु संचालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो ।

## ६.२ कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायअनुसार रहेका छन्:

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थीरता सम्बन्धी नीति तर्जुमा,कार्यान्वयन र नियमन,
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर,
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- संघीय नीति अनुरुप सहवित्तीयकरण,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- प्रदेश संचित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
- संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन,नियमन र हस्तान्तरण,
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- संघसंगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनातर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
- प्रदेशस्तरका सार्वजनिक संस्थान,वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन,सुधार र नियमन, आर्थिक विकासमा निजी,सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य।

## ६.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १११०९७ | ६१३५१ | ५५.२२ |
| पुँजीगत | १५९०० | १११४७ | ७०.११ |
| जम्मा | १२६९९७ | ७२४९८ | ५७.०९ |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

## ६.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नगद/प्रदेश सरकार | २०९९९३२१ | १८१९०४११ |
| २ | नेपाल सरकार समानीकरण अनुदान | ७६३७१०० | ६५४९४८४ |
| ३ | नेपाल सरकार सशर्त अनुदान | ९०४६१६३ | ७००२०२२ |
| ४ | नेपाल सरकार समपूरक अनुदान | ४८३३०० | ३३५१२५ |
| ५ | नेपाल सरकार विशेष अनुदान | २१०००० | ३०८०४ |
| | जम्मा | ३८३७५८८४ | ३२१०७८४६ |

(स्रोतःआर्थिक मामिला तथा योजना मन्त्रालय)

## ६.५ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | वजेट वक्तव्यको बुँदा नं | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| २० | २३ | लगानी सम्मेलन आयोजना गर्ने | कार्यक्रम कार्यन्वयनको समयमा कोभिड-१९को दोस्रो लहरले गर्दा प्रदेश सरकारको निर्णय बमोजिम स्थगित भएको । |
| १५० | ४३ | डिजिटल प्रदेश | सूचना तथा संचार प्रविधि प्रतिष्ठानबाट कार्यक्रम सम्मपन्न भएको । |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय मन्त्रालय)

## ६.६ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा

(रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % | |
| १ | स्थानीय तहहरुमा अनुदान उपलब्ध गराउने | ४ पटक | ५१४००५० | ४ | १०० | ५१४००५० | १०० | |
| २ | लगानी सम्मेलन | १ पटक | १०००० | | | १६१० | १६.१ | कार्यक्रम कार्यान्वयनको समयमा कोभिड-१९ को दोस्रो लहरले गर्दा प्रदेश सरकारको निर्णय बमोजिम स्थगित भएको |
| ३ | डिजिटल प्रदेश (Online Reporting system | १ पटक | २५०० | १ | १०० | २४८५ | ९९.५ | सूचना तथा संचार प्रविधि प्रतिष्ठानबाट कार्यक्रम सम्पन्न भएको |
| ४ | अन्तर प्रदेश अवलोकन भ्रमण तथा अनुभव आदानप्रदान | ३ वटा प्रदेश | १६०० | १ | ३३ | ११० | ७ | कोभिड-१९को दोस्रो लहरले गर्दा गण्डकी प्रदेशमात्र अवलोकन भ्रमण हुनसकेको। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रम | १ पटक | २५०० | ० | ० | ० | ० | कार्यक्रमहरुका लागि सम्पूर्ण तयारी गरिएको तर कोभिड-१९ को कारण कार्यान्वयन गर्न संभव नभएकोले बजेट समर्पण गरिएको |
| ६ | बजेट सम्बन्धी अन्तरक्रिया | १ पटक | ३००० | १ | १०० | २५८८ | ८६.३ | |
| ७ | कर्मचारीको क्षमता विकास कार्यक्रम | १ पटक | ९०० | १ | १०० | ४८५ | ५३.८८ | |
| ८ | योजना/राजस्व र अनुदानको अनुगमन | १२ पटक | २००० | १२ | १०० | ११५० | ५७.५ | |
| ९ | बजेट राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम | १ पटक | ३००० | १ | १०० | ० | ० | Zoom Meeting मार्फत संचालन भएकोले विनियोजित रकम खर्च नभएको। |
| १० | बजेट तर्जुमा/MTEF तर्जुमा/ PLMBIS तालिम | ४ पटक | ५०० | १ | १०० | २९८ | ६० | |
| ११ | आर्थिक प्रशासन सम्बन्धी पुनर्ताजगी/अभिमुखीकरण तालिम कार्यक्रम | १ पटक | ३०० | १ | १०० | १८० | ६० | |
| १२ | विभिन्न जिल्लामा राजश्व, धरौटी, विनियोजन लगायत आर्थिक प्रशासनसँग सम्वन्धित विषयमा अन्तरक्रिया कार्यक्रम | १ पटक | ६०० | ० | ० | ० | ० | कोभिड-१९ को कारण कार्यान्वयन गर्न सम्भव नभएकोले बजेट समर्पण गरिएको |
| १३ | स्थानीय निकायमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम | १ पटक | ५०० | ० | ० | ० | ० | कोभिड-१९ को कारण कार्यान्वयन गर्न संभव नभएकोले बजेट समर्पण गरिएको |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

## ६.७ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | **राजश्व तर्फ** | | | |
| | मू.अ. कर | ५६८०६२० | ६०७९८४५ | १०७ |
| | अन्तशुल्क | ३७८७०८० | १७९४७९२ | ४७ |
| | रोयल्टी | ३०३००० | प्रगति प्राप्त नभएको | |
| | नदीजन्य पदार्थबाट प्राप्त आय | ५८२६०० | १४४७५१ | २५ |
| | मनोरन्जन कर | ५००० | १६० | ३ |
| | विज्ञापन कर | ७५०० | ४४०८५ | ५८८ |
| | घरजग्गा रजिष्ट्रेशन | ६६०००० | १०६६२१० | १६२ |
| | सवारी साधन कर | १२००००० | १४४४१०९ | १२० |
| | अनुदान/ निकासा फिर्ता | ४००००० | १००८१९० | २५२ |
| | अन्य राजश्व | १६३७७०० | १०३६४३५ | ६३ |
| | जम्मा | १४२६३५०० | १२६१८५७७ | ८८.४६ |
| २ | **अनुदानतर्फ** | | | |
| | समानीकरण अनुदान | ७६३७१०० | ७६३७१०० | १०० |
| | सशर्त अनुदान | ५८१३६०० | ९०४६१६२ | १५६ |
| | विशेष अनुदान | २१०००० | २१०००० | १०० |
| | समपुरक अनुदान | ४८३३०० | ४८३३०० | १०० |
| | गत वर्षको नगद मौज्दात | ७९४५००० | ८३८०७४४ | १०५ |
| **जम्मा (राजस्व +अनुदान)** | | **३६३५२५००** | ३८३७५८८३ | १०५.५६ |

(स्रोतःआर्थिक मामिला तथा योजना मन्त्रालय)

## ६.८ आ.व. २०७७/७८ मा उपलब्धी/महत्वपूर्ण कार्यहरुको विवरण

### क. लगानी सम्मेलनको तयारी

- लगानी सम्मेलन तयारी र व्यवस्थापनका लागि सचिवालयको स्थापना
- जनशक्ति व्यवस्थापन (सेवा करार)
- Website निर्माण एवम् कार्यान्वयन
- दातृ निकायहरुसँग बैठक एवम् अन्तरक्रिया
- निजीक्षेत्रका केन्द्रीय/प्रदेश स्तरका छाता संगठनहरुसँगको अन्तरक्रिया

- विभिन्न परियोजना (बहुसांस्कृतिक विमानस्थल नगरी परियोजना, राप्ती नदीतट विकास परियोजना, स्वर्गद्वारी-होलेरी-निगालेपानी हिल स्टेशन रुट परियोजना, बाणगंगा नदी उकास साइलेज परियोजना लगायत) प्रस्तुत गर्न योग्य हुने गरी तयारी
- प्रदेश योजना बैंक (प्रदेश योजना आयोगले विकास गरेका) आयोजनाहरुको तयारी

## ख. आ.व. २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धमा

- सबै मन्त्रालय तथा निकायहरुलाई आ.व. ०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाइएको
- प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरुको वार्षिक कार्यक्रम संशोधन परिमार्जन सम्बन्धी कार्यहरु गरिएको,
- आवश्यकता र औचित्यको आधारमा बजेट रकमान्तर, बजेट थप, बहुवर्षीय आयोजनाको लागि स्रोत सुनिश्चितता र कार्यक्रम संसोधन गरिएको,
- विषयगत मन्त्रालयहरुलाई बजेट कार्यान्वयनमा सहजीकरण गरिएको
- विभिन्न विषयमा राय, परामर्श एवम् सहमतिहरु उपलब्ध गराइएको

## ग. आ.व. ०७८/७९ को लागि गरिएका बजेट सम्बन्धी कार्यहरु

- आ.व. ०७८/७९ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गरी पठाइएको
- आ.व. ०७८/७९ को लागि बजेट सीमा र मार्गदर्शन पठाइएको
- सबै मन्त्रालयहरुसँग छलफल गरी आ.व. ०७८/७९ को बजेटलाई अन्तिम रुप दिइएको
- बजेट तथा कार्यक्रम सम्बन्धी देहायका विवरणहरु तयार गरिएको
  - अर्धवार्षिक तथा ८ महिनाको प्रगति प्रतिवेदन तयार
  - आ.व. ०७८/७९– ०८०/८१ का लागि (MTEF) तयार
  - बजेट वक्तव्य
  - आर्थिक विधेयक
  - विनियोजन विधेयक
  - व्यय अनुमान
  - वार्षिक कार्यक्रम पुस्तिका

## घ. स्थानीय तहसँगको समन्वय, सहजीकरण र वित्त हस्तान्तरण

- आ.व.२०७७/०७८ मा स्थानीय तहमा स्वीकृत हुने समपुरक आयोजना स्वीकृत गरी कार्यान्वयनका लागि स्थानीय तहमा पठाइएको,

- आ.व.२०७५/०७६ देखि सशर्त अनुदानमा निर्माण शुरु भएका तर हालसम्म सम्पन्न हुन नसकेका बहुउद्देशीय सभाहल लगायतका आयोजनाको निर्माण कार्य पूरा गर्न २१ गा.पा. लाई थप रु. ९ करोड ९४ लाख रकम उपलब्ध गराइएको
- प्रदेश भित्रका १०९ वटै स्थानीय तहसँग विगत तीन वर्षको बजेट निर्माणको अनुभव, सिकाइ तथा आगामी आ.व.को बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयमा अन्तर्क्रिया सम्पन्न गरिएको
- अनुदान व्यवस्थापन, राजश्व बाँडफाँट, बजेट तथा आयोजना कार्यान्वयन सम्बन्धमा १०९ वटै स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरुसँग Virtual माध्यमबाट अन्तरक्रिया कार्यक्रम गरिएको,

## ङ. राजस्व संकलन तथा राजस्व बाँडफाँट

- प्रदेश सरकार मातहतका विभिन्न कार्यालयहरुको अनुगमन गरी राजस्वको दायरा विस्तार एवम् चुहावट नियन्त्रणको प्रयास गरिएको
- राजश्व परामर्श समिति गठन गरी सो अन्तर्गतका ६ वटा उपसमिति गठन गर्नुका साथै सो सम्बन्धमा अध्ययन गरी प्रदेश सरकारलाई सुझाव सहितको प्रतिवेदन पेश गरिएको
- सवारी साधन कर बाँडफाँट सम्बन्धी कार्यहरु
- प्रदेश सरकारको कर एवम् राजस्व सम्बन्धमा निजी क्षेत्रसँग छलफल एवम् अन्तरक्रिया
- नदीजन्य पदार्थको संकलन व्यवस्थापन सम्बन्धमा स्थानीय तहसँग सूचना संकलन एवम् अन्तरक्रिया
- विज्ञापन कर, मनोरञ्जन करको दायरा विस्तार सम्बन्धमा ४ वटा उप महानगरपालिकासँग छलफल तथा अन्तरक्रिया

## च. कानून निर्माणः

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक तयार गरी प्रदेश सरकारबाट स्वीकृति प्राप्त भई प्रदेश सभामा पेश गर्ने प्रक्रियामा रहेको,
- प्रदेश तथ्याङ्क नियमावली, २०७७ स्वीकृत भएको
- घर-जग्गा न्युनतम मूल्य निर्धारण नियमावली २०७७ मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा छलफलको क्रममा रहेको
- प्रदेश सार्वजनिक निजी साझेदारी तथा लगानी सम्वन्धी विधेयकको सैद्धान्तिक सहमति प्राप्त भई अन्तिम मस्यौदामा सरोकारवाला निकायसँग छलफलमा रहेको,
- प्रदेश बैक तथा वित्तीय संस्था (स्थापना र सञ्चालन) सम्वन्धी कानून निर्माण सम्वन्धी अध्ययन तथा परामर्शको कार्य अगाडि बढाइएको,
- प्रदेश सार्वजनिक संस्थान (स्थापना तथा सञ्चालन) सम्वन्धी कानून निर्माण सम्वन्धी अध्ययन तथा परामर्शको कार्य अगाडि बढाइएको,

➢ प्रदेश ऋण तथा जमानत सम्वन्धी विधेयक तर्जुमाको हकमा सम्वन्धित संघीय कानून संशोधन तथा नयाँ निर्माणको चरणमा रहेकोले संघीय निकायसँग समन्वय एवम् कानून निर्माणको प्रक्रिया अगाडि बढाइएको ।

- **अन्य निकायलाई सहमति दिइएको कानुनको विवरणः**

| **क्र.सं.** | **मन्त्रालय/निकाय** | **सहमति दिइएको कानुनको संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५ | |
| २ | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १४ | |
| ३ | सामाजिक विकास मन्त्रालय | ७ | |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९ | |
| ५ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | |
| ६ | प्रदेश सभा सचिवालय | १ | |
| ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३ | |
| **जम्मा** | | ४० | |

## छ. कोभिड -१९ नियन्त्रण

➢ कोरोना विशेष अस्पतालको दरबन्दी सिर्जना स्वीकृति सहमति
➢ कोभिड -१९ रोकथाम, नियन्त्रण तथा उपचार निर्देशिका, २०७८ जारी
➢ कोभिड कोष संचालनमा सहजीकरण गरिएको,
➢ लुम्बिनी प्रादेशिक अस्पताल एवम् अन्य स्वास्थ्य संस्थाहरुलाई स्रोत साधन (बजेट, सवारी साधन) उपलब्ध गराउने कार्यहरु

## ज. सूचना प्रविधि

➢ प्रदेश सरकारको बजेट, खर्च तथा निकासामा सूचना प्रविधि/सफ्टवेयर (RMIS, STSA, CGAS र PAMS) लागू गर्नुका साथै सबै निकायलाई सहजीकरण गरिएको।
➢ बजेट तर्जुमा कार्यान्वयन अनुगमन मुल्याङ्कन सम्बन्धमा नयाँ Software निर्माण
➢ Project Status Tracking System, सूचना पोर्टल, सशर्त अनुदान कार्यान्वयनको रिपोर्टिङ गर्ने व्यवस्था

## झ. लेखा परीक्षण

➢ प्रदेश सरकारका कार्यालयहरुको आन्तरिक लेखा परीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन पेश गरिएको।
➢ आ.व २०७६।७७ को अन्तिम लेखा परीक्षणमा सहजीकरण गरिएको

- यस मन्त्रालयको हालसम्म कुनै पनि बेरुजु नभएको

## ६.९ वार्षिक बजेट तथा कार्यक्रमका सबल पक्ष

- सूचना प्रविधिको प्रयोग गरी न्यून रकम खर्च गरी भौतिक प्रगति हासिल गरिएको
- कार्यान्वयन नहुने/गर्न नसकिने कार्यक्रम समयमै संशोधन/परिमार्जन एवम् बजेट समर्पण समयमै गरिएको
- कार्यक्रम कार्यान्वयनको विकल्प खोजी तथा कार्यान्वयन गर्ने अभ्यास (कोभिडको कारण भौतिक उपस्थिति भएन तर Zoom मार्फत् कार्यक्रमहरु सन्तोषजनक रुपमा सम्पन्न भए)
- स्थानीय तहसँगको सम्बन्ध सुधार, प्रदेश सरकारप्रतिको सकारात्मक सोंचमा बृद्धि
- प्रदेश सरकारको अनुदानमा स्थानीय तहमा संचालित अधुरा आयोजनाको संख्या न्यूनीकरण
- Institutional Memory को विकास एवम् अभिलेख व्यवस्थापन
- सिकाई तथा अनुभवलाई क्रमशः पछिल्ला वर्षका बजेट प्रणालीमा आवद्ध गर्ने कार्यको शुरुवात

## ६.१० नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

**प्रदेशको आय/श्रोत व्यवस्थापन**

- प्रदेश सरकारको आयको दायरा साँघुरो रहेको। एकल अधिकारको सूचीमा पर्ने कर (कृषि आयमा लाग्ने कर) कार्यान्वयनमा आउन नसकेको,
- स्थानीय तहसँग बाँडफाँड हुने करहरु समेत प्रभावकारी हुन नसकेको,
- नदीजन्य पदार्थवाट प्राप्त हुने आयमा समस्या रहेको,
- विज्ञापन कर तथा मनोरञ्जन करको दायरा बढ्न नसकेको,
- सवारी साधन करमा समस्या रहेको (अन्य प्रदेशमा दर्ता हुने, कर अन्यत्र वुझाउने प्रयोग यस प्रदेशमा गर्ने) घर जग्गा रजिष्ट्रेशन शुल्क वास्तविक कारोवार भन्दा भिन्न रहेको,
- अन्य सम्भावित आयमा श्रोत पहिल्याउने र आय वृद्धि गर्ने कार्य यथेष्ट मात्रामा हुन नसकेको।

**बजेट/कार्यक्रम**

- प्रदेशको बजेट तथा कार्यक्रममा स्पष्ट मापदण्ड र प्राथमिकताको अभाव देखिएको। केही मापदण्ड तथा नीतिगत व्यवस्था भएको भए तापनि कार्यान्वयनमा समस्या देखिएको,
- अधुरा आयोजनाको संख्या बढ्दै गइरहेको,
- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिएबमोजिम प्राप्त नहुने,
- मन्त्रालयले अधिकांश समय विषयगत मन्त्रालयहरुको कार्यक्रम संशोधनमा केन्द्रित गर्नुपर्ने भएको,
- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास हुन नसकेको,
- प्रदेश स्तरीय योजना/कार्यक्रममा स्वदेशी तथा विदेशी लगानी कर्ताहरु आकर्षित हुन नसकेको,
- संघीय सशर्त अनुदानमा सञ्चालित कार्यक्रमको संशोधन/रकमान्तरमा समस्या देखिएको,
- PLMBIS System मा समस्या आउँदा समय समयमा कार्यसम्पादनमा कठिनाई आउने गरेको।

**अनुदान व्यवस्थापन**

- स्थानीय तहले गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त, समपुरक र विशेष अनुदानको रकम समयमै फिर्ता गर्ने नगरेको,
- स्थानीय तहले संकलन गरेको साझा करको अध्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भई नसकेको। साथै साझा करबाट संकलित रकम कतिपय स्थानीय तहहरुले समयमै दाखिला नगरेको,
- प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र तयार हुन नसकेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन बाझिएको,
- प्रदेशको सशर्त अनुदानमा स्थानीय तहमा सञ्चालन हुने कार्यक्रममा अपनत्व र प्राथमिकता सम्बन्धी समस्या देखिएको।

## ६.११ समस्या समाधानका लागि चाल्नुपर्ने कदम

**प्रणाली/पद्धति सुधार (System)**

- कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- राजस्व, खर्च तथा अनुदान व्यवस्थापन सम्बन्धी एकीकृत प्रणाली विकास गर्नुपर्ने,
- प्रदेशमा आन्तरिक तथा वाह्य लगानी आकर्षित गर्न नीतिगत कानूनी एवम् संस्थागत प्रवन्ध गर्दै लुम्बिनी प्रदेशलाई लगानीकर्ताको आकर्षणको केन्द्रको रुपमा अगाडि वढाउनु पर्ने, (लगानी सम्मेलन प्रभावकारी रुपमा सम्पन्न गर्ने),
- PLMBIS System को सर्भर तथा Backup System लाई Upgrade गर्नुपर्ने,
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन तथा स्थानीय सरकार सञ्चालन ऐनमा बाँझिएका बुँदाहरु संसोधन गराउन पहल गर्नुपर्ने,
- प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र सम्बन्धीSoftware निर्माण गर्नुपर्ने।

**अनुदान व्यवस्थापन (Grants)**

- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास गर्नुपर्ने,
- स्थानीय तहले गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त, समपुरक र विशेष अनुदानको रकम समयमै फिर्ता गराउन पहल गर्नुपर्ने,
- स्थानीय तहमा संचालन हुने प्रदेशको सशर्त अनुदानका आयोजना नगर सभा/गाउँसभाले पारित गरेका आयोजनाबाट प्रदेश सभाका सदस्यहरुले छनौट गर्ने प्रणाली विकासको आवश्यकता देखिएको।

**प्रदेशको आय (Income)**

- राजस्व वृद्धिको लागि स्थानीय तहलाई प्रभावकारी परिचालन गरी चुनढुंगा खानी, गिटी बालुवा, विज्ञापन कर तथा मनोरञ्जन कर मार्फत कराधार वृद्धि गर्नुपर्ने,

- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिए बमोजिम प्राप्तगर्न केन्द्रसँग पहल गर्नुपर्ने,
- स्थानीय तहले संकलन गरेको साझा करबाट संकलित रकम समयमै दाखिला गराउन पहल गर्नुपर्ने,
- प्रदेशको एकल अधिकारको रुपमा रहेको राष्ट्रिय वनलाई प्रदेशको आयको महत्वपूर्ण स्रोतको रुपमा विकास गर्नुपर्ने,
- नदीजन्य पदार्थको संकलन/व्यवस्थापनमा प्रभावकारिता वृद्धि गर्न बलियो कानुनी व्यवस्था गर्न जरुरी रहेको।

**बजेट कार्यक्रम (Budgeting)**

- अधुरा आयोजना तथा कार्यक्रमको लागि आवश्यक श्रोत साधनको प्रबन्ध गरी त्यस्ता आयोजनाको संख्यालाई यथासम्भव न्यूनतम सीमामा कायम गर्नुपर्ने,
- अनिवार्य दायित्यलाई पहिले नै बजेट छुट्याई पुँजीगत कार्यक्रमका लागि बजेट प्रस्ताव गर्नुपर्ने,
- प्रदेश सरकार "देखिने" र "सुनिने" केही महत्वपूर्ण कार्यक्रम बनाउने,संचालन गर्ने,कार्यक्रमको संख्यामा भन्दा प्रभावकारी कार्यक्रमको coverageमा जोड दिने।

## ६.१२ आगामी कार्यदिशा

- प्रदेश आर्थिक मामिला तथा सहकारी मन्त्रालयको दायरा यस मन्त्रालयको कार्यक्षेत्र (Scope Work) मा पर्ने क्षेत्रलाई व्यवस्थित गर्न आवश्यक कानून (ऐन, नियमावली, निर्देशिका, कार्यविधि) निर्माणको कार्यलाई तिव्रता दिने,
- मन्त्रालयको कार्यलाई छिटो छरितो रुपमा सम्पादन गर्ने गरी व्यवस्थापकीय क्षमता वृद्धि गर्ने र सूचना प्रविधिको प्रयोगवाट कार्यकुशलता अभिमृद्धि गर्ने,
- योजना तर्जुमा, बजेट निर्माण तथा कार्यान्वयनमा गत तीन आ.व.को अनुभवलाई संस्थागत गर्दै राम्रा अभ्यासलाई वढ्वा दिने र कमीकमजोरी सच्चाउँदै प्रदेश स्तरीय आर्थिक एवम् वित्तीय नीतिको कार्यान्वयनमा दक्षता हासिल गर्दै जाने,
- "थोरै गर्ने तर राम्रो गर्ने" नीति अवलम्वन गर्दै प्रदेशले कार्यान्वयन गर्ने विकास आयोजना तथा गुणस्तरमा विशेष ध्यान दिने र श्रोत साधनको कमी हुन नदिने गरी योजना तर्जुमा तथा बजेट व्यवस्थापनलाई सुधार गर्दै अघि वढ्ने,
- प्रदेश सरकारका सवै जनता वीच प्रदेश सरकार "देखिने" र "सुनिने" कुरा सुनिश्चित गर्न प्रदेशका सवै जनताले सामूहिक रुपमा प्राप्त गर्ने प्रदेशस्तरीय सेवाको पहिचान गरी त्यस्ता सेवाहरुका लागि श्रोत प्रवन्ध गर्ने एवम् कुशलतापूर्वक सेवा प्रवाह गर्ने काम कारवाही अघि वढाउने,
- प्रदेशमा आन्तरिक तथा वाह्य लगानी आकर्षित गर्न नीतिगत कानूनी एवम् संस्थागत प्रवन्ध गर्दै लुम्विनी प्रदेशलाई लगानीकर्ताको आकर्षणको केन्द्रको रुपमा अगाडि वढाउने,
- अधुरा आयोजना तथा कार्यक्रमको लागि आवश्यक श्रोत साधनको प्रवन्ध गरी त्यस्ता आयोजनाको संख्यालाई यथासम्भव न्यूनतम सीमामा कायम गर्ने,

- कानुन निर्माणः प्रदेश सरकारका आय वृद्धि, सरकारी सम्पत्ति व्यवस्थापन, राजस्व, सार्वजनिक खर्च, बैंक तथा वित्तीय संस्था स्थापना तथा नियमन गर्ने,
- योजना तथा कार्यक्रम तर्जुमा, बजेट विनियोजन, अनुगमन मुल्याङ्कन लगायतका विषयमा Objective Criteria एवम् मापदण्ड तथा पद्धति निर्माण एवम् कार्यान्वयन गर्ने,
- लगानी सम्मेलन एवम् लगानीमैत्री वातावरण सिर्जना गर्ने,
- प्रदेश तथ्याङ्क कार्यालय स्थापना एवम् प्रदेश तथ्याङ्क संकलन एवम् व्यवस्थापन गर्ने,
- अन्तरमन्त्रालय तथा स्थानीय तहहरुबीच समन्वय एवम् सम्बन्ध सुधार गर्ने,
- मन्त्रालयको व्यवस्थापकीय क्षमता वृद्धि
- मन्त्रालयको O & M एवम् संगठनात्मक सुधार गर्ने ।

## ६.१३ निष्कर्ष

प्रदेशको समग्र आर्थिक अनुशासन कायम गरी प्रदेश सरकारले गर्ने खर्च जुटाउन स्रोत व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी रहेको यस मन्त्रालयले स्थापना कालदेखि आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। हालसम्म आर्थिक वर्ष २०७४/७५ को आंशिक तथा आर्थिक वर्ष २०७५/७६ आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ समेत गरी चारवटा बजेट तर्जुमा गरी प्रदेश संसदमा पेश गरी स्वीकृत गराइएको र २०७८/०७९को बजेट प्रदेशसंसदमा पेश भएको छ। विषयगत मन्त्रालयहरुलाई बजेट कार्यान्वयनमा सहजीकरण गर्नुका साथै नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँट र प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरुमा अनुदान हस्तान्तरणसमेत गर्दै आएको छ। प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको राजस्व संकलन र सोको बाँडफाँटको व्यवस्थापन समेत गर्ने गरेको छ। विषयगत मन्त्रालयहरुका विभिन्न बजेट कार्यान्वयन इकाइहरुको स्थापना भएकोले पुँजीगत खर्च साविकको भन्दा बढ्दो क्रममा रहेको छ। यसका साथै अनुदान व्यवस्थापन र राजस्व बाँडफाँट तथा बजेट कार्यान्वयन सम्बन्धमा समय समयमा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यले प्रदेश र स्थानीय तहहरुबीचको सम्बन्ध थप प्रगाढ बन्दै गएको छ।प्रदेशको समग्र विकासको लागि स्रोत साधन व्यवस्थापनका साथै विषयगत मन्त्रालयहरुको पुँजीगत खर्चमा बढोत्तरीका माध्यमबाट **समृद्ध प्रदेश सुखी जनता**को दीर्घकालीन लक्ष्य हासिल गर्ने दिशामा यो मन्त्रालय क्रियाशील रहँदै आएको छ।

# परिच्छेद-७
# भौतिक पूर्वाधार विकास मन्त्रालय

## ७.१ परिचय

नेपालमा लामो समयदेखि कायम रहेको एकात्मक राज्य व्यवस्थालाई विस्थापित गर्दै नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको अवलम्बन सँगै तीन तहको सरकारः संघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था रहेको छ । नेपालको संविधानले तीनै तहका सरकारको अधिकार सहितको कार्यविभाजन अनुसूचीमा व्यवस्था गरेको छ भने प्रदेश सरकारको कार्यविस्तृतिकरण अनुसार यस मन्त्रालयको कार्यक्षेत्र भित्र प्रदेश भित्रका सडक, पूल, सिंचाइ, ऊर्जा जस्ता पूर्वाधार आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन तथा यातायात सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने उद्देश्यले मिति२०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०७५/०२/०६ को निर्णयानुसार यस मन्त्रालय अन्तर्गत एक यातायात पूर्वाधार निर्देशनालयका अतिरिक्त प्रादेशिक सडक, ग्रामिण सडक, जलश्रोत तथा ऊर्जा विकास, खानेपानी तथा सरसफाई, आवास, भवन तथा शहरी विकास, प्रशासन, योजना तथा अनुगमन गरी विभिन्न ६ वटा महाशाखा र विभिन्न ४७ वटा विषयगत कार्यालयहरु क्रियाशील रहेकोमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०१/०६ को निर्णयानुसार यस मन्त्रालय अन्तर्गत एक यातायात पूर्वाधार निर्देशनालयका अतिरिक्त प्रादेशिक सडक, ग्रामिण सडक, जलश्रोत तथा ऊर्जा विकास, प्रशासन, योजना तथा अनुगमन गरी विभिन्न ४ वटा महाशाखा र विभिन्न ३० वटा विषयगत कार्यालयहरु क्रियाशिल रहेको अवस्था छ ।

## ७.२ कार्यक्षेत्र

### (क) सडक तथा यातायात

- प्रदेश स्तरका लोकमार्गहरु
- साविकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट सञ्चालित प्रदेश स्तरका सम्पूर्ण कार्यहरु (संरचना समेत)
- दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरु (ग्रामीण र कृषि सडक समेत)
- झोलुङ्गे पुल
- सडक सुरक्षा सुदृढीकरण

### (ख) सिंचाई

- मझौला प्रकृतिका आयोजना (तराई-मधेशमा २०० हेक्टर देखि १०,००० हेक्टरसम्म र हिमाल पहाडमा ५० हेक्टर देखि १००० हेक्टरसम्म) आयोजनाहरुको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण ।
- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरुको निर्माण तथा समन्वय ।

- तराई-मधेशमा २००० हेक्टर देखी २०,००० हेक्टरसम्म सिंचित क्षेत्र भएका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार तथा व्यवस्थापन ।
- भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल ट्यूववेल तथा डिप ट्यूववेल सिंचाइ योजनाहरु तथा ट्यूववेल योजनाको मर्मत तथा व्यवस्थापन ।

**(ग) जल उत्पन्न प्रकोप व्यवस्थापन**

- मझौला प्रकृतिका नदीहरु(महाभारत पहाड र चुरे पहाडबाट उद्गगम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन ।
- लम्बाइ १०० देखी २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन ।

**(घ) उर्जा**

- प्रदेश स्तरीय जलविद्युत आयोजनाहरुको निर्माण तथा सञ्चालन ।
- ११ के.भी. सम्मका प्रसारण लाइन निर्माण र व्यवस्थापन ।
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण ।

## ७.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति (रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १०९८१९८ | ९४२०४८ | ८५.७८ |
| पुँजीगत | १३९२४२५० | १५५१६६८४ | १११.४४ |
| **जम्मा** | १५०२२४४८ | १६४५८७३२ | १०९.५६ |

*(नोटः भौतिक पूर्वाधार विकास र ग्रामीण तथा शहरी विकास मन्त्रालयको संयुक्त)*

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

## ७.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ७५५४२३५ | ६९९४५९६ |
| २ | नेपाल सरकार सशर्त अनुदान | २९१५०५० | २१०७६१३ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | ५२२४६२ | ४३६७१८ |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | - | - |
| | **जम्मा** | **१०९९१७४७** | **९५३८९२७** |

(भौतिक पूर्वाधार विकास मन्त्रालय)

## ७.५ नीति तथा कार्यक्रम र बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था (आ.व.०७७/७८ को वार्षिक) |
|---|---|---|---|
| १७७ | ८७ | प्रदेशका गौरवका आयोजनाहरु र रणनीतिक महत्वका पूर्वाधार विकासका आयोजनाहरु पहिचान गरी अघि बढाइने। | • प्रदेशका गौरवका २३ वटा आयोजनाहरु मध्ये २१वटा को निर्माण कार्य भइरहेको, १वटाको DPR बन्दै १ वटाको बोलपत्र मुल्याङ्कन सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी यथास्थितीमा रहेको।<br>• यस कार्यक्रम अन्तर्गत ६.४ कि.मि. नयाँ कच्ची सडक, १२.६ कि.मि. खण्डस्मित सडक र २३.४८ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न भएको ।<br>• रणनीतिक सडकहरुको निर्माण कार्य अगाडि बढेको। |
| | | (क) गुरूयोजनामा समावेश भएका सडक आयोजनाहरूको प्राथमिकताका आधारमा निर्माण, मर्मत संम्भार, स्तरोन्नति तथा सडकको अधिकार क्षेत्र कार्यान्वयन गरिने । | • सडक सञ्जालको नियमित मर्मत संभार (१०९ वटा) मध्ये १०७ वटा योजनाहरु कार्यान्वयनमा रहेका।<br>• सडक संजालको मर्मत संभार (८६ वटा) मध्ये ८६ वटा योजनाहरु कार्यान्वयनमा रहेको जसबाट ११.५५ कि.मि. खण्डस्मित सडक र ४.९५ कि.मि. कालोपत्रे सडक निर्माण कार्य सम्पन्न भएको। |
| १७८, १७९ | ८८ | सडक गुरुयोजना अन्तर्गत प्रदेशस्तरका राजमार्ग, कृर्षि, पर्यटन प्रवर्द्धन तथा आन्तरिक आयमा टेवा पुऱ्याउने खालका सडक, सीमा क्षेत्र सडक, उद्योग स्थल पहुँचमार्ग लगायतका प्रदेशस्तरीय सडक संजालको दिगो व्यवस्थापनमा जोड। | • प्रदेश स्तरीय सडक (१३५वटा) मध्ये १३४वटा कार्यान्वयनमा गएको र १ वटा वातावरणिय दृष्टिकोणले सडक निर्माण गर्न उपयुक्त नभएको। कार्यन्वयन भएका सडक आयोजनाहरुबाट २२.१२ कि.मि. नयाँ कच्ची सडक, ३२.४ कि.मि. खण्डस्मिथ सडक र १४.९७ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न भएको ।<br>• कृषि सडक (६ वटा) मध्ये ६ वटा निर्माण कार्य अगाडि बढेको जसबाट १.४५ कि.मि. सडक खण्डस्मित र २.७ कि.मि. सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको ।<br>• पर्यटन स्थल पहुँच मार्ग (१७ वटा) मध्ये १७वटा कार्यान्वयनमा गएको जसबाट ७.६ कि.मि. नयाँ कच्ची सडक, ४.४३ कि.मि. सडक खण्डस्मित र ६.७७ कि.मि. सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको । |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था (आ.व.०७७/७८ को वार्षिक) |
|---|---|---|---|
| | | | • सीमाक्षेत्र सडक कार्यक्रम (१८ वटा) मध्ये १८ वटा आयोजनाहरु कार्यान्वयनमा रहेका जसबाट २१.५४ कि.मि. सडक खण्डस्मित र ११.०८ कि.मि. सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको।<br>• उद्योग स्थल पहुँच मार्ग (२ वटा) मध्ये २ वटा आयोजनाहरु कार्यान्वयनमा रहेका जसबाट ३.२७ कि.मि. सडक विस्तार तथा चौडा बनाउने कार्य भएको। |
| | | (क) प्रदेशको गौरवको आयोजनाका रूपमा रामपुरदेखि कपुरकोटसम्भको जीवराज आर्श्रत कृष्णसेन इच्छुक मार्गलाई पाल्पा जिल्लाको होराङ्कदी-ढुङ्काखानी खण्ड, अर्घाखाँचीको सन्धिर्खक-धारापानी-चुजाठॉटी खण्ड, प्युठान जिल्लाको दाखाक्वाडी-बज्रिबाङ्ग-भिङ्ग्री खण्ड, रोल्पाको दहवन-निगालपानी खण्ड गरी चार खण्डमा निर्माण गर्ने कार्यलाई निरन्तरता । | • रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) सन्धीखर्क-धारापानी-चुजाठाँटी सडक (बाँकी खण्डको ) १८ कि.मी मध्ये १५ कि.मि.लम्बाइमा DBST भएको, बाँकी लम्बाइमा काम भइरहेको ।<br>• रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) तानसेन-रिडी-वाइपास सडक ३.२ कि.मि. सडकमा प्रथम कोट DBST कालोपत्रे भएको र DBST को दोस्रो कोट पश्चात पूर्णरुपमा कालोपत्रे हुने ।<br>• रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) दाखाक्वाडी-बज्रिबाङ्ग-भिग्री सडक (बाँकी खण्डको निर्माण कार्य समेत) ५ कि.मि. लम्बाइमा ब्याक कटिङ्ग गरी सडक चौडा बनाउने कार्य सम्पन्न, टेवा पर्खाल र ९ वटा ह्युम पाइप कल्भर्टको काम पुरा । बाँकी कार्य हुँदै ।<br>• रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) निगालपानी- दहवन सडक खण्डको बोलपत्र मुल्याङ्कनको विषयमा निर्माण व्यवसायी फर्म श्री ओएसिस ईन्जिनियर्स एण्ड बिल्डर्स, प्रा.लि., भरतपुर, चितवनबाट सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी काम अगाडि बढ्न नसकेको ।<br>• प्रदेश गौरवको सडक रामपुर कपुरकोट पाणिनी गा.पा. पहुँच मार्ग खण्ड (दुर्गाफाँट-तिनगीरे खण्ड) अन्तर्गत गत आ.व.को २ वटा ठेक्काबाट १.१३ कि.मि. कालोपत्रे सम्पन्न भएको, बाँकी काम हुँदै गरेको । |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था (आ.व.०७७/७८ को वार्षिक) |
| --- | --- | --- | --- |
| | | (ख) रणनैतिक महत्वका दाङ उपत्यकाको दामोदर मार्ग, अर्घाखाँची जिल्लाको गच्छे-ढिकुरा-धनचौर- जलुके- लामाताल-बडीदमार-शान्तिपुर -हासिपुर -रामापुर सडक, रुपन्देही जिल्लाको बेथरी-गुर्वनिया-खैयाघाट सडक, बुटवल उपमहानगरपालिकाकोपुरानो बसपार्क -योगिकुटी-कालिकापथ सडक, नवलपरासीको सनुवल -पर्सावल-अम्रोट-बन्जरियमा-घिनाहा-बकेना सडक,पटौटी-दुर्गा फाट-कुखुरे देउराली-खर्ज्याङ-सिमिचौर-तम्घास सडक, बाँकेको खजुरा बिगाँउ ईगॉउ-पिलाडी-कोहलपुर सडकलगायत १६ वटा सडकहरूको निर्माण कार्यलाई निरन्तरता दिने। | • सन्धिखर्क गच्छे ढिकुरा धनचौर जुकेना जलुके लामाताल बडिदमार चैते रामपुर सडक अन्तर्गत ९.६२ कि.मि. सडक विस्तार तथा चौडा बनाइएको र १२ वटा ह्यम पाइप कल्भर्ट सहित करिव २ कि.मि. सडक ग्राभल भएको छ ।<br>• बेथरी गुरवनीया तुनिहवा मझगावाँ सेमरा खैराघाट सडक अन्तर्गत ठेक्का सम्झौता भई काम अगाडि बढेको र हाल साइट सफा गर्ने र टेवा पर्खाल निर्माण गर्ने काम भइरहेको ।<br>• कालिकापथ (बुटवल ५ स्थित पुरानो बसपार्क देखी बुटवल ११ योगीकुटी सम्म) सडक स्तरोन्नतीमा निर्माण कार्य अन्तर्गत साइट सफा गर्ने काम भइरहेको तथा हाल १ वटा ह्युम पाइप कल्भर्ट, १ वटा स्ल्याव कल्भर्ट तथा ९५० मिटर पक्की नाली निर्माण कार्य पुरा भइ आयोजना निर्माणाधीन अवस्थामा रहेको ।<br>• सुनवल तुरीया पर्सावल अमरौट बजरीया घिनाहा बकेना सडकको निर्माण अन्तर्गत ३.६ कि.मि. लम्बाइमा सव-वेसको काम र ३.१ कि.मि. लम्बाइमा कालोपत्रे हुने तयारीमा रहेको । यस सडक अन्तर्गत ३१ वटा ह्युम पाइप कल्भर्ट र १४०४ मिटर पक्की नालीको काम पुरा भइ बाँकी निर्माण कार्य भइरहेको।<br>• पटौटी दुर्गाफाँट कुखुरे देउराली खर्ज्याङ रानीवास सिमिचौर तम्घास सडक आयोजना अन्तर्गत अर्घाखाँची खण्डमा टेवा पर्खाल निर्माण कार्य भइरहेको र गुल्मी खण्डमा टेवा पर्खाल निर्माण सहित ४ कि.मि. सडक खण्डस्मित भएको छ ।<br>• खजुरा बि गाउँ ई गाउँ पिलाडी चनौवा हुँदै मेट्वा चोक कोहलपुर आयोजना अन्तर्गत करिव १.८ कि.मि. सडक खण्डस्मित भइ करिव २ कि.मि. पक्की नाली निर्माण कार्य सम्पन्न भएको छ ।<br>• पोखरपाली रामग्राम नपा बन्जरिया धरमपुर बैरागनाथ ज्यामीरे (मराम) सडकमा वेसको काम सम्पन्न भइ ८८० मिटर लम्बाइमा सडक कालोपत्रे भएको र २ वटा ह्युम पाइप कल्भर्ट निर्माणको |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था (आ.व.०७७/७८ को वार्षिक) |
|---|---|---|---|
| | | | काम सम्पन्न भएको ।<br>• दुधरास भित्री सक्राम सडक अन्तर्गत १ कि.मि. सडक कालोपत्रे तथा ९८२ मिटर पक्की नालीको काम सम्पन्न भएको छ ।<br>• सिमलतारा मुलाबारी लापे हुँदै बडडाँडा प्युठान सडकमा टेवा पर्खाल निर्माणको काम भइरहेको साथै १३ वटा ह्युम पाइप कल्भर्ट निर्माण सम्पन्न भइ आयोजना निर्माणाधीन अवस्थामा रहेको ।<br>• झेलनेटा देखी फलिँदे हुँदै कोल देखी घेनेखोला सडक अन्तर्गत ३.७ कि.मि. नयाँ कच्ची सडक खन्ने काम पुरा भइ आवश्यकता अनुसार टेवा पर्खाल निर्माण कार्य भएको ।<br>• मज्गइ अवलडाँडा सडक अन्तर्गत २.७ कि.मि. नयाँ कच्ची सडक, १.२ कि.मि. खण्डस्मित सडक र २.१ कि.मि. सडक कालोपत्रेको कार्य सम्पन्न भएको छ ।<br>• दाङको हापुरे गँगटे हुँदै कोहलपुर जोड्ने सडक (श्रीमणी मार्ग)मा ठेक्का सम्झौता भइ निर्माण कार्य अगाडि बढेको।<br>• धागो कारखाना चरङ्गे झुम्सा सडक(पाल्पा खण्ड) अन्तर्गत वहुवर्षीय ठेक्का सम्झोता मार्फत १.३ कि.मि. सडक चौडा बनाउने कार्य, टेवा पर्खाल निर्माण, ३ वटा ह्युम पाइप कल्भर्ट तथा २५० मिटर पक्की नाली निर्माणको कार्य पुरा भइ निर्माणाधीन अवस्थामा रहेको छ ।<br>• धागो कारखाना चरङ्गे झुम्सा सडक(रुपन्देही खण्ड)मा ७ कि.मि. सडक चौडा बनाइ १.५ कि.मि. सडक कालोपत्रे र १.२ कि.मि. लम्बाइमा कालोपत्रे गर्ने अन्तिम अवस्थामा रहेको साथै ६ वटा ह्युम पाइप कल्भर्ट र ५ वटा स्ल्याव कल्भर्ट निर्माणको कार्य सम्पन्न भएको ।<br>• बुटवल तानसेन तम्घास सन्धिखर्क खलङ्गा विजुवा चकचके भिङ्ग्री शुलीचौर पोबाङ थवाङ रुकुमकोट प्रदेश पहाडी मार्गमा सम्झौता भई काम अगाडि बढेको।<br>• घोराही मसिना मर्देस पाखापानी उर्जा मन्दिर |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था (आ.व.०७७/७८ को वार्षिक) |
|---|---|---|---|
| | | | स्वर्गद्वारी सडक अन्तर्गत ११.७ कि.मि. सडक विस्तार भइ केही स्थानमा ग्याबियन टेवा पर्खालको काम भएको र योजना निर्माणाधीन अवस्थामा रहेको छ । |
| १८० | ८९ | स्थानीय तह पहुँच मार्ग कार्यक्रमलाई चालु आर्थिक बर्ष देखि बहुवर्षिय आयोजनाको रुपमा सञ्चालन गर्ने। यस कायमक्रम अन्तर्गत संचालित सडक मध्ये कम्तिमा एक तिहाइलाई कालोपत्रे र बाँकीलाई खण्डाश्मित (ग्राभेल) हुने गरी निर्माण कायमलाई निरन्तरता दिईने।<br>(क) प्रदेशभित्रका ११ जिल्लाका ३० वटा स्थानीय तहहरूलाई नजिकको राजमार्ग र सहायक राजमार्गमा आवद्ध गर्न स्थानीय तह पहुचँ मार्गको विकास गरी आगामी तीन वर्षभित्र खण्डास्मित र कालोपत्रे गर्ने । | स्थानीय तह पहुँच मार्ग (३० वटा) मध्ये १० वटा बहुवर्षिय आयोजनाको रुपमा स्वीकृत भएको र हाल ३० वटा नै कार्यान्वयनमा रहेको जसबाट २२.३६ कि.मि. सडक विस्तार, १६.३३ कि.मि. सडक खण्डस्मित, १२.३८ कि.मि. सडक कालोपत्रे भएको अवस्था छ ।<br>(क) स्थानीय तह पहुँच मार्ग (३० वटा) सबै योजना कार्यान्वयनमा रहेका । |
| १८३ | ९० | बुटवल धागो कारखाना चरङ्गे-झुम्सा सडकमा आगामी आर्थिक बर्षमा यातायात सञ्चालन गर्ने गरी खण्डाश्मित गरिने।<br>(क) बुटवल धागो कारखाना चरङ्गे-झुम्सा सडक निर्माण कार्य बिगतआर्थिक बर्ष देखि सुरु भएको र उक्त सडकमा पर्ने पुल कज्वे, कल्भर्ट तथाखण्डाश्मित गरिने। | • धागो कारखाना चरङ्गे झुम्सा सडक (पाल्पा खण्ड) मा गत आ.व को ठेक्का सम्पन्न भएको र बाँकी रकमको बहुवर्षिय आयोजनाको टेण्डर आव्हान भएको ।<br>• धागो कारखाना चरङ्गे झुम्सा सडक (रुपन्देही खण्ड) मा निर्माण कार्य भइरहेको। |
| १८६ | ९१ | प्राथमिकता प्राप्त सडक संजालको दीगो व्यवस्थापनको लागि कार्यसम्पादनमा आधारित करार सम्झौता गरी नियमित मर्मत संभार कार्यको निरन्तरता ।<br>१. प्रदेशकोप्राथमिकता प्राप्त १०६ सडक सञ्जालको दिगो व्यावस्थापनको लागि कार्य | • सडक सञ्जालको नियमित मर्मत संभार (१०६ वटा) मध्ये १०६ वटा आयोजनाबाट १२ वटै जिल्लामा नियमित मर्मत सम्भारको कार्य भइरहेको।<br>• करार सम्झौता गरी मर्मत सम्भारको काम अगाडि बढेको। |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था (आ.व.०७७/७८ को वार्षिक) |
|---|---|---|---|
| | | सम्पादनमा आधारित करार सम्झौता गरी नियमितमर्मत संभार। | |
| १८७ | ९२ | सडक सुरक्षाका लागि सडक पूर्वाधारहरुको निर्माण, मर्मत सम्भार एवम् स्तरोन्नती गर्दा सडकको ग्रेड सुधार, मोड सुधार, प्यारापेट तथा डेलिनेटर पोष्टको निर्माण, रिफ्ल्याक्टर मिरर जडान र सडक बत्तिको व्यवस्था गरिने र जोखिम बारे अग्रिम सूचना दिने बोर्डको स्थापना, गति नियन्त्रणसम्बन्धी सूचना जस्ता सुधारका कार्यका साथै सडक सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।<br>(क) सडकसुरक्षा कार्यक्रमलाई निरन्तरता दिने । | सडक सुरक्षा कार्यक्रम (१५ वटा) मध्ये १४ वटा कार्यान्वयनमा रहेको १वटा बजेट न्युन भयकोले कार्यान्वयन हुननसकेको । |
| १९० | ९५ | हाल निर्माणाधिन ५५ वटा सडक पुल मध्ये आगामी आर्थिक बर्षमा १५ वटा पुल निर्माण सम्पन्न गरिनेछ र बाँकी ४० वटा पुल आगामी वर्ष सम्पन्न गर्ने।<br>(क) प्रदेशका १२ वटै जिल्लाहरुका मूख्य सडकहरुमा ५४ क्रमागत र ३३ नयाँ गरी ८५ वटा सडक पुल निर्माण गर्न र थप २३९ वटा सडकपुलहरुको सम्भाव्यता अध्ययन गरी सम्भाव्य देखिएका मध्ये प्राथमिकता प्राप्त सडक पुलको विस्तृत अध्ययन एवम् कार्यान्वयन गर्ने। | सडक पुल निर्माण (क्रमागत र नयाँ गरी ८५वटा) मध्ये १३वटा सडक पुल सम्पन्न, ७२ वटा को निर्माण कार्य भइरहेको । मन्त्रालयको निर्णयबाट थप २९ वटा नयाँ सडक पुल आयोजनाहरुको काम अगाडि बढेको । |
| | ९६ | झोलुङ्गे पुलहरुको लगत संकलन गरी प्राविधिक सम्भाव्यता र प्राथमिकताको आधारमा मुख्य मार्गमा पर्ने झोलुङ्गे पुलहरुको निर्माण एवम् मर्मत सम्भार गर्ने। | झोलुङ्गे पुल निर्माण (क्रमागत) (११ वटा) मध्ये ८ वटा सम्पन्न भएको ।<br>झोलुङ्गे पुल निर्माण (नयाँ) (११ वटा) मध्ये १० वटा कार्यान्वयनमा गएको र १ वटाको डि.पि.आर तयार हुदै । |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था (आ.व.०७७/७८ को वार्षिक) |
|---|---|---|---|
| | | | झोलुङ्गे पुलको वृहत मर्मत (१५ वटा) मध्ये ११वटा कार्यान्वयनमा रहेको, ४वटाको काम शुरु नभएको। |
| १९२ | ९७ | प्रदेशस्तरमा एक सुविधा सम्पन्न निर्माण सामग्री प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइने र साविकमा स्थापना भई प्रदेश सरकार अन्तर्गतका सडक पूर्वाधार विकास कार्यालयहरुमा हस्तान्तरण भएका निर्माण सामग्री परीक्षण प्रयोगशालाहरुको सवलीकरण गर्ने ।<br>(क) कपिलबस्तुको शिवपुरमा निर्माण सामाग्री परीक्षण प्रयोगशाला आगामि आर्थिक वर्षमा सम्पन्न गर्ने। | प्रयोगशाला भवन निर्माणको लागि ठेक्का सम्झौता भइ निर्माण व्यवसायीले अग्रिम पेश्की भुक्तानी लगेको । |
| | १०३ | कृषिको लागि सिंचाई आयोजना, जलाशय निर्माण तथा पोखरी संरक्षण गर्ने कार्यलाई आगामी आर्थिक बर्षमा समेत निरन्तरता दिइनेछ। प्रदेश भित्रका सिंचाई सुविधा नभएका ठुला फाँटमा उपयुक्त प्रविधिको सिंचाई तथा जल निकास सुविधाका लागि सम्भाव्यता अध्ययन गरिनेछ। विगतमा सम्पन्न भई सञ्चालन हुदै आएका प्रदेशस्तरका सबै खाले सिंचाइ आयोजनाहरुको मर्मत सम्भार तथा सञ्चालन । | • सतह सिचाइका८६ वटा आयोजनाहरु सम्पन्न भएका।<br>• ८ वटा जलासय योजनाहरु कार्यान्वयनमा रहेका, चालु आ.व.मा सम्पन्न हुने ।<br>• पाल्पाको माडि फाँटमा ५०% सहभागीतामा टयुववेल कार्य सञ्चालन हुन लागेको ।<br>• मर्मत संभारका २३९ वटा आयोजनाहरु सम्पन्न भएका । |
| | १०४ | संयुक्त व्यवस्थापनमा सञ्चालन भइरहेका सिंचाइ आयोजनाहरुको नियमित मर्मत संभार र उपयोग गर्ने पद्धतिमा सुधार गरी दिगो व्यवस्थापन गर्न जल उपभोक्ता समितिलाई सक्षम र जिम्मेवार बनाइनेछ। साथै कृषकबाट संचालित आयोजनाहरुको मागको आधारमा प्राथमिकता निर्धारण गरी मर्मत संभार कार्यलाई निरन्तरता। | • जल उपभोक्ता समिति सँगको समन्वयमा संयुक्त व्यवस्थापन अन्तरगतका आयोजनाहरुको कार्य भएको । |
| | १०५ | जलउत्पन्न प्रकोप न्यूनिकरण गर्न | • मुख्य मुख्य खोला/नदिहरुको गुरुयोजना तयार |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था (आ.व.०७७/७८ को वार्षिक) |
|---|---|---|---|
| | | जोखिमका आधारमा गुरुयोजना तयार। प्रकोपबाट सिर्जित क्षतिलाई न्यूनिकरण गर्न उपयुक्त प्रविधिको प्रयोग बजार, मानवबस्ती र सदरमुकाम संरक्षणका लागि उच्च प्राथमिकता । जल उत्पन्न प्रकोपको आपतकालिन कार्य संचालनको लागि आवश्यक पर्ने स्रोत साधनको समुचित व्यवस्था गर्ने । | भई सोही अनुसार कार्य भएको ।<br>• प्रकोप न्यूनिकरणका लागी बजार, मानबस्ती र सदरमुकाम संरक्षण कार्य ७६ वटा सम्पन्न भएको । |
| | १०८ | जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नुका साथै भूमिगत जलको पुनर्भरण (रिचार्ज) गर्न जलाशययुक्त आयोजनाको पूर्व सम्भाव्यता अध्ययन। | • जलाशययुक्त आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययन गरिएको । |

(भौतिक पूर्वाधार विकास मन्त्रालय)

## ७.६ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % |
| जलस्रोत तथा सिंचाइतर्फः | | | | | | | |
| १. | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघन सिंचाइ कार्यक्रम | १६३ | १०५०६१६ | १५३ | ९६.४७ | ९७१५२०.६७ | ९२.४७ |
| २. | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | २६१ | ३८६५८० | २५७ | ९८.४५ | ३७३०७३.८३ | ९६.५१ |
| ३. | जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापन कार्यक्रम | ८८ | ३४४८२९ | ८८ | ९९.५१ | ३२७४७६.१७ | ९४.९७ |
| ४. | भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइ कार्यक्रम | १२३ | २११०६७ | ११३ | ९१.९६ | १८२९५६.२८ | ८६.६८ |
| ५. | जलाशय निर्माण तथा पोखरी संरक्षण कार्य | ८ | ३८५०० | ८ | १०० | ३८४८८ | ९९.९७ |
| ६. | संघ सशर्त अनुदान | १७६ | ९७९८०० | १५३ | ८६.५६ | ७८९३९५.४१ | ८०.५७ |
| | जलश्रोत तथा सिंचाई तर्फको जम्मा | ८१९ | ३०११३९२ | ७७२ | ९१.९२ | २६८२९१० | ८९.०९ |

| क.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | <u>ऊर्जातर्फ</u> | | | | | | |
| ७. | उर्जा विकास कार्यक्रम | १३ | ९८६०० | ११ | ८४.६२ | ८५५६६.४२ | ८६.७८ |
| ८. | संघ शसर्त अनुदान | ११ | ७५०० | ९ | ७२.७२ | ४०३३.४३ | ५३.७७ |
| | ऊर्जा तर्फको जम्मा | २६ | १०६१०० | २० | ८५ | ८९५९९.५६ | ८४.४५ |
| | | | | | | | |
| समानीकरण तर्फ (सडक) | | | | | | | |
| ९. | प्रदेशस्तरका प्रमुख राजमार्ग एवम् प्रदेश गौरवका योजनाहरु (२३ वटा) | २३ | ६७४६२४ | | | ६४७८१८ | ९६.०३% |
| १०. | प्रदेशक्षेत्र स्तरीय सडक (११४ वटा) | ११४ | ३४०५४४ | | | ३१५८२० | ९२.७४% |
| ११. | प्रदेशस्तरीय सडक (१३६ वटा) | १३६ | ५०७८१८ | | | ४५१६९६ | ८८.९५% |
| १२. | स्थानीयतह पहुँच मार्ग (३० वटा) | ३० | ५७१६३५ | | | ५३५४४९ | ९३.६७% |
| १३. | पर्यटनस्थल पहुँच मार्ग (१७ वटा) | १७ | २२०२३३ | | | २१२११४ | ९७% |
| १४. | सिमाक्षेत्रसडक कार्यक्रम (१८ वटा) | १८ | २५८०१२ | | | २४९३१८ | ९५% |
| १५. | कृषिसडक (६ वटा) | ६ | ८३०७० | | | ८०४९२ | ९५% |
| १६. | उद्योगस्थल पहुँच मार्ग (२ वटा) | २ | १०२०० | | | १००४१ | ९५% |
| १७. | अन्यपहुँच मार्ग (जलाशय, उर्जा, निर्माण सामाग्री श्रोत स्थल, अन्य सरकारी निकायआदी) (७ वटा) | ७ | ४४१७५ | | | ४३६८२ | ९५% |
| १८. | समपुरक आयोजनाहरु (६ वटा) | ६ | ५२२४६२ | | | ४३६७१८ | ७५% |
| १९. | अधुरा आयोजनाहरु (१५ वटा) | २३ | ४१४०१२ | | | ३७६५२८ | १००% |
| २०. | सडक पुल निर्माण क्रमागत, नयाँ (५४+३३) ७८ वटा | ८७ | ११११९४३२ | | | १०८३६२३ | ९५% |
| २१. | झोलुङ्गेपुल निर्माण (क्रमागत) | ११ | ९२६१६ | | | ७१७९७ | ७५% |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | (११ वटा) | | | | | | |
| २२. | झोलुङ्गेपुल निर्माण (नयाँ) (११ वटा) | ११ | १९३०० | | | १२१०२ | ६२.७१% |
| २३. | सडक सञ्जालको नियमित मर्मत संभार (१०६ वटा) | १०६ | १६४३७९ | | | १४६४२४ | ८९.०७% |
| २४. | सडक संजालको मर्मत संभार (८६ वटा) | ८६ | २२०१०१ | | | १९७९६१ | ८९.९४% |
| २५. | झोलुङ्गे पुलको वृहत मर्मत (१५ वटा) | १५ | १४७९५ | | | ७९८१ | ६०% |
| २६. | आकस्मिक मर्मत : बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपले अवरुद्ध हुने मुख्य सडकको आकस्मिक मर्मत गरी यातायात आवागमन सहज बनाउन प्रयोग गरीने (११ वटा) | १० | ५५९५ | | | ४११६ | ७५% |
| २७. | सडकसुरक्षा कार्यक्रम (१५ वटा) | १५ | २८६७३ | | | २३०१९ | ८२% |
| | जम्मा | ७६२ | ५८३३५९७ | | | ५४१८८९८ | ९२.८९% |
| सशर्ततर्फ (सडक) | | | | | | | |
| २८. | सडक निर्माण तथा स्तरोन्नति | १ | ७०००० | | | ० | |
| २९. | झो. पु. प्राविधिक सहयोग | १ | ५००० | | | ० | |
| ३०. | उत्तर दक्षिण सडक | १ | ३०००० | | | ० | |
| ३१. | बृहत लुम्बिनी चक्रपथ | १ | १२४८०० | | | ११७३०८ | ९४.००% |
| ३२. | सम्भावित रणनैतिक सडक | १८ | ५४०९०० | | | ४४०७०३ | ८१.४८% |
| ३३. | सम्भावित प्रादेशिक सडक | १४१ | ६८११७८ | | | ४९०१७४ | ७१.९६% |
| ३४. | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २ | ३१६०० | | | १५५७० | ४९.२७% |
| ३५. | स्थानीय सडक पुल निर्माण | ३५ | ३३७३२२ | | | २४९९४६ | ७४.१०% |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | जम्मा | | १८२०८०० | | | १३१३७०४ | ७२.१५ |

(स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय)

## ७.७ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

### (क) महत्वपूर्ण कार्यको विवरण

- आयोजना कार्यान्वयनको शुरुवाती समयमै स्थानीय जनप्रतिनिधि लाभग्राही र सम्बन्धित सरोकारवालसँग निर्माण स्थल मै छलफल र परामर्श गर्ने नीति अवलम्बन गरिएको ।यसले गर्दा निर्माण कार्यमा सहजता भइरहेको ।
- निर्माणको काम उपभोक्ता समिति मार्फत गरिने कार्यलाई न्यून गर्ने नीतिलाई अवलम्वन गरिएको।
- नवीकरणीय ऊर्जा सम्बन्धी कार्यहरु स्थानीय तहको साझेदारीमा गर्ने गरी प्रयास भइरहेको ।
- स्थानीय तहलाई ऊर्जा सम्बन्धी प्राविधिक सहयोग एवम् मार्ग दर्शन उपलब्ध गराउने, लागत अनुमान तथा स्पेशिफिकेसन तयारी, तथ्यांङ्क संकलनआदि कार्यहरु भइरहेको ।
- सडक पुल तथा नियमित मर्मत संभार तर्फ थप प्राविधिक जनशक्तिको व्यवस्था गरी गुणस्तरीय निर्माण कार्यसम्पादन र दिगोपना अभिवृद्धि गरिएको ।
- जलाशययुक्त सिंचाइ आयोजनाको सफल नमूना आयोजना सञ्चालन गरिएको ।
- सडक आयोजनाहरुको नियमित मर्मत संभारमा ७५० जनाको वार्षिक रोजगारी सिर्जना गरी नियमित यातायात सञ्चालनमा सहजता भएको ।
- सामुदायिक ग्रामीण विद्युतिकरण संस्थाहरुमा जीर्ण अवस्थामा रहेका काठका पोलहरु विस्थापन गरी स्टिल ट्युवुलर पोल र PSC पोल उपलब्ध गराई सुरक्षित विद्युतिकरणमा टेवा पुऱ्याइएको ।
- स्वच्छ ऊर्जाको प्रवर्द्धन गर्नका लागि गुल्मी र नवलपरासी जिल्लामा ३१० घरधुरीमा सुधारिएको चुलो निर्माण गरिएको ।

### (ख) खण्ड (क) मा उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान (तथ्य/तथ्याङ्क सहित)

**वार्षिक खुद परिमाणात्मक उपलब्धी (आ.व.०७७/०७८)**

**सिंचाइ तर्फः-**

- सिंचाइ बाँध/मुहान निर्माण : ११० वटा
- पक्की नहर/कूलो : १६४ कि.मी.
- लिफ्ट सिंचाइ : २३ वटा
- डिप टयूवेल (बोरिङ्ग) : ३७ वटा

- स्यालो ट्यूबवेल (बोरिङ्ग) : ७६ वटा
- पम्प हाउस : ११६ वटा
- पाइप लाइनिङ्ग : ११५ वटा
- विद्युतिकरण : ५२ वटा
- थप सिंचाइ सुविधा पुगेको क्षेत्र : ३७७५ हेक्टर
- सिंचाइ संरचना सुदृढीकरण गरेको क्षेत्र : ८६०० हेक्टर
- नदी नियन्त्रण (तटबन्ध निर्माण) : २० कि.मी.
- नदी नियन्त्रणबाट उकास भएको जमिन : १०८ हेक्टर
- तटबन्धबाट सुरक्षित भएका घर : २६८९ वटा
- तटबन्धबाट सुरक्षित भएको क्षेत्र : ६२८ हेक्टर

सडक तर्फः-

- नयाँ ट्र्याक निर्माण : ९९.११ कि.मी.
- सडक विस्तार (थप चौडा गर्ने काम) : ३१६.१५ कि.मी.
- सडक ग्राभल गर्ने काम : २७०.२६ कि.मी.
- कालोपत्रे गर्ने तयारीमा रहेको सडक : ५५.२४ कि.मी.
- कालोपत्रे सम्पन्न सडक : १९३.७९ कि.मी.
- कल्भर्ट/कजवे निर्माण : HPC-८६८,SC-७६,BC-१३,CW-२१
- पक्की नाली निर्माण : १४८.६०
- ढलान गरी पक्की सडक निर्माण : ७.८७ कि.मी.
- ग्याबियन टेवा पर्खाल निर्माण : १,५९,००२.६९ घ.मी.
- स्टोन मेशनरी टेवा पर्खाल निर्माण : ७६,६२४.७१ घ.मी.
- पक्की सडक पुल : १७ वटा
- झोलुङ्गे पुल : ९ वटा

## ७.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- सशर्त तर्फका आयोजनामा न्युन बजेट विनियोजना तथा केही आयोजनाहरु छुट हुन गएकोले कार्यान्वयनमा ढिलाई हुन गएको,
- विद्युत पोलहरु सडकको बीचमा हुनु , समयमा पोल हटाउन नसक्दा आयोजना कार्यान्वयनमा कठिनाई, ढिलाइ,
- आयोजना कार्यान्वयन स्थलमा पर्ने रुख कटानमा समस्या झेल्नुपरेको,

- सशर्त अनुदानतर्फका आयोजना संशोधनमा समस्या,
- सशर्त तर्फको नदी नियन्त्रण कार्यक्रम, समपूरक तर्फका केही सडक आयोजनाहरु कार्यक्रममा समावेश हुन छुट भएको,
- समानीकरण तर्फका सिंचाइ आयोजनाहरुमा विनियोजित बजेट ज्यादै न्यून भएका कारण कार्यक्रम शुरु गर्न नसकिएको,
- कार्यप्रगति अनुसार एक आयोजनाको रकम अर्को आयोजनामा भुक्तानी गर्न कठिनाई भएको,
- कोभिडको कारण थप भएको म्याद भित्र वर्षात र मौसमको प्रतिकूलताका कारण आयोजना सम्पन्न हुन नसकेको (सडक पीच, पूल निर्माण, नदी नियन्त्रण),
- स्वीकृत दरबन्दी अनुसार जनशक्ति पूर्ति हुन नसकेको र समयमा प्रदेश निजामती सेवा ऐन नबन्दा भएको जनशक्ति समेत घट्दै जाने अवस्था सिर्जना भएको,
- वन क्षेत्रमा पर्ने आयोजनाहरुको कार्यान्वयनमा समस्या (जग्गा प्राप्ती, रुख कटान) ।

## ७.९ समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- दायित्व व्यवस्थापनका लागि थप रकमको व्यवस्था, सुनिश्चतता हुनुपर्ने।
- प्रदेश सडकहरुमा गाडीने विद्युत पोलहरुका सन्दर्भमा प्रदेश सरकारको सहमति लिनुपर्ने कानुनी व्यवस्था
- प्रदेश सरकारको कार्यक्षेत्र भित्र पर्ने रुखहरु कटानको प्रारम्भिक स्वीकृती लगायत रुख कटान आदेश प्रदेश सरकारबाट जारी हुने नीतिगत व्यवस्था हुनुपर्ने ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समन्वय हुनुपर्ने वा प्रदेशबाटै संशोधन हुनुपर्ने आवश्यक नीतिगत व्यवस्था मिलाउनुपर्ने ।

## ७.१० निष्कर्ष

मन्त्रालयको कार्यविस्तृतीकरण अनुसार देखिएका जिम्मेवारी पूरा गरी नागरिकलाई विकासको प्रतिफल प्रदान गर्नेतर्फ मन्त्रालयका गतिविधिहरु केन्द्रित रहेका छन् । प्रदेश सरकारले नीति तथा कार्यक्रममा समावेश गरेका विषयवस्तुमा केन्द्रित रही बजेट निर्माण गरी आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन भएको अवस्था छ। कार्यालय स्थापना,प्राविधिक जनशक्ति व्यवस्थापन र प्रदेश कानूनको निर्माणसमेत समस्याका रुपमा रहे तापनि उक्त कार्यहरुको कुशलतापूर्वक व्यवस्थापन भइरहेको छ। आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता ल्याउन मन्त्रालयबाट स्वीकृत वार्षिक अनुगमन तथा मूल्याङ्कन कार्ययोजना, २०७७ अनुसार नियमित अनुगमन तथा मूल्याङ्कन गरी पूर्वाधार विकासमा गुणस्तरीयता तथा नियमितता कायम गर्ने तर्फ मन्त्रालय अग्रसर रहेको छ । पुँजीगत खर्च गर्ने क्षमताको विकास

सार्वजनिक खरिद ऐन पूर्णरुपमा परिपालन, निर्माण व्यवसायीको आचारसंहितामा कडाई, परामर्श सेवा भित्रका दुर्बल पक्षको निराकरण, पारदर्शिता नागरिकको सूचनाको हकलाई सम्मान गर्ने वातावरण सिर्जना गरी सुशासन कायम गरी प्रदेश सरकारले अगाडि सारेको "**समृद्ध प्रदेशःखुसी जनता**" को नारालाई सार्थक बनाउन मन्त्रालय प्रतिबद्ध रहेको छ ।

# परिच्छेद-८
# शिक्षा तथा सामाजिक विकास मन्त्रालय

## ८.१ पृष्ठभूमि

संघीयता कार्यान्वयनसँगै २०७४ सालमा स्थापना भएको प्रदेश सरकारको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, समाजकल्याण, महिला बालबालिका तथा जेष्ठ नागरीक, श्रम तथा रोजगार, भाषा, कला, संस्कृति, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुमा काम गर्नको लागि सामाजिक विकास मन्त्रालयको गठन भएको हो। २०७८ साल बैशाख ६ गते संशोधित कार्य विभाजन अनुसार यस मन्त्रालयलाई शिक्षा तथा सामाजिक विकास मन्त्रालय र स्वास्थ् तथा जनसंख्या मन्त्रालय गरी २ मन्त्रालयमा विभाजन भएको छ। यो प्रतिवेदन शिक्षा तथा सामाजिक विकास मन्त्रालयको आधारमा तयार पारिएको छ। बजेट लगायतका कुराहरु स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जोडेर राखिएको छ।

## ८.२ दीर्घकालीन सोच

स्वस्थ, शिक्षित, सुसंस्कृत, सुरक्षित, अनुशासित, कर्मशील युवा समृद्ध खुसी प्रदेश ।

## ८.३ उद्देश्य

- समावेशी, समतामूलक, प्रविधियुक्त जीवन पर्यन्त गुणस्तरीय शिक्षा र उच्च शिक्षा प्रदान गर्नु ।
- महिला बालबालिका तथा जेष्ठ नागरीकहरुलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।
- सक्षम, सीपयुक्त, अनुशासित र कर्मशील युवा शक्तिको विकास गर्नु ।
- प्रदेशका सांस्कृतिक सम्पदा तथा भाषिक सम्पत्तीको संरक्षण गर्नु ।
- श्रमिकहरुको हकहितको संरक्षण गर्दै श्रमशक्ति र श्रमबजारको प्रबर्द्धन र रोजगारी वृद्धि गर्नु ।
- विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउनु।

## ८.४ रणनीतिहरु

- स्टेम शिक्षाको अवधारणा र प्रबिधिलाई शिक्षाको गुणस्तर विकासमा उपयोग गर्ने ।
- गुणस्तरीय प्राबिधिक तथा उच्च शिक्षाको लागि प्रदेश विश्वविद्यालयको स्थापना र संचालन गर्ने ।
- विद्यालयहरुमा पूर्वाधारको विकास गरी तालिम प्राप्त सक्षम शिक्षकबाट प्रभावकारी सिकाइ सुनिश्चित गर्ने।
- धार्मिक तथा विशेष शिक्षालाई मूलप्रवाहीकरण गर्ने र मदरसामा अध्ययनरत छात्राहरुको लागि छात्रावासको विस्तार गर्दै जाने।
- खेलकुद संरचनाहरुको निर्माण गर्ने र खेलकूदलाई बृत्ति विकाससँग समेत जोड्ने ।

- सहयोगापेक्षी सडक मानव नहुने अवस्था ल्याउन अल्पकालीन तथा दीर्घकालीन आश्रयस्थलको निर्माण तथा सञ्चालन गरी पारिवारिक पुनर्मिलन गराउने ।
- स्वरोजगारका अवसरहरु प्रदान गर्दै साना कामहरुको लागि बिदेशिनु पर्ने अवस्थाको अन्त्य गर्ने
- प्रदेशका भाषिक सांस्कृतिक र धार्मिक सम्पदाहरुको अभिलेखीकरण तथा प्रचारप्रसार गरी तिनको संरक्षण तथा सम्बर्द्धन गर्ने ।
- महिलाहरुको जीवनस्तर उठाउन र निर्णय प्रकृयामा सहभागी गराउन सीप विकास तथा आय आर्जनमा जोड दिने र बिभिन्न किसिमका विभेदहरुबाट मुक्त गर्ने ।
- बालअधिकारको प्रत्याभूत गराउने ।

## ८.५ कार्यक्षेत्र

शिक्षा, स्वास्थ्य, महिला, बालबालिका तथा जेष्ठ नागरीक, सामाजिक सुरक्षा तथा समाज कल्याण, युवा खेलकूद, भाषा संस्कृति र पुरातत्व, श्रम तथा रोजगार तथा सरसफाई लगायतका क्षेत्रहरु समेट्ने यस मन्त्रालयका निम्न लिखित कार्यक्षेत्रहरु रहेका थिए। मिति २०७८।१।६ को संशोधनवाट यस मन्त्रालय र नयाँ गठन भएको यस मन्त्रालयको कार्य विभाजन यस प्रकार रहेको छः

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन ।
- .प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानून तथामापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्यसामाग्री निर्माण, उत्पादन र वितरण ।
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन ।
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनकोमापदण्ड निर्धारण र नियमन ।
- माध्यामिक तहको परिक्षा व्यवस्थापन ।
- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन ।
- महिलाहक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- लैङ्गिकहिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा रकार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन।
- महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान ।

- लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण ।
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध रसेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना ।
- प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन ।
- समाजकल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन ।
- युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन।
- खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन ।
- खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन ।
- राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता ।
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य ।
- श्रमिकएवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति,कानून,मापदण्ड र नियमन
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना
- औद्योगिकविवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण
- कार्यस्थलसुरक्षा, कारखाना निरीक्षण तथा नियमन
- प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार,सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग
- वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास
- विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन
- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी
- भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- ऐतिहासिक, धार्मिक एवम् साँस्कृतिक कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन,अनुसन्धान तथा व्यवस्थापन
- प्रदेशस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन

- प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण
- धर्म,परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन
- संस्कृतिको विकास सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा संग्रहालय सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

## ८.६ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति (रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ४२७३१०६ | ३४०५१०२ | ७९.६९ |
| पुंजीगत | १३३२५५५ | १०४३२२५ | ७८.२९ |
| जम्मा | ५६०५६६१ | ४४४८३२७ | ७९.३५ |

*(नोटः शिक्षा तथा सामाजिक र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयुक्त)*

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

## ८.७ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ४६८५५९ | ३३०४०३ |
| २ | नेपाल सरकार सशर्त अनुदान | २३१६७९९ | १६८७८१३ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | १०५२०० | ६५९२२ |
| ४ | नेपाल सरकार विशेष अनुदान | २१०००० | ३०८०४ |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | ३१३७४४५ | २३३१०३५ |

(स्रोतःशिक्षा तथा सामाजिक विकास मन्त्रालय)

## ८.८ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको वर्तमान अवस्था |
|---|---|---|
| १२५ | स्टेम कार्यक्रम | ६ जना स्टेम संयोजकहरुको नियुक्ति गरी कार्यक्रम संचालन भएको। १२ वटा विद्यालयहरुलाई कन्सोर्टियम विद्यालयको रुपमा विकास गरिएको। ३६ वटा विद्यालयहरुमा स्टेम ल्यावको स्थापना र संचालन गरिएको। स्टेम शिक्षा अभिमुखीकरण गरिएको |

| नीति तथा कार्यक्रमको बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको वर्तमान अवस्था |
|---|---|---|
| १२६ | नमुना विद्यालय | नमुना विद्यालय निर्माणको लागि १२ वटामा ७५ लाखका दरले र १० वटा स्कुलहरुमा २५ लाखका दरले पुर्वाधार विकास तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएको। |
| १२७ | मुस्लिम छात्राछात्रावास | ६ वटा लक्ष्य भए पनि ३ वटा मात्र निर्माण गर्न सकिएको। |
| १२८ | विश्वविद्यालय स्थापना र सामुदायिक क्याम्पस सुदृढीकरण | विश्वविद्यालय ऐन तयार भएको र ५९ सामुदायिक क्याम्पसहरुमा पुर्वाधार विकास तथा सक्षमता विकासका कामहरु भएका। |
| १२९ | विशेष विद्यालय निर्माण | लागत अनुमान बढी भएको कारणबाट निर्माण हुन नसकेको। |
| १३० | प्रादेशिक विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालन | प्रादेशिक विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालन विधेयक प्रदेश सभामा टेवुल भएको र प्रतिष्ठानको भवन नेपालगञ्जमा निर्माण भएको। |
| १३१ | युवा स्वरोजगार तथा सीप | कोभिडका कारण तालिम सञ्चालन हुन नसकेको। |
| १३२ | खेलकुद कार्यक्रम र रङ्गशालाहरु निर्माण | कोभिडका कारण मुख्यमन्त्री रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन नभएको। २४ वटा विद्यालयहरु र २४ वटा पालिकाहरुमा खेलमैदान निर्माण/स्तरोन्नति भएको। उजिरसिंह रङ्गशाला र नेत्रलाल अभागी रङ्गशाला निर्माणको लागि EIA भइरहेको। |
| १३३ | लोपोन्मुख भाषा संरक्षण | काम नभएको। |
| १३४ | असहाय वालवालिकाहरुलाई आवाशीय शिक्षा | बुटवल उपमहानगर मार्फत कालिका मानवज्ञान माविमा आवीय विद्यालय सञ्चालनको अवस्थामा। |
| १३५ | लैङ्गिक सशक्तीकरण र जेष्ठ तथा अपाङ्गता ग्राम निर्माण | रुपन्देहीको सैनामैनामा पर्खालले जग्गा घेर्ने काम भएको। |
| १३६ | महिला सशक्तिकरण | जनचेतना र सीपमूलक तालिमरु सञ्चालन |
| १३७ | वालविवाहमुक्त,सडक वालवालिका मुक्त प्रदेश र बालमन्दिर र बाल सुधार गृहको सुदृढीकरण | बालविवाह विरुद्धको प्रादेशिक रणनिति निर्माण र बालमन्दिरहरुको पुर्वाधार सुदृढीकरण गरिएको। |
| १३८ | परामर्श केन्द्रहरु, पुनस्थापना केन्द्रमा रहेकाहरुलाई सीप र पुनस्थापना केन्द्र निर्माण | पुनस्थापना केन्द्रहरुलाई सहयोग र पुनस्थापना केन्द्र स्थापनाका लागि डीपीआर निर्माण भएको। |

## ८.९ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| बजेट बक्तब्यको बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको वर्तमान अवस्था |
|---|---|---|
| ७१ | विद्यालयमा शौचालय तथा पुर्वाधार निर्माण<br>सार्वजनिक विद्यालयमा शौचालय निर्माण एवम् खानेपानी तथा सरसफाइ सुविधा बिस्तार तथा अन्य पूर्वाधार निर्माण | सामुदायिक विद्यालयहरुमा कक्षा कोठा निर्माण अन्तरगत ४६ कक्षाकोठा निर्माण भएको।<br>४६ कम्पाउण्डवाल र १०९ वटा शौचालयहरुको निर्माणको सम्पन्न भएको।<br>उच्च शिक्षा तर्फ विभिन्न ५९ वटा सामुदायिक क्याम्पसहरुमा ८९ वटा कक्षाकोठाहरु निर्माण, २ वटा क्याम्पसहरुमा शौचालय ,८ वटा क्यामपसहरुमा घेरावार, ११ वटा क्यामपसहरुले शैक्षिक सामग्री खरिद र २ वटा क्याम्पसहरुले बस खरिद गरेका। सीमा क्षेत्रका विद्यालयहरुमा ५२ कक्षाकोठा, ४ शौचालय र ११ वटा घेराबार सम्पन्न भएको। |
| ७२ | स्थानीय तह, सामुदायिक स्वास्थ्य संस्था, निजी स्वास्थ्य संस्था तथा गैर-सरकारी संस्थाको सह-लगानीमा विद्यालयमा परिचारिका कार्यक्रम | ३६ वटा विद्यालयमा विद्यालयमा नर्सको व्यवस्थापन गरिएको। |
| ७३ | स्टेम परियोजना संचालन<br>प्रदेशको विकासको लागि आवश्यक प्राविधिक मानवपुँजी निर्माण गर्न विज्ञान, प्रविधि, गणित र ईन्जिनियरिङ (स्टेम) विषयलाई संस्थागत गरी विद्यालय शिक्षालाई रुपान्तरण गर्दै लगिनेछ । प्रदेशका सबै जिल्लामा “स्टेम” परियोजना सञ्चालन । | ६ जना स्टेम संयोजकहरुको नियुक्ति गरी कार्यक्रम संचालन भएको। १२ वटा विद्यालयहरुलाई कन्सोर्टियम विद्यालयको रुपमा विकास गरिएको।<br>३६ वटा विद्यालयहरुमा स्टेम ल्यावको स्थापना र संचालन गरिएको। स्टेम शिक्षा अभिमुखीकरण गरिएको |
| ७४ | नमुना विद्यालय<br>नमूना विद्यालय कार्यक्रमलाई थप १२ वटा विद्यालयमा बिस्तार गरी २४ वटा | १२ विद्यालयहरुमा नमुना विद्यालय निर्माण दोस्रो बर्ष। १२ विद्यालयहरु नमुना निर्माण पहिलो बर्षको काम सम्पन्न। नमुना निर्माण अन्तरगत ४२ वटा कक्षाकोठा, २ वटा शौचालय, ५ वटा कम्पाउण्डवाल र ३ वटा बस खरिद गरिएको। |
| ७५ | उत्कृष्ट विज्ञान शिक्षाको अवसर उपलब्ध गराउन बुटवलको कान्ति माध्यमिक | बिज्ञान विषयको केन्द्र बनाउन कान्ति माध्यमिक विद्यालय बुटवलमा विद्यालय भवन र छात्रावास भवनको पहिलो तला ढलान भैसकेको छ। |

| | | |
|---|---|---|
| | विद्यालयमा सुविधासम्पन्न भवन निर्माण । | |
| ७६ | समृद्धिको अभियान : छोरीहरूको पहुँचमा विज्ञान कार्यक्रम कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत सबै छात्राहरू र स्नातक तहमा विज्ञान संकायमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति । | कक्षा ११ र १२ को लागि वितरण १८१५ जना छात्रालाई र बीएस्सी छात्रा छात्रबृत्ती तर्फ ९४२ छात्रालाई छात्रबृत्ती प्रदान गरिएको। यस बाहेक १००० जना विद्यार्थीहरुलाई उच्च शिक्षा छात्रबृत्ती र १५० जना अपाङ्ग विद्यार्थीलाई छात्रबृत्ती प्रदान गरिएको। |
| ७७ | मुक्त कमैया, कमलरी, मुस्लिम, दलित र पिछडावर्गका छात्राहरूका लागि कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृत्ति | २९६९ जना मुक्त कमैया, कमलरी, मुस्लिम, दलित छात्राहरूका लागि कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिएको। |
| **भौतिक प्रगति प्रतिशतः ९०** | | | | | | | |

*(स्रोतः उद्योग, वन तथा वातावरण मन्त्रालय)*

**भू तथा जलाधार व्यवस्थापन कार्यक्रम** **(रु. हजारमा)**

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| १ | तिनाउ, रासी र बबइ नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना तयार गर्ने | १ | ५००५ | १ | १०० | ४८६१ | ९७.१२ |
| २ | आकस्मिक पहिरो व्यवस्थापन तथा नदी खोला नियन्त्रण | १६ | ३०००० | १६ | १०० | ३०००० | १०० |
| ३ | ग्रामिण सडक सँग भू-संरक्षण कार्यक्रम | ५ | २०५०० | ५ | १०० | २०४९९ | ९९.९९ |
| ४ | नदी तथा खोला किनारा व्यवस्थापन | १२ | ६१३०० | १२ | १०० | ६१२६८ | ९९.९५ |
| ५ | संवेदनशील /शहरी जलाधार क्षेत्र संरक्षण कार्यक्रम | ३१ | ३६७५० | ३० | १०० | ३६४३४ | ९९.१४ |
| ६ | प्रचार प्रसार, Activity profile र योजना तर्जुमा गोष्ठी | २ | १५०० | २ | ९५ | १२६० | ८४ |
| ७ | खोला व्यवस्थापन गरी पानीको बहुउद्देश्यीय उपयोग (जलवायु परिवर्तन अनुकुलन समेत) | २ | ५००० | २ | ९० | ४६२६ | ९२.५२ |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| ८ | गल्छी, पहिरो तथा खहरे नियन्त्रण | ३९ | ४०००० | ३९ | ९८ | ३९३६५ | ९८.४१ |
| ९ | पानी मुहान संरक्षण/पोखरी निर्माण कार्यक्रम | २७ | ११८०० | २७ | १०० | ११३६५ | ९६.३१ |
| १० | संवेदनशील उपजलाधार क्षेत्रहरुमा कृषि वन प्रणाली प्रबर्द्धन | १४ | ६३०० | १४ | १०० | ६२९७ | ९९.९५ |
| ११ | नदी प्रणालीमा आधारित उपजलाधार क्षेत्रहरुको संभाव्यता तथा विस्तृत योजना निर्माण | २ | ३००० | १ | ७० | १६९५ | ५६.५० |
| | जम्मा | | २२११६० | | | २१६५८० | ९८ |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः ९८ | |
| भौतिक प्रगति प्रतिशतः ९९ | |

*(स्रोतःउद्योग,वन तथा वातावरण मन्त्रालय)*

**वाणिज्य तथा आपूर्ति व्यवस्थापन कार्यक्रम** **(रु. हजारमा)**

| क्र.सं. | कार्यक्रम/ कृयाकलाप | वार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| १ | विद्यालय वा समुदायस्तरमा उपभोक्ता जागरण क्लव गठन गरी उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन गर्ने | १२० | २४०० | १०५ | ८७.५ | २०९८ | ८७.४१ |
| २ | प्रत्येक जिल्लाका दशवटा विद्यालयमा उपभोक्ता प्रशिक्षक मार्फत उपभोक्ता जागरण कक्षा सञ्चालन गर्ने | १२० | ३००० | ११५ | ९५.८३ | २९०४ | ९६.८० |
| ३ | व्यवसायीहरुवीच अन्तरक्रिया | १ | २१० | १ | १०० | २०९ | ९९.५२ |
| ४ | बजार अनुगमन निरीक्षण | ३९० | ३२६५ | ३०५ | ७८.२० | २९३४ | ८९.८६ |
| ५ | उद्योग तथा वाणिज्य फर्मको तथ्याङ्कहरुको अपडेट | २२० | २२०० | १९५ | ८८.६३ | २२०० | ९३ |
| ६ | उद्योग तथा वाणिज्य प्रशासन | २६० | २६०० | २६० | १०० | २५४७ | ९७.९६ |
| ७ | वाणिज्य तथा आपूर्ति सम्वन्धि कानूनहरु निर्माण | १ | १०० | १ | १०० | ८९ | ८९ |
| ८ | उपभोक्ता दिवस | २२ | ७०० | २२ | १०० | ७०० | १०० |

| क्र.सं. | कार्यक्रम/ कृयाकलाप | वार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| | | | | | | | |
| ९ | पेट्रोल पम्पहरुको अनुगमन | १०० | ७५ | १०० | १०० | ५६ | ७४.६६ |
| १० | प्रदेशस्तरीय आपुर्ति संयन्त्र संन्चालन र माग आपुर्ति विश्लेषण | १ | ५६० | १ | १०० | ५५१ | ९८.९३ |
| ११ | प्रचार प्रसार (रेडियो पत्रपत्रिका) | २६५ | १९०० | २५५ | ९६.२२ | १७८० | ९३.६८ |
| १२ | उपभोक्ता जागरण अभियान प्रचार सामग्री तयारी | १० | २९५ | १० | १०० | २९४ | ९९.६६ |
| १३ | १२ वटै जिल्लाका प्रत्येक स्थानीय तहमा कम्तीमा १ वटा आपूर्ति केन्द्रको सम्भाव्यता अध्ययन | १०० | १२०० | १०० | १०० | १०४७ | ८७.२५ |
| १४ | खाद्यबस्तुको गुणस्तर मापन प्रयोगशाला भवन निर्माण | १ | २०००० | १ | ७० | १४५२३ | ७२ |
| | कुल जम्मा | | ३८५०५ | | | ३१७८० | ८२.५३ |
| वित्तीय प्रगति प्रतिशतः ८२.५३ | | | | | | | |
| भौतिक प्रगति प्रतिशतः ८७ | | | | | | | |

*(स्रोतःउद्योग, वन तथा वातावरण मन्त्रालय)*

**औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम** **(रु. हजारमा)**

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | बार्षिक बजेट | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| १ | वेवसाईट र डिजिटल वडापत्र | १२ | १२०० | १२ | १०० | ११५४ | ९६.१७ |
| २ | विपन्नमुखी आयमुलक सीप विकास तालिम | १२ | ३६०० | १२ | १०० | ३४८१ | ९६.६९ |
| ३ | मुक्त कमैया कमलरी ,माझी, कुमाल, हलिया तथा लोपोन्मुख, सीमान्तकर्तहरुलाई सीप मुलक तालिम | १२ | १८०० | १२ | १०० | १७९६ | ९९.७८ |
| ४ | जिल्ला स्तरमा लघु घरेलु तथा साना उद्योगीहरुलाइ प्रविधि हस्तान्तरण | १२ | १३९०० | १२ | १०० | १२५९९ | ९०.६४ |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | बार्षिक बजेट | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| ५ | सीप विकास तथा रोजगार कार्यक्रम भिन्न क्षमता एकल महिला दलित जनजातिका लागि सिपविकास तालिम | १२ | २४०० | १२ | १०० | २२८६ | ९५.२५ |
| ६ | भगत सर्वजित परम्परागत शिल्प व्यवसाय प्रवर्द्धन तालिम | १३ | १९४०० | १२ | ९२ | १३१५७ | ६७.८२ |
| ७ | उद्योग दिवस मनाउने | १३ | ७०० | १३ | १०० | ७०० | १०० |
| ८ | बुद्धकालिन र बुद्ध संस्कृतमा आधारित काष्ठकला ललितकला र मुर्तिकला सम्बन्धी कलाकार उत्पादन गर्ने | २ | १००० | १ | ५० | ८५५ | ८५.५ |
| ९ | परम्परागत सीप र प्रविधिमा आधारित नयाँ उद्यमी तयार | ४७५ | ४७५०० | ३८० | ८० | ३८७९७ | ८१.६८ |
| १० | प्रदेश स्तरीय महिला उद्यमीहरु सँग अन्तरक्रिया गोष्ठि | १ | ५०० | १ | १०० | ४९६ | ९९.२ |
| ११ | वन क्षेत्रमा लैगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरक्रिया गोष्ठी | १ | ५०० | १ | १०० | ४८० | ९६ |
| १२ | उत्पादित वस्तुको गुणस्तर र लेभलिङ सम्बन्धमा अभिमुखीकरण गोष्ठि | १२ | १२०० | १२ | १०० | ११६० | ९६.६७ |
| १३ | प्रगति समिक्षा गोष्ठी | ३ | ७५० | ३ | १०० | ५९० | ७८.६७ |
| १४ | अल्लो प्रशोधन उद्योगहरुलाई अनुदान सहयोग | २ | १००० | २ | १०० | ७४३ | ७४.३ |
| १५ | अदुवा उद्योगलाई अनुदान | १ | ५०० | १ | १०० | ५०० | १०० |
| १६ | चिउरी साबुन उद्योगलाई अनुदान | १ | ५०० | १ | १०० | ५०० | १०० |
| १७ | कागज उद्योग स्थापनाका लागि संभाब्यता अध्ययन | १ | २००० | १ | १०० | १९४४ | ९७.२ |
| १८ | गलैंचा उत्पादन गर्ने उद्योगलाई उन प्रशोधन गर्ने मेसिन अनुदान | १ | १००० | १ | ४५ | ४२० | ४२ |
| १९ | नेपाली हाते कागज कारखाना स्थापनाका लागि अनुदान | १ | १००० | १ | १०० | ९७६ | ९७.६ |
| २० | ऐन, निति, नियमावली, कार्यविधी, निर्देशिका निर्माण तथा परिमार्जन | १ | २८८ | १ | १०० | २८७ | ९९.६५ |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | बार्षिक बजेट | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| २१ | लघु घरेलु तथा साना उद्योगहरुको अनुगमन निरिक्षण | ३२ | १७६४ | ३० | ९३ | १७३६ | ९८.४१ |
| २२ | लघु, घरेलु तथा साना उद्योग विकास कोषको संचालन | १ | १००००० | १ | १०० | १००००० | १०० |
| २३ | उद्योगीहरु संग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम | ३ | ८१० | ३ | १०० | ८०७ | ९९.६३ |
| २४ | नेपालगंज र दाङमा प्रदेशस्तरको प्रर्दशनी कक्ष स्थापनाको संभाव्यता अध्ययन | १ | ५०० | १ | १०० | ४९४ | ९८.८० |
| २५ | स्वेदेशी श्रमले विदेशी श्रमलाई प्रतिस्थापन गर्ने क्षेत्रहरुको अध्ययन | १ | ५०० | १ | १०० | ४९५ | ९९ |
| २६ | खाद्य उद्योगहरुको अध्ययन प्रतिवेदन | १ | १००० | १ | १०० | ९९९ | ९९.९ |
| २७ | कोसेली घर सञ्चालनका लागि सहयोग | १२ | ३६०० | १० | ८३.३३ | ३३३० | ९२.५ |
| २८ | घरेलु तथा साना उद्योग कार्यालयको अभिलेख व्यवस्थापन | १२ | १२०० | १२ | १०० | ११२९ | ९४.०८ |
| २९ | आन्तरिक उत्पादनको मेला प्रदर्शनी | १२ | २७०० | १६.६६ | १०० | २७३ | १० |
| ३० | उद्योगको सफ्टवेयर सञ्चालन | १०० | १००० | १०० | १०० | ९८८ | ९८.८ |
| ३१ | शालिग्राम अध्ययन | १ | ५०० | १ | १०० | ४९० | ९८ |
| ३२ | तिलोत्तमा औद्योगिक ग्राम स्थापना | १ | ५००० | १ | १०० | ४४१५ | ८८.३ |
| ३३ | प्रदेशका १५ पालिकामा औद्योगिक ग्राम विस्तृत अध्ययन | १५ | २२५०० | १५ | १०० | २१९८६ | ९७.७२ |
| ३४ | बुटवल औद्योगिक क्षेत्रको औद्योगिक पूर्वाधार सुधार | १ | ५००० | १ | १०० | ४९९० | ९९.८ |
| | जम्मा | | २५०४०० | | | २२७९७६ | ९१.०४ |

**वित्तीय प्रगति प्रतिशत ९१.०४**

**भौतिक प्रगति प्रतिशत ९६**

*(स्रोतःउद्योग, वन तथा वातावरण मन्त्रालय)*

**वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम** **(रु. हजारमा)**

| क्र.सं. | कार्यक्रम/कृयाकलाप | वार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| १ | प्रदुषण मापन प्रयोगशाला स्थापना र जडान | १ | १८०० | १ | १०० | १७७४ | ९८.५५ |
| २ | ड्रोनबाट वातावरणीय अनुगमन (खरिद र जडान समेत) | १ | ५०० | १ | १०० | ४९९ | ९९.९९ |
| ३ | प्लाष्टिक जन्य पदार्थ नियन्त्रण तथा पूनः प्रयोग सम्बन्धी अध्ययन | १ | ५०० | १ | १०० | ४९४ | ९८.७६ |
| ४ | एकीकृत नगर फोहरपानी प्रशोधन केन्द्र सम्बन्धी अध्ययन | १ | ५०० | १ | १०० | ४९५ | ९९.०२ |
| | जम्मा | | ३३०० | | | ३२.६३ | ९८.८८ |
| **वित्तीय प्रगति प्रतिशतः ९८.८८** | | | | | | | |
| **भौतिक प्रगति प्रतिशतः ९९** | | | | | | | |

*(स्रोतःउद्योग, वन तथा वातावरण मन्त्रालय)*

## ९.८ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण

| क्र.सं. | शीषर्क | लक्ष्य | प्राप्त रकम रु. | प्रतिशत |
|---|---|---|---|---|
| १ | वनतर्फ | लक्ष्य नतोकिएको | २२,८७,०५,७३८/- | |
| २ | उद्योगतर्फ | | २,४८,००,०००/- | |
| ३ | वाणिज्यतर्फ | | ५,०२,९३,०००/- | |
| ४ | संस्कृति तथा पर्यटन तर्फ | | ६,९४,१७२/- | |
| | जम्मा | | ३०,४४,९२,९१०/- | |

*(स्रोतःउद्योग, वन तथा वातावरण मन्त्रालय)*

## ९.९ आ.ब. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरू

**(क) उपलब्धी /महत्वपूर्ण कार्यको विवरण**

- यस मन्त्रालयको कुल वार्षिक विनियोजित बजेटको पहिलो चौमासिकमा १५.२ प्रतिशत, दोस्रो चौमासिक सम्ममा ४०.६२ प्रतिशत तथा बार्षिक रुपमा ९० प्रतिशत वित्तीय प्रगति हासिल गर्न सक्षम भएको।

- वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ स्वीकृत भई सोही बमोजिम वार्षिक कार्यक्रमहरु सञ्चालन गरिएको।
- रुरु पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडीखोला नियन्त्रण आयोजनामा ठेक्का संझौता बमोजिम माननीय मूख्यमन्त्री ज्यूबाट २०७७ मंसीर २३ गते शिलान्यास भई कार्य सञ्चालन भइरहेको। कुल आयोजना लागत ४२ करोड २५ लाख रहेकोमा हाल सम्मको खर्च ९ करोड ९७ लाख खर्च भई १६ प्रतिशत भौतिक प्रगति हासिल भएको।
- लुम्बिनी प्रदेशको ब्राण्डिङ र पर्यटन प्रवर्द्धन गर्न मिति २०७७।०६।०६ मा यस मन्त्रालय र नेपाल पर्यटन बोर्डसँग सम्झौता सम्पन्न भई कार्य आरम्भ भएको छ ।
- तिनाउ, राप्ती र बबई नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना तयार भएको।
- पाल्पाको श्रीनगरमा सांस्कृतिक डबली अन्तर्गत नाँच घरको मुख्य भवनको निर्माण, बस्ने न्याम्पको निर्माण, प्रशासनिक भवन तथा शौचालयको निर्माण कार्य तथा कम्पाउण्ड वाल निर्माण भएको। सम्झौता रकम रु. ६,८२,५६,०९१.५८ रहेकोमा हाल सम्मको खर्च रु. ४,८७,९२०८२.१८ भई ८०प्रतिशत भौतिक प्रगित हासिल भएको।
- बहुबर्षीय विरुवा उत्पादन लगायत नर्सरी व्यवस्थापन विस्तृत योजनाहरु सबै कार्यालयहरुबाट तयारी भई मन्त्रालयमा प्राप्त भई बिरुवा उत्पादन गरिएको जस अन्तर्गत बहुबर्षीय विरुवा १६ लाख ६८ हजार तथा एक बर्षीय बिरुवा १९ लाख ८६ हजार (कुल ३६ लाख ५४ हजार विरुवा उत्पादन हुने) लक्ष्य रहेकोमा ३१,३५,५६६ एकबर्षीय विरुवा र १७,०९,७७१ बहुबर्षीय विरुवा गरी जम्मा ४८,४५,३३७ विरुवा उत्पादन भएको।कुल ६६५.०७ हेक्टर क्षेत्रफलमा वृक्षारोपण भई राष्ट्रिय वृक्षारोपण दिवस, २०७८ को अवसरमा एक घण्टामा २०,९१७ विरूवा रोपण गरी पहिलो राष्ट्रिय किर्तिमान कायम गरेको, सोही दिन प्रदेश भरमा १ लाख विरूवा रोपण गरिएको।
- अतिक्रमण नियन्त्रण र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि विभिन्न १३ वटा डिभिजन वन कार्यलयहरुले कुल ९७ कि.मि.लम्बाईमा बाँस रोपण गरेको ।
- उद्यम विकास कोष सञ्चालनको लागि रु. १० करोडको कोष स्थापना गरी रकम निकासा गरिएको।उद्यम स्थापनाका लागि लिएको ब्याज रकम अनुदानका लागि वार्षिक ७.७५ प्रतिशत ब्याजदरमा ऋण प्रवाह गर्न नेपाल बैंक लिमिटेड सँग मिति २०७७ मंसीर १९ गते संझौता भएको।ऋण प्राप्तिको लागि सूचना प्रवाह गरिएकोमा ४९ उद्यमीले रु. ४ करोड ६२ लाख ऋण लिई ४ लाख २७ हजार ब्याज मन्त्रालयले बैंकलाई तिरिदिएको।
- बाह्रवटै जिल्लाहरुमा बजार अनुगमनलाई प्रभावकारी रुपमा संचालन गर्ने क्रममा मन्त्रालय, निर्देशनालय र जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्याहरु मार्फत १९०७ वटा पसल अनुगमन गरी रु.

१०,९०,०००जरिवाना र रु ८,४१,७५२वरावरको अखाद्य सामान जफत गरी नष्ट गर्नुका साथै ८ वटा पेट्रोल पम्प समेत अनुगमन गरिएको ।

- चौध डिभिजन वन कार्यालय अन्तर्गतका ३१७ हेक्टर क्षेत्रमाटिमुर, तेजपात, दाँते ओखर, मेन्था लगायतका बिरुवा रोपण गरी पकेट क्षेत्र विकास गरिएको। १८ वटा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उद्यमलाइ सहयोग गरीएको ।
- स्वीकृत वातावरण संरक्षण नियमावली बमोजिम मन्त्रालयमा २ बर्ष देखि विचाराधिन रहेको अधिकांश कार्यसूची र प्रतिवेदनहरूको स्वीकृत प्रकृया अगाडि वढाइएको। सरकारी प्रस्तावकले पेश गरेका ४० आयोजना प्रस्ताव तथा निजी क्षेत्रले पेश गरेका ६६आयोजना प्रस्ताव गरी कुल १०६ प्रस्ताबको वातावरणीय अध्ययन सम्बन्धी कार्य गरिएको।
- रुपन्देहीको भैरहवामा खाद्यवस्तु गुणस्तर मापन प्रयोगशाला निर्माणको कार्य अन्तिम चरणमा रहेको।
- उद्योग प्रशासनतर्फ आ.व. २०७५/७६ सम्मको कूल उद्योग दर्ता संख्या ६६,१६८ रहेकोमा हाल सम्मको कुल दर्ता ८६,९०४ पुगेको। उद्योग क्षेत्रमा रु. २ करोड ४८ लाख राजस्व जम्मा भएको।
- जगदीशपुर तालमा बहुउद्देश्यीय भवन र चरा अवलोकन टावर निर्माणको कार्य सम्पन्न।
- मानसरोवरको प्रतिकात्मक स्थलसहित बोटानिकल गार्डेनको निर्माण कार्य सञ्चालनमा रहेको ।
- संवेदनशील ९ कि.मि. ग्रामिण सडक संरक्षण भएको, ३२ स्थानमाCheck Dam, Retaining Wall, Breast Wall, Embankmentगरि आकस्मिक रूपमा हुने पहिरो व्यवस्थापन भएको । ४४ स्थानमाCheck Dam, Retaining Wall, Breast Wall, Embankmentनिर्माण गरि गल्छी पहिरो तथा खहरे नियन्त्रण भएको।
- २६ वटा संरक्षण सिंचाइ पोखरी निर्माण भई १६५० घन मिटर पानी संचित हुने भएको र १५ वटा इन्टेक, टयाङ्की मर्मत तथा पानी मूहान संरक्षण भएको २२७ वटा पोखरीबाट कुल ५९२० घन मिटर संचित क्षमता भएको संरक्षण तथा सिंचाई पोखरीहरू निर्माण भएको।

**(ख) मन्त्रालय/निकायले संचालन गरेका कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान (तथ्य/तथ्याङ्क सहित)**

आर्थिक वर्ष २०७७/७८ मा यस मन्त्रालय र मातहतका निकाय मार्फत रु.३०,४४,९२,९१०/- राजस्व संकलन भएकाले यसले प्रदेशको अर्थतन्त्रमा उल्लेख्य मात्रामा योगदान पुऱ्याएको देखिन्छ। यसका साथै यस प्रदेशमा संचालन भएका विकास आयोजना तथा कार्यक्रमहरूबाट निम्न तालिका बमोजिमको रोजगारी प्राप्त भएको र वार्षिक रोजगारी ११,८१९ रहेकाले जनताको आयअर्जन बढाउन सहयोग पुऱ्याएको देखिन्छ।

| क्र.सं. | क्षेत्र | रोजगारी श्रमदिन |
|---|---|---|
| १ | वन व्यवस्थापन | ३५,१६,००० |
| २ | भू-तथा जलाधार व्यवस्थापन | १,६५,००० |

| | | |
|---|---|---|
| ३ | संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम | ४,७३,००० |
| ४ | वाणिज्य तथा आपूर्ति व्यवस्थापन | २१,१३३ |
| ५ | औद्योगिक विकास तथा प्रवर्धन | ८०,००० |
| ६ | वातावरण तथा जलवायु अनुकूलन | ८३३ |
| कार्यक्रम तर्फको जम्मा | | ४२,५५,१६६ |
| बार्षिक रोजगारी | | ११,८१९ |

*(स्रोतः उद्योग, वन तथा वातावरण मन्त्रालय)*

## ९.१० नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

वैज्ञानिक वन र काठ दाउरा सदुपयोग सम्बन्धमा नेपाल सरकारको निर्णयले कार्यक्रम कार्यान्वयनमा समस्या र काठ दाउरा उत्पादन हुन नसकेको जसले गर्दा आगामी आर्थिक वर्षमा वन पैदावारको ठूलो समस्या सिर्जना हुनेछ ।

- **कार्यालय भवनको कमी**
  - ३ वटा डिभिवन वन कार्यालयको आफ्नै भवन नभएको, ५ वटा डिभिजन वन कार्यालयको भवन जिर्ण रहेको।
  - २९ वटा सव डिभिजनको आफ्नै भवन नभएको, ४० वटा सव डिभिजन कार्यालयको भवन जिर्ण रहेको।
- **दरवन्दी अनुसारको कर्मचारीको अभाव**
  - वन सेवातर्फ १३० वन रक्षक, २५ रेन्जर,१५ जना वन अधिकृत रिक्त रहेको
  - प्रशासन सेवा तर्फ उप-सचिव ५, अधिकृत १५, ना.सु. २२ जना रिक्त रहेको
  - विविधतर्फ शसत्र वन रक्षक रिक्त रहेको
- **सवारी साधनको कमी**
  - ५ वटा डिभिजन वन कार्यलायको सवारी साधन जिर्ण अवस्थामा रहेको, ६ वटा डिभिजन वन कार्यालयमा नयाँ सवारी साधन खरिद गर्नु पर्ने
  - तराईका अधिकांश सव डिभिजन वन कार्यालयहरुमा सवारी साधन नभएको

- जलाधार व्यवस्थापन कार्यालयको संगठन सरचना विस्तार हुन नसकेको ।
- औद्योगिक ग्रामको डि.पि.आर. तयार भएको तर घोषणा/स्वीकृति संघको अधिकार क्षेत्रमा परेकाले बिलम्ब भएको।स्वीकृत भएका औद्योगिक ग्रामको विकासमा संघबाट आवश्यक बजेट बिनियोजन हुन नसकेको ।
- जग्गा प्राप्ति र स्थान छनोट नभई कार्यक्रम प्रस्ताव गर्दा कार्यान्वयनमा ढिलाई भएको जस्तै रुकुमको डिभिजन वन कार्यालय निर्माण छुट्टिएको बजेट खर्च हुन नसकी समर्पण गरेको ।

- भवन निर्माणको लागि लागत अनुमान तथा ड्रईङ डिजाईन सहरी विकास तथा भवन कार्यालयबाट सहयोग लिई गर्नुपर्दा सम्बन्धित प्राविधिक कर्मचारी समयमा उपलब्ध नहुनु ।
- वन्यजन्तु र मानिसबीचको द्वन्द बढेको कारण दुवैतर्फ क्षती हुने गरेको, घाइते वन्यजन्तु उद्धार गर्ने जनशक्ति, बजेट र दक्षता नभएको।
- संस्कृतितर्फका योजना सञ्चालन गर्दा विभिन्न स्थानमा पुरातत्व विभागको सहमति लिनुपर्ने कार्यले ढिलासुस्ती भएको।
- पूराना अतिक्रमण व्यवस्थापन गर्न कठिनाई भएको।

## ९.११ समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- प्रदेश वन विधेयकको स्वीकृती लगायत कार्ययोजना बमोजिमका बाँकी कानूनहरु निर्माण
- कार्यालयहरुको भवन तथा पूर्वाधार निर्माण
- कर्मचारीहरुको अभावलाई पूर्ति गर्ने
- जलाधार व्यवस्थापन कार्यालयको संगठन सरचना विस्तार
- उद्योग कार्यालयहरुको स्तर वृद्धि
- सवारी साधन थप गर्नुपर्ने
- ठेक्का लागेका बहुवर्षीय आयोजनाहरु नियमित सञ्चालन

## ९.१२ अन्य/विविध

- मन्त्रालयको कार्य क्षेत्र र जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने कानूनी व्यवस्था भई नसकेको हुँदा आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिका तयार लाई उच्च प्राथमिकता दिन आवश्यक रहेको।
- योजनाहरू छनौट गर्दा गुरूयोजना, विस्तृत प्रतिवेदन, वातावरणीय प्रतिवेदन तयार भएका आयोजनाहरु मात्र बार्षिक कार्यक्रममा छनौट गर्नुपर्ने।
- औद्योगिक क्षेत्र विकासका लागि आवश्यक पूर्वाधार तयार गर्ने तथा घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी रोजगारी बृद्धि गर्न तर्फ पहल गर्नुपर्ने।
- वन तथा जडीबुटीजन्य पैदावारको उत्पादन, रोजगारी सृजना र उद्यम विकासमा योगदान दिने खालका योजनाहरू संचालन गर्नुपर्ने।

## ९.१३ निष्कर्ष

यस मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालन हुने योजनाहरु बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम सञ्चालन गरिएको छ। वन व्यवस्थापन, जडीवुटी तथा गैरकाष्ठ वन पैदावार र केही संस्कृति तथा पर्यटन विकास र प्रबर्द्धन तर्फका कार्यक्रमहरु डिभिजन वन कार्यालय मार्फत कार्यान्वयन गरिएको। संस्कृति तथा पर्यटन विकास र प्रबर्द्धन कार्यक्रम तर्फका बाँकी योजनाहरुको पर्यटन डिभिजन कार्यालयबाट उपभोक्ता

समिति तथा ठेक्का प्रकृया मार्फत कार्यान्वयन गरिएको। भू-संरक्षण तर्फका कार्यक्रमहरु दुई वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत कार्यान्वयन गरिएको। घरेलु तथा साना उद्योग र वाणिज्य सम्बन्धी दर्ता, नियमन, खारेजी लगायत उपभोक्ता जागरण अभियान सञ्चालन, उद्यम विकास, सिप विकास र प्रविधि हस्तान्तरण लगायतका कार्यहरु घरेलु तथा साना उद्योग कार्यलयहरु बाट कार्यान्वयन गरिएको। वातावरण तर्फका कार्यक्रमहरु यस मन्त्रालयबाट नै सम्पन्न गरिएको। यी विविध कृयाकलापहरुबाट राजस्व संकलन, थप रोजगारी सिर्जना हुनुको साथै गरीबी निवारणमा टेवा पुग्न गई लुम्बिनी प्रदेशको समृद्ध प्रदेश, खुसी जनताको आकांक्षा पुरा गर्न थप योगदान पुऱ्याएको देखिन्छ।

# परिच्छेद-१०

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### १०.१ पृष्ठभूमि

कृषि क्षेत्रलाई समग्र प्रदेशको विकासको मेरुदण्ड रुपमा मनन गरी लुम्बिनी प्रदेश, बुटवलमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना वि.सं. २०७४ साल फाल्गुण महिनामा स्थापना भएको हो। "समृद्ध प्रदेश, खुशी जनता" भन्ने मूल नारालाई आत्मसाथ गरी यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि, पशुपालन,मत्स्य, भूमि तथा सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनको अभिभारा लिएको छ।

### १०.२ दीर्घकालीन सोच

प्रदेशको आर्थिक, सामाजिक तथा कृषि क्षेत्रको विकासमा सहकारी क्षेत्रलाई परिचालन गरी भूमिको प्रकृतिको आधारमा उपयोग गरी गर्ने नीति लिई कृषि एवम् पशुपन्छीजन्य उत्पादन एवम् व्यापारमा यान्त्रिकीकरण, व्यावसयिकीकरण, बजारीकरण र आधुनिकीकरणका माध्यमबाट प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रुपान्तरण गर्दै रोजगारीको अवसर सृजना गर्ने।

### १०.३ लक्ष्य

भूमिको वैज्ञानिक व्यवस्थापन एवम् सामाजिक न्यायमा आधारित भू-उपयोगका माध्यमबाट सहकारी क्षेत्रको परिचालन गरी प्रदेशको कृषि एव पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुऱ्याउने।

### १०.४ उद्देश्यहरु

- सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउने।
- कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।
- पशुपन्छी पालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एवम् स्वस्थ पशुपछिं उत्पादनको सुनिश्चितता एवम् पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रुपमा विकास गर्ने।

### १०.५ कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसार कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्।

- कृषि, कृषि उत्पादन, कृषि औद्योगीकरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यविधि, निर्देशिका निर्माण एवम् यससँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
- पशुपन्छी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, निर्देशिका कार्यविधि निर्माण गर्ने ।
- स्वस्थ एवम् व्यावसायिक पशुपन्छी उत्पादनका लागि रोग नियन्त्रण र नश्ल सुधार, बजार विकास तथा विस्तार, अध्ययन अनुसन्धान, तालिम एवम् क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने ।
- प्रादेशिक खाद्य सुरक्षा एवम् पोषण अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर निर्धारण सम्बन्धी कार्य गर्ने गराउने ।
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग, गुठी तथा गुठी जग्गा व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित आदि वर्गको बसोबास, जिविकोपार्जन, र पुनःस्थापना, सरकारी जग्गा भाडामा दिने, सुरक्षीत बसोबास सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने गराउने.
- सहकारी सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना तथा मापदण्ड निर्माण एवम् कार्यान्वयन र नियमन गर्ने।
- गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना तथा मापदण्ड निर्माण एवम् कार्यान्वयन र नियमन गर्ने।

## १०.६ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ३७२२५६७ | २०९८८९३ | ५६.३८ |
| पुँजीगत | २८४७१९ | १२९९९४ | ४५.६६ |
| जम्मा | ४००७२८६ | २२२८८८७ | ५५.६२ |

स्रोतः प्रदेश लेखा नियन्त्रकको कार्यालय

## १०.७ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ११५९१५३ | ७८९६९१ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ४३२१०० | २१६४९२ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | ७७०० | ५७८३ |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | १६४११६८ | १२१६०६१ |

(स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय)

## १०.८ नीति तथा कार्यक्रम र बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| क्र.सं | ब.व बुँदा नं. | निति तथा कार्यक्रमको विषय | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १ | ९६, १०१, १०२ | **स्वदेशी श्रम, स्वदेशमै पसिना** को नीति अनुरुप कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रम अघि बढाइनेछ। कृषि प्राविधिक सेवा तथा उत्पादन सामाग्रीहरुको उपलब्धता सुनिश्चित गरिनेछ। हालको अनुदान दिने प्रक्रियालाई थप विश्वासनीय, प्रभावकारी र पहुँचमा बृद्धि हुनेगरी पुरिष्कृत गरिनेछ। व्याज अनुदानको नीति अवलम्बन गरी कृषिमा सुलभ कर्जा उपलब्ध गराइनेछ। | अनुदान कार्यक्रमलाई थप परिस्कृत गर्दै सुरुवात गरिएको प्रतिफलमा अधारित अनुदान कार्यक्रमका लागि जिल्लास्थित कार्यालयहरुबाट दुध, माछा/मासु, खाद्यान्न बीउ लगायतका बालीवस्तुमा १२३ वटा सहकारीहरुलाई ६ करोड ४७ लाख ५४ हजार मात्र।— अनुदान रकम उपलब्ध गराइएकोमा सहकारीमा आवद्ध २१७०० कृषकहरु लाभान्वित भएको।शुलभकर्जा सहजिकरण तथा व्याजमा अनुदान कार्यक्रम तर्फ छनौट गरिएका कर्जा सहजकर्ताद्वारा कृषकहरुको व्यवसायिक योजना बनाई सम्बन्धित बैंकहरुमा ऋणका लागि कूल २५५ वटा आयोजनाहरु सिफारिस भएकोमा ११३ वटा आयोजनाहरुको लागि रु. २६ करोड १२ लाख ५० हजार ऋण रकम स्वीकृत भएको।करिब १४ भन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट शुलभकर्जा सहजिकरण भएको। |
| २ | ९८ | कृषि प्रसार, अनुशन्धान र शिक्षालाई समन्वयात्मक रुपमा जोड्दै कृषि उत्पादकत्व तथा कृषकको आय आर्जनमा बृद्धि गर्ने उद्येश्यका साथ आर्थिक वर्ष २०७५/७६ देखी संचालनमा आएको **"स्मार्ट कृषि गाउँ कार्यक्रम"**लाई सबै स्थानीय तहहरुमा विस्तार गरिनेछ। | मन्त्रालयकै गौरवको आयोजनाका रुपमा रहेको स्मार्ट कृषि गाउँ कार्यक्रमलाई कृषि क्याम्पस तथा अनुसन्धान परिषदसँग MOU गरी शिक्षा, प्रसार र अनुसन्धानलाई एकीकृत गर्दै हालसम्म करिब ७५०० घरधुरी समेटी ११६ मध्ये १०८ वटा गाउँहरुमा एकीकृत मोडल सहितको कार्यक्रम संचालन भएको।८ जना कृषि स्नातकोत्तर विद्यार्थीहरुबाट शोधकार्य अनुसन्धान भई समस्यामा आधारित अध्ययन कार्य सञ्चालन भएको। |
| ३ | १०७ | **"गरौं ब्यवसायिक कृषि यसैबाट सुरु हुन्छ प्रदेशको समृद्धि"** को मुल नारालाई आत्मासाथ गर्दै आर्थिक बर्ष २०७६।७७ बाट शुरु गरिएको कृषिमा यूवा विशेष कार्यक्रम, उद्यमशिलता विकास, कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग, पकेट क्षेत्र विशेष | प्राविधिक धारका विधालयलाई सहयोग कार्यक्रम अन्तर्गत प्राबिधिक धारका २६ वटा बिद्यालयमा व्यवहारिक सिकाईका लागि पूर्वाधार तयार भएको।कृषकसंग कृषि विद्यार्थी कार्यक्रम (पढ्दै कमाउदै) अन्तर्गत उत्पादन तथा बजारीकरण तर्फका ११ वटा विभिन्न |

| क्र.सं | ब.व बुँदा नं. | निति तथा कार्यक्रमको विषय | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | प्रांगारिक कृषि प्रवर्द्धनकार्यक्रम, कृषि विषय अध्यन गरेका यूवा विशेष कार्यक्रम, सुलभ कर्जा सहजिकरण तथा ब्याजमा अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । | आयोजनाहरु संचालन भएको। पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम मातहतका सबै ज्ञान केन्द्रहरु तथा एकीकृत कार्यालयहरु मार्फत कार्यान्वियन भएको। |
| ४ | १०९, ११० | रुकुमपूर्व जिल्लालाई अर्गानिक जिल्ला घोषणा गरि सघन कार्यक्रम संचालन गरिनेछ। असल कृषि तथा पशुपंछिअभ्यास तथा **माटो स्वास्थ पत्र**को प्रारम्भ गरिनेछ। | रुकुम पूर्व जिल्ला अर्गानिक जिल्ला घोषणा भएको छ भने असल कृषि तथा पशुपन्छी अभ्यास तथा स्थलगत माटो परीक्षण गरी ७०० थान **माटो स्वास्थ्यता परिचय पत्र**वितरण गरिएको। |
| ५ | १११ | कृषकहरुलाई कृषि प्रविधि तथा विज्ञ सेवामा पहुंच पुर्याउनका लागी प्रदेशस्थित कृषि सम्बन्धि कार्यालय र प्रयोगशालाहरुको स्तोरन्नती तथा सुदृढिकरण गरी प्राविधिकहरुको प्रत्यक्ष संलग्नतामा बाली बस्तु विशेष नमुना फर्महरु स्थापना तथा संचालन गरिनेछ। साथै कृषिकर्मी तथा कृषि श्रमिकहरुलाई उद्यमी बनाउने नीति लिइनेछ। | प्यूठान, बर्दिया तथा रुकुम जिल्लाहरुमा सेवा प्रवाह सुनिश्चित गर्नका लागि ३ एकीकृत कार्यालयहरु स्थापना भई संचालनमा आएको। मन्त्रालय मातहतका २ वटा फर्म तथा ४ वटा प्रयोगशालाहरु मार्फत प्राविधिक सेवाटेवाका कार्य भएको। कृषिकर्मी रोजगार कार्यक्रम अन्तर्गत१९१ रोजगारदाता मार्फत ५३७ कृषिकर्मीलाई रोजगारी हुने गरी सम्झौता सम्पन्न भएकोमा १५६ जना रोजगारदाता मार्फत ४१८ जना कृषिकर्मीले सामाजिक सुरक्षा कोषमा आवद्ध भई रोजगारी प्राप्त गरेको। |
| ६ | १०३ | पूर्वपश्चिम तथा उत्तर दक्षिण सडक कोरिडोर केन्द्रित ब्यवसायिक कृषि तथा पशुपंछी उत्पादन गर्न प्रोत्साहन गरिनेछ । मध्यपहाडको समग्र कृषि विकासका लागि **मध्यपहाडी बहुउद्देशीय कृषि विकास फर्म**को स्थापना गरिनेछ । | रोड कोरिडोर/क्षेत्र विशेष कृषि/पशु विकास कार्यक्रम अन्तर्गत प्रत्येक जिल्लामा करिब ४५० घरधुरिमा सञ्चालन भई ब्यवसायिक कृषि तथा पशुपन्छी उत्पादन वृद्धि भएको। मध्यपहाडी बहुउद्देशीय कृषि विकास फर्म संचालनका लागि जग्गा प्राप्तिको प्रक्रियामा रहेकोमा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएको। |
| ७ | ११०, ११२ | गुईंठा बाल्ने प्रवृतिलाई निरुत्साहन गर्न गोठ सुधार तथा गोठेमल सदुपयोगका लागि स्थानीय तहसंगको सहकार्य र समन्वयमा कार्यक्रम संचालन गरिनेछ। | गुईठा बाल्ने प्रवृतिलाई निरुत्साहन गर्न गोठ सुधार तथा गोठेमल सदुपयोगका लागि जिल्लास्थित कार्यालयहरुबाट १५२ वटा गोठ सुधारका आयोजनाहरु सम्पन्न भएको। |
| ८ | ११३ | कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा विकास गर्न र कृषकहरुलाई सामाजिक सम्मान | उत्कृष्ठ कृषक पुरस्कारको लागि मापदण्ड तयार गरी १५ वटा उत्कृष्ट स्मार्ट कृषि गाउँ |

| क्र.सं | ब.व बुँदा नं. | निति तथा कार्यक्रमको विषय | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | प्रदान गर्ने व्यवस्थाका लागी उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ। स्थानीय तहहरुको सहकार्यमा पूर्णकालिन कृषकहरुलाई वर्गीकरण गरी परिचयपत्रका आधारमा सहुलियत र प्रविधिक सेवा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ । | कार्यान्वयन समितिलाई पुरस्कृत गरिएको। कृषक परिचयपत्र वितरण कार्यक्रमको फाल्गुण २२ गतेबाट औपचारिक रुपमा सूचीकरण अभियान शुभारम्भ भएकोमा स्थानीय तहका कृषि तथा पशु सेवा शाखाका कर्मचारीलाई सफ्टवेयर सम्बन्धि तालिम प्रदान गरी सूचीकरण कार्य सञ्चालनमा आएको। |
| ९ | १०४ | कृषि तथा पशुपक्षींजन्य रोग, किरा र महामारी नियन्त्रण गर्न आवश्यक पुर्व तयारीको प्रबन्ध मिलाईनेछ। पशु स्वास्थ्यको संरक्षण र सम्बर्द्धनका लागी एकल स्वास्थ्य अवधारणा अवलम्बन गर्दै तराई जिल्लाहरुमा **खोरेत रोग उन्मूलन अभियान** प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। | खोरेत रोग उन्मुलन अभियान अन्तर्गत तराईका ६ जिल्लामा २६४ जना भ्याक्सिनेटर परिचालन गरी ४९६०५६ पशुहरुलाई खोरेत रोगको खोप लगाइएको। |
| १० | १०५ | कृषि तथा पशुपंछी विशेष **एक जिल्ला, एक स्रोत केन्द्र** स्थापना कार्यलाई निरन्तरता दिइनेछ। रैथाने बाली तथा पशुपक्षींहरुको उत्पादनमा जोड दिदै जैबिक विविधताको संरक्षण र प्रवर्द्धन गर्न **एक स्थानीय तह, एक सामूदायिक बीउबैकं तथा नश्ल संरक्षण केन्द्र** स्थापनामा सहयोग गरिनेछ। | प्राविधिक सेवा टेवा प्रदान गर्न सक्ने क्षमता सहितका ६ वटा सरकारी स्रोत केन्द्रहरु (पुष्प, मौरी, एकीकृत फर्म, बाख्रा, टिस्यूकल्चर प्लान्ट, वागवानी) स्थापना हुनेसम्भावित ठाँउको विस्तृत परियोजना प्रतिवेदन तयार गरी जग्गा प्राप्तिको प्रक्रियामा रहेको। समुदायको व्यवस्थापनमा सञ्चालन हुने (बाख्रा, भैंसी, गाई, ग्रामीण कुखुरा, बंगुर, घाँस) विभिन्न जिल्लामा १३ वटा स्रोत केन्द्रहरु स्थापना भएको। |
| ११ | १११ | कृषि तथा पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न बालीहरुको बीउ प्रतिस्थापन दर बृद्धि तथा पशु नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ। सिंचित क्षेत्रफल विस्तारका कार्यक्रम संचालनमा ल्याइनेछ र सिंचाई पुगेका क्षेत्रहरुमा सघन बाली विकास कार्यक्रम संचालन गरिनेछ। | बीउविजन प्रयोगशाला खजुरा तथा रुपन्देही मार्फत १२६६ नमुनाबीउ नमुना परिक्षण२१५ मे.टन. बीउ प्रमाणीकरण७०९ हे.बीउ बाली निरिक्षण सम्पन्न भएको। त्यस्तै नश्ल सुधारका लागि विभिन्न जिल्लामा गरी कूल ८२१३४ पशुमा कृत्रिम गर्भाधानको कार्य सम्पन्न भएको। |
| १२ | १०६ | अनुभवी कृषकहरुको ज्ञान तथा क्षमताको पूर्ण सदुपयोगका लागी स्थानीय स्तरमा बाली तथा पशुपंछि विशेष स्रोत व्यक्ति विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ। हरित स्वयंसेवकलाई स्थानीय तहहरुसंगको सहकार्यमा वडा | स्थानीय तहहरुका ९८१ वडाबाट श्रोत व्यक्तिको छनौट कार्य सम्पन्न भएको। सम्बन्धित जिल्लास्थित कार्यालयहरुबाट हरित स्वयम्सेवक मार्फत ५१२ नमुना फार्म स्थापना भएको। कृषि तर्फ ७५ जना तथा पशु |

| क.सं | ब.व बुँदा नं. | निति तथा कार्यक्रमको विषय | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | स्तरसम्म पुर्याई सेवा प्रवाहलाई सुदृढ गरिनेछ। | सेवा तर्फको ६० जना हरित स्वयम् सेवकलाई विषयगत ToT तालिम प्रदान गरिएको। |
| १३ | १०२ | कृषि बाली, पशुबस्तु तथा क्षेत्र विशेष मूल्य श्रृङखाला विकास गर्दै कृषकलाई बजारको सुनिश्चिता गराउने उदेश्यका साथ बजार पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ । प्रदेशको उत्पादनमा आधारित प्रशोधन उद्योगको स्थापनालाई प्रोत्साहित गरिनेछ । | मागमा आधारित कृषि वजार पुर्वाधार निर्माण कार्यक्रमतर्फ १८ आयोजना सम्पन्न भएको। गण्डकी प्रदेशमा प्रदेशको बिक्री आउटलेट स्थापना भएको र बजारीकरणका लागि १ वटा प्रदेशको ब्रान्डिङ्गमा सहयोग कार्यक्रम सम्पन्न भएको। |
| १४ | १०८ | उत्पादन समाग्रीको सुनिश्चितता, प्राविधिक सेवा, यान्त्रिकरणका लागी कष्टम हायरिङ्ग सेन्टर, प्रशोधन कार्य तथा बजार सुनिश्चितता हुने गरी नीजि क्षेत्र तथा सहकारीसँगको सहकार्यमा चक्लाबन्दिका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। | स्मार्ट कृषि गाउँ कार्यक्रम मार्फत हालसम्म ४ वटा कष्टम हायरिङ्ग सेन्टर स्थापना भएको।प्रदेशभर करिब ८० हे. क्षेत्रफलमा चक्लाबन्दि कार्यक्रम सम्पन्न भएको। |
| १५ | ११७ | स्थानीय तह विशेष सम्भावना भएका कृषि बाली तथा पशुपंछिहरुको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि संचालन भएको **मिसन कार्यक्रम**लाई बिस्तार गर्दै आगामी बर्ष मकै भटमास आलु बाली थप गरिनेछ।फलफुल विरुवा रोपण अभियानलाई रोजगारीसंग जोडनुका साथै सर्वशुलभ बनाइनेछ। | आ.व. २०७६/७७ देखि सुरु भएको कार्यक्रमलाई आ.व २०७७/७८ मा आलु र मकै समेत थप गर्दै जिल्ला स्थित कार्यालयहरुबाट संचालन भएको।हालसम्म १५० हे. मा लसुन प्याज, २१७ हे. मा आलु, ३२६ हे. मा मकै, १०० हे. मा सुन्तला/कागतीको सघन खेती प्रणाली विस्तार भएको।१४ वटा बाख्रा मिसन मार्फत ७०० परिवार लाभान्वित भएको, १७५०० माउ बाख्रापालन,६ बङ्गुर मिसन मार्फत ३००० माउ पालन भई १५० परिवार लाभान्वित भएको, |
| १६ | १०९<br>१२३ | आयआर्जन, स्वरोजगारी, पोषण तथा खाद्य सुरक्षाको लागि महिला, युवा तथा विपन्न वर्ग विशेष गरिबी निवारण तथा खाद्य सुरक्षा कार्यक्रमहरुलाई मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमसंग सहकार्य गरी संचालन गरिनेछ। कृषक क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रमलाई परिमार्जन गरी उद्यमशिलता विकास गर्न मागमा आधारित पूर्ण ब्यवसायिक तालिम संचालन गरिनेछ । | गरिबीको रेखामुनी रहेका रोल्पा र रुकुम पूर्व जिल्लाका ३७५ जना व्यक्तिहरु सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सम्पन्न भएको। कृषि तथा पशुपन्छी तालिम केन्द्रहरु मार्फत मागमा आधारित स्थालगत तालिम कार्यक्रमहरुको संचालन भएको। |

| क्र.सं | ब.व बुँदा नं. | निति तथा कार्यक्रमको विषय | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १७ | ९६<br>१२०<br>१२१ | स्थानीय तहको साझेदारीमा कृषि आत्मनिर्भर कार्यक्रम अन्तर्गत **एक स्थानीय तह; एक उत्पादन** कार्यक्रम लागू गरिनेछ।कृषि वन प्रवर्द्धन कार्यक्रमलाई स्थानीय तहको सहकार्यमा थप उत्पादनमुखी बनाउदै लगिनेछ। | प्रदेशका स्थानीय तहहरु मार्फत एक स्थानीय तह; एक उत्पादन कार्यक्रमसम्पन्न भएको।आयमुलक कृषि वन कार्यक्रम मार्फत करिब ६० हे. क्षेत्रफलमा उत्पादन कार्यक्रम सम्पन्न भएको। |
| १८ | १२७ | कृषि र पशुपालन क्षेत्रमा विपदबाट हुन सक्ने क्षतिको न्युनीकरण, उद्धार तथा राहतका कार्यक्रम संचालन गरिनेछ। कृषि तथा पशुपन्छी विमा कार्यक्रममा कृषकको पहुंच बृद्धि गर्न सहजिकरण गरिनेछ ।संघको साझेदारीमा मौषम पुर्वानुमानको साथै प्राविधिक सहयोग एवम् सूचनामा पहुँच वृद्धिका लागी किसान कल सेन्टरको सेवालाई प्रभावकारी बनाइनेछ | कृषि पशुपन्छी क्षेत्रमा बाढी, आगलागी जस्ता विपदबाट भएको १२ वटा कृषकहरुलाई राहत स्वरुप रकम रु.१३ लाख रकम प्रवाह भएको। कृषि तथा पशुपन्छी विमा कार्यक्रममा कृषकको पहुंच बृद्धि गर्न सहजिकरण भइरहेको। कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, खजुरामा २०७७/१०/१५ देखि कल सेन्टर शुरुवात भएको।तरकारी रोग/किरा, च्याउ उत्पादनका हालसम्म ४४ सोधपुछ आई सम्बोधन भएको। |
| १९ | ११५<br>१२८<br>१२९ | सहकारी क्षेत्रको क्षमता विकास गरी शिप, जनशक्ति र पूँजिलाई उत्पादनमुलक काममा लगाउन प्रोत्साहन गरिनेछ ।सहकारीक्षेत्रको प्रभाकारी उपयोग, परिचालन रवित्तीय सुशासनका लागि सघन अनुगमन तथा नियमन गरिनेछ। सहकारी विकास कोषलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ। ग्रामिण अर्थतन्त्रलाई बलियो बनाउन सहकारी बजारहरुको स्थापना तथा संचालनमा थप सहयोग गरीनेछ । | सहकारी सहुलियत ऋण कार्यक्रमका लागि मन्त्रालयबाट रु २० करोड मध्ये १९ करोड ७५ लाख बराबरको सम्झौता भएको। सहकारी अन्तर्गत संचालित सहकारी बजार लगायतका १०३ आयोजनाहरु मार्फत प्रदेशका सहकारीहरु तर्फको कूल २६ करोड ७० लाख लगानी सहभागीता भएको। |
| २० | ९९ | हाल संचालनमा रहेको करार खेती कार्यक्रमलाई निरन्तरता दिदै स्थानीय तहसंगको सहकार्यमा **भूमि बैंकको स्थापना** गरी संचालनमा ल्याईनेछ। भुमि बैंकमा रहेका जग्गाहरु सरकारी मध्यस्थातामा खेती गर्न चाहने कृषि उद्यमी तथा कृषकहरुलाई करारमा खेती गर्न जग्गा उपलब्ध गराउने ब्यवस्था मिलाइनेछ । | आ.व. २०७५/७६ (२२७ हे.) र ७६/७७ (१६६ हे.) गरी ३९३ हेक्टरमा करार खेतीको क्षेत्रफल विस्तार भएको। आ.व. २०७७/७८ मा २९६ हे. मा थप भई ६८८ हेक्टर सम्म विस्तार भई यस कार्यक्रमबाट कूल २३९ जना प्रत्यक्ष रोजगार भएको। |

| क.सं | ब.व बुँदा नं. | निति तथा कार्यक्रमको विषय | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| २१ | १३१ | भू-सूचना प्रणालीलाई व्यबस्थित गर्न भूमिको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यवस्था मिलाइनेछ। जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारणका लागि डिजिटल प्रविधिको अवलम्बन गरी कित्तामा आधारित मूल्याङ्कन प्रणालीको विकास गरिनेछ। स्थानीय तहमा आवश्यकता अनुसार संघको सहकार्यमा राष्ट्रिय ग्रिडका नियन्त्रण विन्दु स्थापना गरी विकास निर्माणका कार्य गर्दा तिनै नियन्त्रण बिन्दुको आधारमा पूर्वाधार निर्माण गर्ने प्रणालीको शुरुवात गरिनेछ। | कित्तामा आधारित जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण गर्न लगतकट्टा कार्य गर्ने स्थानीय तहको सहकार्यमा भइरहेको। जग्गाहरुको डिजिटलाइजेसनको कार्य भइरहेको। नियन्त्रण विन्दु स्थापना गर्न सामाग्री खरिदको प्रकृया आगाडि बढेको। |
| २२ | १३१<br>१३२ | केन्द्र सरकारको सहकार्यमा सुकुम्बासी समस्या र अब्यवस्थित वसोवासको समस्या समाधान गरिनेछ। भू-उपयोगको जग्गाको नीति कार्यन्वयनका लागि स्थानीय तहलाई सहजिकरण गरिनेछ। | भूमि समबन्धि समस्या समाधान आयोगको प्रदेश सदस्य मनोनयन गरी सुकुम्बासी समस्या समाधानका लागि तथ्याङ्क संकलन कार्य भएको। |
| २३ | ९५<br>९६ | कोभिड-१९कोकारण सिर्जित प्रतिकूल अवस्थालाई अवसरका रुपमा लिई रोजगारी गुमाएका नागरिकको जिविकोपार्जन सुधार गर्न कृषिउपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यसुरक्षा र आत्मनिर्भता अभिबिद्धि गर्ने गरी तीन तहका सरकारहरुबीच कार्यक्रमिक सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ । | प्रदेशभरका सबै स्थानीय तहहरु मार्फत कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन भएको। सो कार्यक्रम अन्तर्गत कोभिड प्रभावित भई विदेशबाट युवालाई कृषि उत्पादन सामग्रीमा अनुदान सहयोग कार्यक्रम, साना कृषि औजार वितरण कार्यक्रम, एक स्थानीय तह एक उत्पादन कार्यक्रम, करारमा एक स्थानीय तह एक कृषि/पशु अधिकृत परिचालन कार्यक्रम सञ्चालनमा आएको। |

(स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय)

## १०.९ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| ब.उ.शि.नं. ३१२०००१२ कृषिउत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | | | कूल बजेटः २९१३९३ | बजेट खर्चः १७६४१३ | | वित्तीय प्रगतिः ६०.५४ |
|---|---|---|---|---|---|---|
| मुख्य कार्यक्रम/क्रियाकलाप | इकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | |
| | | परिमाण | बजेट | बजेटखर्च | भौतिक | वित्तीय |
| प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | जिल्ला | १२ | ९८४०० | ६५८१६ | ८६.३ | ६६.८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रदेशको ब्रान्डिङ्गमा सहयोग कार्यक्रम | जिल्ला | १२ | २००० | १४९३ | १०० | ७४.७ |
| प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम हाइटेक | संख्या | ३ | ६००० | ५५५३ | १०० | ९२.६ |
| पोषण सुधारका लागि ग्रामिण कुखुरा पालन | जिल्ला | १२ | १२००० | ११३७६ | १०० | ९४.८ |
| नविनतम सिंचाई सहित कृषि प्रदर्शनी कार्यक्रम | जिल्ला | १२ | १०५०० | ७४४४ | ८३.३ | ७०.९ |
| **ब.उ.शि.नं. ३१२०००१३ स्मार्ट कृषि गाउँ कार्यक्रम** | | | **कूलबजेटः ४६८५५१** | **बजेट खर्चः ३५१९१६** | | **वित्तीय प्रगतिः ७५.१२** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| स्मार्ट कृषि गाँउ कार्यक्रम क्रमागत (२०७५.७६) | संख्या | ५२ | १५६००० | ११८७०७ | ८७.९ | ७६.०९ |
| स्मार्ट कृषि गाँउ कार्यक्रम क्रमागत (२०७६.७७) | संख्या | २३ | ९६००० | ८०९६९ | ९४.३ | ८४.३४ |
| स्मार्ट कृषि गाँउ कार्यक्रम क्रमागत नयां (२०७७।७८) | संख्या | ४१ | २००००० | १११११०२ | ७८.६ | ५५.५५ |
| **ब.उ.शि.नं. ३१२०००१४ मत्स्य विकास तथा प्रवर्द्धनकार्यक्रम** | | | **कूलबजेटः ३३९८७** | **बजेट खर्चः २४४५६** | | **वित्तीय प्रगतिः ७१.९६** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| माछा फार्ममा ह्याचलिङ्ग, फ्राई, फिंगरलिङ्ग उत्पादन तथा वितरण | पटक | १ | ३०० | ३०० | १००.०० | १०० |
| ह्याचलिङ्ग उत्पादन तथा वितरण (हजारमा) | संख्या | १५००० | २५५ | २५५ | १०५.६७ | १०० |
| फ्राई उत्पादन तथा वितरण (हजारमा) | संख्या | १२०० | २२८ | २२८ | १६३.२९ | १०० |
| फिङ्गरलिङ्ग उत्पादन तथा वितरण (हजारमा) | संख्या | ९०० | ३१५ | ३१५ | १३१.३२ | १०० |
| खाने माछा/एरलिङ्ग उत्पादन तथा वितरण | के.जी. | ५०० | १०० | १०० | १०३.८६ | १०० |
| पहाडी क्षेत्र चिसो पानीमा माछा उत्पादन कार्यक्रम | जिल्ला | ६ | १२००० | ८६०० | १०० | ७१.६६ |
| सिमेन्टेडवाल सहित नयाँ पोखरी निर्माण | संख्या | ४ | ४८०० | ४००० | १०० | ८३.३३ |

| **ब.उ.शि.नं. ३१२०००१५ भूमि तथा गुठी व्यवस्थापनकार्यक्रम** | | | **कूलबजेटः ४९८९०** | **बजेट खर्चः १९३६६** | | **वित्तीय प्रगतिः ३८.८२** |
|---|---|---|---|---|---|---|
| मुख्य कार्यक्रम/क्रियाकलाप | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| करार खेती कार्यक्रम २०७५/७६ | हे. | ७५१ | २६५०० | १५७०० | ७३.८ | २३.८ |
| करार खेती कार्यक्रम २०७६/७७ | हे. | | | | | |
| करार खेती कार्यक्रम नयाँ (मन्त्रालयमा रहेको) | हे. | | | | | |
| करार खेती कार्यक्रम नयाँ (जिल्लाबाट संचालन हुने) | हे. | २७६ | ३९४०० | | | |
| **ब.उ.शि.नं. ३१२०००१६ सहकारी तथा गरीबी निवारणकार्यक्रम** | | | **कूलबजेटः १७६७२७** | **बजेट खर्चः ११९१७१** | | **वित्तीय प्रगतिः ६७.४३** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| सहकारी विकास कोष | पटक | १ | २००००० | २००००० | ५० | १०० |
| सहकारी बजार स्थापना क्रमागत (२०७६।७७) | संख्या | ३ | १०५०० | १०१८५ | १०० | ९७ |
| सहकारी बजार स्थापना नयाँ | जिल्ला | ३ | १५००० | १४७१५ | १०० | ९८.१ |
| गरिबि निवारण कार्यक्रम | जिल्ला | १२ | ५२५०० | ३१६१० | ७० | ६०.२१ |
| नविनतम सोचमा आधारित उत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रम | जिल्ला | १२ | २७२०० | २५८४० | १०० | ९५ |
| यूवा तथा महिला उद्यमशिलता विकास कार्यक्रम | जिल्ला | १२ | १३००० | ८४५० | ९० | ६५ |
| **ब.उ.शि.नं. ३१२०००१७ अभियानमूखी (मिसन) कार्यक्रम** | | | **कूलबजेटः ३२३०४२** | **बजेट खर्चः २२७८५४** | | **वित्तीय प्रगतिः ७०.५३** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| बाख्रा मिसन २०७६।७७ | जिल्ला | ७ | ७०००० | ६१६०० | ९४.२ | ८८ |
| भेडा बाख्रा मिसन नयां | जिल्ला | ७ | | | | |
| बंगुर मिसन २०७६।७७ | जिल्ला | ३ | १५००० | १३४०० | ९८.४ | ८९.३३ |
| बंगुर मिसन नयां | जिल्ला | ३ | | | | |
| लसुन प्याज मिसन २०७६।७७ | जिल्ला | ६ | १३९०० | ८०३७ | ७२.१ | ५७.२८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लसुन प्याज मिसन नयां | जिल्ला | ६ | | | | |
| कागती सुन्तला मिसन २०७६।७७ | जिल्ला | ६ | ३१२०० | १३५०० | ६७.६ | ४३.२६ |
| कागती सुन्तला/स्याउ मिसन नयां | जिल्ला | ६ | | | | |
| फलफूल विरुवा रोपण अभियान कलष्टर | जिल्ला | १२ | ११४०० | ४७३१ | ५९.८ | ४१.५ |
| आलु मिसन | जिल्ला | १२ | ३२८०० | २४१८४ | ७७.४ | ७३.५ |
| मकै मिसन | जिल्ला | १२ | ५८००० | २७५७९ | ५८.३ | ४७.९ |
| रोड कोरिडोर/क्षेत्र विशेष कृषि/पशु विकास कार्यक्रम | जिल्ला | १२ | ९४००० | ५९७९१ | ६९.२ | ६३.५ |
| **ब.उ.शि.नं. ३१२०००१८ कृषि तथा पशुपन्छी सेवाटेवा तथास्रोत केन्द्र विस्तार** | | | **कूलबजेटः ५६०३००** | **बजेट खर्चः ४४७८६८** | | **वित्तीय प्रगतिः ७९.९३** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| स्रोत केन्द्र स्थापना | संख्या | ९ | ६३००० | ३६५०० | ७२.४ | ५८ |
| शुलभकर्जा सहजिकरण तथा व्याज अनुदान | जिल्ला | १२ | २५०००० | २५०००० | १०० | १०० |
| बीउ विजन बाली संरक्षण तथा मल माटो प्रयोगशाला | जिल्ला | १२ | ३५००० | २६६६६ | ८३.८ | ७६.१८ |
| हरित स्वयंसेवकपरिचालन | जना | ९८३ | ७६००० | ५५००० | ८५.३ | ७२.४ |
| **ब.उ.शि.नं. ३१२०००१९ कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास** | | | **कूलबजेटः २८४३७९** | **बजेट खर्चः १५५४६०** | | **वित्तीय प्रगतिः ५४.६७** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| बजार पूर्वाधार विकास कार्यक्रम | जिल्ला | १२ | ३४१०० | ३१५०० | ७२.४ | ९२.३७ |
| शित भण्डार निर्माणमा अनुदान | संख्या | १२ | २००००० | ८७००० | १०० | ४३.५ |
| भेटेरीनरी रिफरल अस्पताल निर्माण | संख्या | २ | ३५००० | ९६२४ | २८.५ | २७.४९७१४२८६ |
| **ब.उ.शि.नं. ३१२०००२० युवा लक्षित कार्यक्रम** | | | **कूलबजेटः ३१३२४** | **बजेट खर्चः २०५७६** | | **वित्तीय प्रगतिः ६५.६९** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| कृषिकर्मीरोजगारी कार्यक्रम | जना | ५०० | १०००० | ९३०० | १०० | ९३ |
| **ब.उ.शि.नं. ३१२०००२१ पशुपन्छी विकास तथा पशुस्वास्थ्य नियमन कार्यक्रम** | | | **कूलबजेटः ४९६४५** | **बजेट खर्चः ३६७२२** | | **वित्तीय प्रगतिः ७३.९७** |

| मुख्य कार्यक्रम/क्रियाकलाप | इकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | बजेटखर्च | भौतिक | वित्तीय |
| तराई लक्षित बायोग्यास सहित भकारो सुधार कार्यक्रम | जिल्ला | ६ | १२००० | १०९३२ | ९८.२ | ९१.१ |
| पशु स्वास्थ्य नियमन/शिविर | जिल्ला | १२ | ३०००० | २५५०० | ९४.५ | ८५ |
| खोरेत रोग उन्मूलन अभियान | जिल्ला | १२ | ४०००० | ३६८९८ | ९५.६ | ९२.२४ |
| गौशाला निर्माणमा सहयोग | जिल्ला | १२ | ७५०० | ६५१२ | १०० | ८६.९३ |
| **ब.उ.शि.नं. ३१२०००२२ क्षमता अभिवृद्धि तथा सीप विकासतालिम** | | | **कूलबजेटः १४४२२** | **बजेट खर्चः १०५०१** | | **वित्तीय प्रगतिः ७२.८१** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| मागमा आधारित कृषि तथा पशुपंछि तालिम लिएका लाई उद्यमशिलता अनुदान | संख्या | ६०० | १८००० | १६००० | १०० | ८९.३६ |
| सहकारी प्रवर्द्धन तथा उद्यमशिलता तालिम | संख्या | २० | ८००० | ७२५६ | १०० | ९०.७१ |
| **ब.उ.शि.नं. ३१२०००१२० संघ सशर्त कार्यक्रम** | | | **कूलबजेटः ४३२१००** | **बजेट खर्चः २१९७७२** | | **वित्तीय प्रगतिः ५०.८६** |
| **मुख्य कार्यक्रम/क्रियाकलाप** | **इकाइ** | **वार्षिक लक्ष्य** | | **वार्षिक प्रगति** | | |
| | | **परिमाण** | **बजेट** | **बजेटखर्च** | **भौतिक** | **वित्तीय** |
| ब्लक विकास कार्यक्रम | संख्या | १०९ | ४३२१०० | २१९७७२ | ७८.९ | ६४.६ |

(स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय)

## १०.१० आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण

(रु. हजारमा)

| सि.नं. | कार्यालयको नाम | राजश्व आम्दानी रु. |
|---|---|---|
| १ | कुखुरा विकास फार्म खजुरा बाँके | १,१७,९८.९।- |
| २ | मत्स्य विकास केन्द्र शम्सेरगञ्ज बाँके | २०,५१.४।- |
| ३ | कृषि ज्ञान केन्द्र, विज्ञ केन्द्र तथा अन्य कार्यालयहरु | १३,९१.१।- |
| ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३९,४९.२।- |
| | जम्मा | १,९१९०.६।- |
| अक्षरेपि एक करोड एकानब्बे लाख नब्बे हजार छ सय मात्र। | | |

(स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय)

## १०.११ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

### (क) महत्वपूर्ण कार्यको विवरण

**आ.व. २०७७/२०७८ मा सम्पादित मुख्य मुख्य कार्यक्रमका उपलब्धिहरु**

**क. कृषि तथा पशुपन्छी क्षेत्रतर्फः**

- स्मार्ट कृषि गाउँ कार्यक्रमलाई महत्वकांक्षी आयोजनाका रुपमा लिई शिक्षा, प्रसार र अनुसन्धानलाई एकीकृत गर्दै हालसम्म करिब ७५०० घरधुरीका ३७५०० कृषकहरु समेटी १०८ वटा गाउंहरुमा एकीकृत मोडल सहितको कार्यक्रम संचालन भइरहेको छ। कार्यक्रम मार्फत आधुनिक बाखा/बंगुर खोर निर्माण ११५३ वटा, आधुनिक गाई/भैसी गोठ निर्माण १८० वटा, भकारो सुधार २७७ वटा, स्थायी टनेल निर्माण ३३७ वटा, अस्थायी टनेल निर्माण २०३३ वटा तथा सिंचाई कुलो निर्माण ३४०० (मिटर) लगायतका उपआयोजनाहरु सम्पन्न भएका छन्।
- कृषिजन्य वस्तुको भण्डारण, मूल्य र बजारीकरणको हालको समस्यालाई दिर्घकालिन समाधान गर्ने गरी आ.व. २०७५/७६ बाट सुरु भएका करिब १०,९०० मे.टन क्षमताका १९ वटा शित भण्डार मध्ये हालसम्म ८०५० मे.ट. क्षमताका १० वटा आयोजना सम्पन्न भई बाँकी २८५० मे.टन. क्षमताका ९ वटा आयोजना सम्पन्न हुने अन्तिम चरणमा रहेका छन्।
- प्रदेशभित्रको उत्पादनलाई बजारसम्मको पहुंच तथा उत्पादक र उपभोक्ताबिचको मूल्य कम गर्ने उद्येश्यले हालसम्म १८ वटा बजार निर्माण तथा सुधारका कार्यक्रम सम्पन्न भएका छन्।
- अनुदान वितरण प्रकृयालाई परिस्कृत र अझै कृषक मैत्री बनाउनका लागि सुरुवात गरिएको प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत दुध उत्पादनमा तर्फ ७५ र माछा/मासु उत्पादनतर्फ ४३ तथा आलु तथा बीउ उत्पादनतर्फ ५ वटा सहकारीका कृषकहरु लाभान्वित हुने गरी ६ करोड ४७ लाख अनुदान रकम प्रवाह गरिएको छ।
- अनुदान कार्यक्रमलाई थप प्रभावकारी गराउनका लागि शुलभदर मा कृषि ऋण प्रदान गर्न र सोको सहजिकरण गर्न थालनी भएको शुलभ कर्जा सहजिकरण तथा ब्याज अनुदान कार्यक्रमका लागि सबै जिल्लामा कर्जासहजकर्ता परिचालन गरिएको छ। कर्जा सहजकर्तामार्फत ९८८ जना कृषकहरुलाई कृषि व्यवसायको सहजिकरण, ३६५ आयोजनाहरुको प्रस्ताव तयार भएकोमा कूल २५५ आयोजना मार्फत ५७ करोड २० लाख ६० हजार रकम सिफारिस भएको छ। सिफारिस आयोजना मध्येबाट कूल ११३ आयोजना मार्फत रु. २६ करोड १२ लाख ५० हजार स्वीकृत भएको छ।
- प्रदेशभित्रको उत्पादनलाई बजारसम्मको पहुंच तथा उत्पादक र उपभोक्ताबिचको मूल्य कम गर्ने उद्येश्यले हालसम्म १८ वटा बजार निर्माण तथा सुधारका कार्यक्रम सम्पन्न भएका छन्।
- नविनतम व्यवसायहरुलाई प्रोत्साहन गर्ने उद्धेश्यले लौकाट, टर्कि, कालिज पालन, बट्टाई पालन जस्ता कार्यक्रमहरुलाइ सहकारी मार्पत नविनतम सोंचका कार्यक्रम मार्पत संचालनमा ल्याईएको छ।

- खोला किनारका जग्गाको सही उपयोग गरी आयआर्जनमा टेवा पुर्याउनका लागि थप ७० हे. मा बगर खेती कार्यक्रम विस्तार गरिएको छ।
- आ.व. २०७६/७७ मा संचालन सुरु भएको अभियानमुखी मिसन कार्यक्रममार्फत १५० हे. मा लसुनप्याज, २१७ हे. मा आलु, ३२६ हे. मा मकै, १०० हे. मा सुन्तला/कागतीको सघन खेती प्रणाली विस्तार भएको छ। कार्यक्रमबाट करिब १४०० मे. टन. लसुन।प्याज, २१०० टन आलु, ८२८ मे.टन मकै उत्पादन भएको पशुपन्छी तर्फ १४ वटा बाख्रा मिसन मार्फत ७०० परिवार लाभान्वित हुने गरी १७५०० माउ बाख्रा पालन भएको, ६ बङ्गुर मिसन मार्फत १५० परिवार लाभान्वित हुने गरी ३००० माउ पालन भएको छ। मिसन कार्यक्रमबाट कूल ३१३४ जनालाई रोजगारी सृजना भएको छ।
- कृषिलाई रोजगारीमूलक पेशका रुपमा विकास गर्ने उद्देश्यका साथ शुरुवात गरिएको कृषिकर्मी रोजगारी कार्यक्रमको २४७ लागि रोजगारदाता छनौट भएकोमा १५६ सामाजिक सुरक्षा कोषमा आबद्ध भइ सम्झौता भई ४१८ कृषिकर्मीलाई प्रत्यक्ष रोजगारी प्राप्त भएको छ।
- कृषिलाई रोजगारीमूलक पेशाका रुपमा विकासगर्ने उद्देश्यका साथ शुरुवात गरिएको कृषिकर्मी रोजगारी कार्यक्रमको लागि २४७ रोजगारदाता छनौट भएकोमा १५६ सामाजिक सुरक्षा कोषमा आबद्ध भइ सम्झौता भई ४१८ कृषिकर्मिलाई प्रत्यक्ष रोजगारीमा सहयोग पुगेको छ।
- हरित स्वयमसेवक परिचालनतर्फ १०९ स्थानीय तहहरुका ९८१ वडाबाट श्रोतव्यक्तिको छनौट कार्य सम्पन्न भइ सम्बन्धित जिल्ला कार्यालयहरुको सहजिकरणमा ५१२ वटा नमुना फार्म स्थापना भएको छ।
- कृषक, कर्मचारी तथा सहकारीमा आवद्ध जनताहरुको विषय सम्बन्धित क्षमता विकासका विभिन्न तालिम कार्यक्रम मार्फत हालसम्म ४३७ महिला र ५८४ पुरुष गरी जम्मा १०२१ जना भन्दा बढीलाई सिपमुलक व्यवहारिक तालिम प्रदान गरिएको छ।
- गाई वस्तुको मुख्य रोगको रुपमा रहेको खेरेत रोगको उन्मुलनका लागि प्रथम चरणमा प्रदेशका ६ वटा तराईका जिल्लाहरुमा २६४ भ्याक्सिनेटरहरु परिचालन गरी करिव ५ लाख पशु समेट्ने गरी खोप सेवा दिइएको छ।
- पशु स्वास्थ्य सेवा तथा नियमन कार्यक्रमतर्फःहालसम्म पशु प्रजनन सेवा प्रदान तर्फ (कृत्रिम गर्भाधान गाई, भैसी, बाख्रा) ८१११४, पशुस्वास्थ्य कार्यक्रम तर्फ (पशुपन्छीको उपचार सेवा) १३४०६७, रोग निदान प्रयोगशाला सेवातर्फ (गोबर परिक्षण, थुनेलो परिक्षण तथा शव परिक्षणका)जम्मा ३०३२८ कार्य सम्पन्न, रोग नियन्त्रण (खोप) सेवा तर्फ १०११५१२ वटा कुखुरा, कुकुर, भेडा, बाख्रा, बिरालो आदिमा भ्याक्सिनेसन सेवा प्रदान गरिएको छ। कार्यालय सेवा प्रवाह तथा उत्पादन बिक्री वितरणमार्फत रु.१,९२,६८,३१४ राजश्व संकलन भएको छ।

**ख. सहकारी तथा गरिबी निवारण क्षेत्रः**

- प्रदेशभित्रको कृषि तथा पशुपन्छी उत्पादनलाई बजार सम्मको पहुंच तथा उत्पादक र उपभोक्ता बिचको मूल्य कम गर्ने उद्देश्यले आ.व २०७५/७६ देखि शुरु भएको सहकारी बजार स्थापना कार्यक्रमतर्फ चालु आ.व. मा थप ६ वटा गरी जम्मा १२ वटा जिल्लाविशेष आयोजनाहरु सम्पन्न भई संचालनमा ल्याईएको छ।
- सहकारीमार्फत नविनतम सोंच तथा प्रविधि प्रसारको सम्भावनालाई मनन गरी आ.व. २०७५/७६ देखि संचालनमा ल्याईएको नविनतम सोच सहितका रोजगारी र उत्पादन प्रवर्द्धन कार्यक्रमतर्फ १७ वटा उत्पादन, प्रशोधन तथा बजारिकरणका विभिन्न आयोजनाहरु निर्माणसम्पन्न भई संचालनमा आएका छन्।
- सहकारी विकास कोषमार्फत साना व्यवसायीलाई ऋण प्रवाह गरी उधमशिलता विकास गर्ने लक्ष्य अनुसार मन्त्रालयको करिव २० करोड बराबरको रकम परिचालन हुने गरी ४८ वटा आयोजनाहरु संचालनमा रहेका छन्।
- आयआर्जनका मार्गहरु पहिचान गरी सहकारीमा आवद्ध महिला तथा युवावर्गहरुलाई कृषिक्षेत्रमा स्थापित गर्नका लागि ९५ जना प्रत्यक्ष लाभान्वित हुने गरी ३३ वटा महिला/युवा लक्षित कार्यक्रमहरु सम्पन्न भएका छन्।
- सहकारीका मुलभुत मुल्य तथा मान्यताहरुलाई ग्रहण गरी एकको सिकाई अर्कोमा स्थापना गर्ने दृष्टिकासाथ रुपन्देही, रोल्पा र कोहलपुरमा गरी ३ वटा सहकारी नमुना गाउँहरुको विकास कार्यक्रम संचालन भएको छ।
- सहकारी संस्थाहरुको परिचालन तथा नियमन कार्यलाई थप व्यवस्थित गर्नका लागि आवश्यक विनियम संशोधन, सहकारी एकिकरण, सहकारी संघ दर्ताका साथै नियमित कार्यहरु भइरहेको छ।
- **भूमि गुठी तर्फः** करार खेती कार्यक्रम तर्फ आ.व. २०७५/७६ मा २२७ हे. र २०७६/७७ १६६ हे. गरी ३९३ हेक्टरमा करार खेती विस्तार भएकोमा आ.व. २०७७/७८ मा थप २९६ हे. मा विस्तार भई २३९ जना प्रत्यक्ष रोजगार हुने गरी कूल ६८८ हेक्टरमा कार्यक्रम संचालन भएको।

## १०.१२ आ.व. २०७७/७८ का कार्य सम्पादन सूचकहरु (प्रकृया र प्रतिफल तह)को प्रगति विवरण

| सूचकहरु | SDG संकेत | समिक्षा अवधि | एकाई | वार्षिक लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| थप रोजगारी सृजना | ९.२ | चौमासिक | संख्या (हजार) | नतोकिएको | | |
| रोजगारीमुलक तालिम | ९.२ | मासिक | जना | १६०० | **१०२१** | |
| कृषक वा कृषि फर्मलाई अनुदान रकम | २.१ | मासिक | रु. लाख | २४९५० | १७४२४ | |
| उत्पादनमुलक सहकारीसंघ संस्थालाई | ८.३.१ | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अनुदान रकम | | | | | | |
| कर्मचारी तालिम | १६ | मासिक | जना | ४४० | ४४० | |
| कृषक तालिम | | मासिक | जना | | | |

(स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय)

## १०.१३ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- कृषिक्षेत्रमा लक्षित वर्गहरु फरक फरक हुने र प्रवाह गर्ने अनुदानको रकम सिमा, कार्यालय र कृषकको लागत सहभागिताको आकारमा भिन्नता हुने भएकाले अनुदान प्रवाहका लागि समस्या भएको। सोको लागि छुट्टै अनुदान सम्बन्धि ऐनको व्यवस्था हुनुपर्ने।
- स्मार्ट कृषि गाउँहरुको लागि स्थानीय तहहरुको तर्फबाट हुनुपर्ने लागत सहभागिता जुटाउन मुस्किल भइरहेको।
- मन्त्रालयले प्रदान गर्ने क्षमता विकास तालिमहरु सहायकस्तरका कर्मचारीकालागि हुने हुनाले पुर्वाधार तथा जनशक्तिको विकास गरी सबै तहका कर्मचारीलाई तालिम प्रदान गर्न सक्ने गरी स्तरोन्नतरी गर्ने।
- मन्त्रालय तथा मातहतका कार्यालयहरुमा प्रविधिक जनशक्तिको कमिका कारण कार्यक्रम कार्यान्वयन तथा प्राविधिक सेवाटेवामा समस्या भएको। स्थायी पदपुर्ति हुनुपर्ने।
- शितभण्डार जस्ता ठुला आयोजना संचालनका लागि सोही सम्बन्धि प्राविधिक जनशक्ति नभएको।
- साना कृषकहरुको हकमा कृषकहरुको प्यान नम्बरको अनिवार्य व्यवस्था हुन सम्भव नभएकाले कार्यक्रम संचालनमा कठिनाई भइरहेको। कृषकहरुलाई कर छुट सम्बन्धि व्यवस्थाको विकास गर्नुपर्ने।
- मत्स्यपालन व्यवसायलाई उद्योगको रुपमा परिभाषित गरिएकाले उत्पादन लागतमा बिजुलीको हिस्सा अत्याधिक हुने गरेको।
- भूमि तथा गुठीसम्बन्धि प्रदेशको अधिकार स्पष्ट नभएकाले कार्यक्रम संचालन गर्न समस्या भइरहेको।

## १०.१४ समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- प्रादेशिक तालिम केन्द्रहरुको स्तरोन्नत्तरी गरी सबै किसिमका तालिम प्रवाह गर्न सक्ने गरी पुर्वाधार तथा क्षमता विकास गर्नुपर्ने।
- साना कृषकहरुलाई लक्षित गरी प्यान नं छुटको विशेष किसिमको व्यवस्था गर्नु पर्ने।
- कार्यक्रम योजना तर्जुमा गर्दा तिनै तहको सरकारले एक अर्कोको प्रतिवद्धतालाई सहयोगी बन्ने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने, सोको लागि समन्वय आवश्यक रहेको।

- मत्स्यपालनलाई कृषि व्यवसायका रुपमा परिभाषित गर्नुपर्ने। कृषि उपज भण्डारणको लागि कोल्ड स्टोरेजमा विधुत महशुल छुटको सुनिश्चितता हुनुपर्ने। कृषि मन्त्रालयका विशेष पकेट क्षेत्रका लागि मझौला सिंचाइको व्यवस्था हुनुपर्ने।
- भुमिसम्बन्धिकोकाम, कर्तव्य तथा अधिकार संघ, प्रदेश तथा स्थानीय तहको स्पष्ट हुनुपर्ने।
- शितभण्डार जस्ता बृहत आयोजनाहरुको लागि सम्बन्धित प्राविधिक तथा कृषि इन्जिनियरिङ्ग सम्बन्धि प्राविधिक जनशक्तिको व्यवस्था हुनुपर्ने।

## १०.१५ मन्त्रालयले कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरु (Good Practices)

- पेश्कि रकम उपलब्ध नगराई कार्यसम्पन्नताका आधारमा भूक्तानी दिने ब्यवस्था मिलाइएको।
- अनुदान कार्यक्रममा अनुदानग्राहीको छनौट पश्चात १ हप्तासम्मको गुनासो गर्नसक्ने व्यवस्था मिलाईएको।
- अनुदानप्राप्त अनुदानग्राहीहरुबाट सम्झौता अघि कार्ययोजना स्विकृत अघि र कार्य सम्पन्न पश्चात कार्यप्रगति प्रस्तुतिकरण गर्ने ब्यवस्थाको शुरुवात गरिएको।
- अनुदानग्राहीहरुको पूर्ण विवरण भएको पुस्तिका प्रकाशन गरि दाहोरोपना रोक्न संघिय सरकार र स्थानीय  तहहरुमा पठाईएको।
- नगद अनुदानलाई परिमार्जित गरी प्रतिफल अनुसारको प्रोत्साहन रकम सम्बन्धित कृषकको बैंक खाता मार्फत उपलब्ध गराइएको।
- कृषकहरुलाई कृषि ऋणको पहुच बृद्धिका लागि ब्याजमा अनुदानको व्यवस्था मिलाउन १२ जिल्लामा शुलभ कर्जा सहयोगी कक्ष स्थापना गरिएको।
- अनुदानका लागी आवेदन र प्रगति प्रणालीलाई यस वर्षबाट डिजिटल प्रणालीमा लैजाने गरि तयारी भइरहेको।

## १०.१६ निष्कर्ष

कृषि, भूमि तथा सहकारी क्षेत्रमा लक्षित वर्गहरु फरक फरक हुने र प्रवाह गर्ने सेवामा भिन्नता हुने भएकाले विभिन्न सेवाहरु उपलव्ध गराउनका लागि मन्त्रालय तथा मतहतका कार्यालयहरुमा प्रविधिक जनशक्तिको कमिका कारण कार्यक्रम कार्यान्वयन तथा प्राविधिक सेवाटेवामा समस्या भएकोले स्थायी पदपुर्ति हुनसकेमा थप प्रभावकारी सेवा उपलव्ध गराउन सकिन्छ ।साथै कृषि क्षेत्रमा लक्षित वर्गहरु फरक फरक हुने र प्रवाह गर्ने अनुदानको रकम सिमा, कार्यालय र कृषकको लागत सहभागिताको आकार समेत फरक फरक हुनेकारण अनुदान प्रवाहका लागि समस्या हुने भएकोले एकीकृत  अनुदान सम्बन्धि ऐनको व्यवस्था गरी कार्यान्वयनमा ल्याउन सकेमा सेवा प्रवाहमा प्रभावकारी हुन सक्ने देखिन्छ।

# परिच्छेद ११
# ग्रामीण तथा शहरी विकास मन्त्रालय

## ११.१ परिचय

लुम्बिनी प्रदेशभित्रका खानेपानी तथा सरसफाई, आवास, भवन, शहरी विकास र पर्यटन पूर्वाधार विकास जस्ता भौतिक पूर्वाधारहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, प्रवर्द्धन र नियमन सम्बन्धी कार्य गर्ने उद्देश्यले प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।०१।०६ को निर्णय अनुसार ग्रामीण तथा शहरी विकास मन्त्रालय स्थापना भएको हो। हाल यस मन्त्रालय अन्तर्गत साविकमा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेका खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरु (६ वटा), शहरी विकास तथा भवन कार्यालयहरु (४ वटा) र साविकमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेका पर्यटन डिभिजन कार्यालयहरु (२ वटा) गरि जम्मा १२ वटा कार्यालयहरु रहेका छन्।

## ११.२ कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयबाट सम्पादन हुने कार्यहरू देहाय बमोजिम तोकिएका छन्:

- प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश भित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत र आवास तथा भवन सम्वन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन,
- प्रदेश भित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन,
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र नियमन,
- सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन,
- बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको खानेपानी सरसफाइ तथ स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन,
- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,

- लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी,
- प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास, प्रवर्द्धन र नियमन,
- पर्यटक प्रहरी व्यवस्थापन,
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, न्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन।

## ११.३ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरणः

| नीति तथा का.को बुँदा नं. | ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १०१ | २०१, २१४ | एकीकृत बस्ती विकास कार्यक्रम मापदण्ड तयार गर्ने। आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम ब.उ.शि.न.३३७०४०१२<br>(क) प्रदेशका ६ स्थानलाई शीर्षविन्दु घोषणा गरी विकास गर्ने नीति बमोजिम तराईका बुटवल-भैरहवा, नेपालगञ्ज-कोहलपुर र घोराही-तुल्सीपुरमा व्यवस्थित घना शहरीकरण तथा पूर्वाधार विकासका लागि एकीकृत गुरूयोजना सम्पन्न गरिनेछ, पहाडका नदी सभ्यता तथा धार्मिक, ऐतिहासिक सम्पदालाई मनन गर्दै पर्यटनमैत्री पहाडी शहर विकास। विकसित सडक संजालले उजागर गरेका अर्घाखाँचीको दुर्गाफाँट, गुल्मीको बुल्म लगायतका तीन सम्भावित स्थलहरूमा पहाडी साना शहरको सम्भाव्यता अध्ययन। प्रदेशका सबै जिल्लाका ४७ वटा स्थानमा सञ्चालित आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम अन्तर्गत एकीकृत पूर्वाधार कार्यक्रम। | ४ वटा आयोजनाहरुको कार्य सम्पन्न। १५ वटा आयोजनाहरुको प्रथम चरणको कार्य सम्पन्न २९ वटा आयोजनाहरुको प्रथम चरणको कार्य सम्पन्न हुने अवस्थामा रहेको।नया कामको ४४ वटाको बोलपत्र आव्हान भै कार्यान्वयनमा रहेको। |
| १०० | २०२ | • बहुतले आवास निर्माणलाई प्रोत्साहन गर्ने।<br>• राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन | २४ वटा आयोजनाहरुको निर्माण कार्य भइरहेको र १ आयोजनाको |

| नीति तथा का.को बुँदा नं. | ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | (सरकारी भवन निर्माण तथा सभाहल निर्माण कार्यक्रम) | जग्गा प्राप्त हुन नसकेको। |
| १०२, १११, ११३ | २०० | • स्थानीय तहको समन्वय तथा सहकार्यमा आगामी आर्थिक बर्षमा ६ वटा पहाडी जिल्लामा साना शहरको विकासका लागि सम्भाव्यता अध्ययन। भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डको प्रभावकारी कार्यान्वयन तथा नियमन।<br>• तराईका बुटवल-भैरहवा, नेपालगञ्ज-कोहलपुर तथा घोराही-तुल्सीपुर र पहाडका स्वर्गद्धारी (भिङग्री), रुरुक्षेत्र (रिडी) र रामपुरलाई प्रदेशका ६ शीर्षविन्दु (नोडल प्वाइन्ट) घोषणा गर्ने र विकास र संजालका आयामहरुलाई त्यस ढाँचामा केन्द्रित गर्ने।<br>• महानगर पूर्वाधार विकास कार्यक्रम संचालन। यस कार्यक्रम अन्तरगत यस वर्ष विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा गर्ने।<br>शहरी पूर्वाधार विकास कार्यक्रम ब.उ.शि.न ३३७०४०१४<br>• प्रदेशभित्रका सबै जिल्ला सदरमुकाम तथा घना आवादी भएका ३३ वटा शहरी क्षेत्रका सडकमा पैदल यात्रीहरूले प्रयोग गर्ने सडक फुटपाथ निर्माण। | • २ वटा चक्रपथ, ३ वटा महानगर उन्मुख शहरी पूर्वाधार कार्य, १९ वटा पार्क र २४ वटा फुटपाथको ४५ प्रतिशत निर्माण कार्य भएको। ९ सडक तथा फुटपाथको सम्झौता भै कार्यान्वयनमा रहेको। |
| १०० | १९९ | नीतिगत र कानूनी व्यवस्था गरी सघन सहरी क्षेत्रमा बहुतले आवासको निर्माणलाई प्रोत्साहन गरिनेछ। मौलिक एवम् प्राचीन वास्तुकला प्रवर्द्धन गर्दै स्थानीय निर्माण सामग्री प्रयोग हुने गरी सुरक्षित घर निर्माण गर्न सहजीकरण गर्ने। जनता आवास कार्यक्रम ब.उ.शि.न ३३७००१२०<br>(क) प्रदेशका १२ वटै जिल्लामा नेपाल सरकारबाट सशर्त अनुदानमा हस्तान्तरित | पुराना १९५० आवास सम्पन्न ४७५ आवास कार्यान्यनमा रहेका र ७७२ आवासको नयाँ सम्झौता भएको। |

| नीति तथा का.को बुँदा नं. | ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | जनता आवास कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता। चालु आर्थिक वर्षमा क्रमागत रहेका २६४० वटा आवासलाई आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी थप ७८७ वटा आवास निर्माण | |
| ९८ | १९४, १९५, १९६, १९७, १९८, १९९ | देशभरका सबै स्थानीय तहहमा निर्माणाधिन अवस्थामा रहेका खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गर्ने। "एक घर, एक धारा" को संकल्प प्रस्ताव पारित गरिसकेको सन्दर्भमा क्रमागत आयोजना सम्पन्न गरी नयाँ आयोजनाको निर्माण र सम्पन्न आयोजनाको मर्मत संभार। खानेपानी र सरसफाई | • घर धुरी तथ्याङ्क संकलन भइ रहेको।<br>• ९८ वटा खानेपानी तथा सरसफाई आयोजनाहरु सम्पन्न।<br>• ११९ वटा खानेपानी आयोजनाहरुमा मर्मत कार्य भएको। |
| | | | • १३५२ वटा खा.पा.आ. मध्ये १०४९ वटा खा.पा.आ कार्यान्वयन अवस्थामा रहेको।<br>• कपिलबस्तु जिल्लाकोपानी परिक्षण प्रयोगशालाको टेन्डर भई कार्य अन्तिम चरणमा रहेको।<br>• WAS "वास" योजना अनुसार आयोजना छनौटको चरण रहेको।<br>• ५२७ वटा उच्च प्रविधियुक्त केन्द्रिय खानेपानी कार्यक्रम आयोजनाहरु मध्ये ४३७ वटा कार्यान्वयन अवस्थामा रहेको।<br>• लागत अनुमानको तुलनामा विनियोजित बजेट अत्यन्तै न्यून रहेकोले उक्त आयोजनाहरु संघमा फिर्ता गर्ने क्रममा रहेको। |

| नीति तथा का.को बुँदा नं. | ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|---|
| ९९ | | देशलाई पूर्ण सरसफाई उन्मुख देश घोषणा गर्ने कार्यलाई स्थानीय तहसँगको समन्वयमा अघि बढाइने। पूर्व-पश्चिम लोकमार्गमा शुरु गरिएको ६ वटा पुनर्ताजगी केन्द्र निर्माण गर्ने। वातावरण अनुकूलित विधिको उपयोग गरी सार्वजिनक शौचालय तथा सहरी ढल व्यवस्थापन गर्ने। | ४ वटा आधुनिक शौचालय निर्माण कार्यको लागि टेन्डर भै कार्यान्वयन अवस्थामा रहेको। |

## ११.४ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षाः

(रु. हजारमा)

### ११.४.१ खानेपानी तथा सरसफाइ तर्फको कार्यक्रमगत प्रगति विवरणः (समानीकरण)

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट% |
| १ | **सघन खानेपानी विकास कार्यक्रम** | | | | | | |
| क | क्रमागत खानेपानी आयोजना | **६६३** | २६९४००४ | **१६** | २ | २५९४१६२ | **९६** |
| ख | माग भै आएका ख.पा.आहरुको सम्भाव्यता आध्ययन गरि सम्भाव्य आयोजनाहरुको मन्त्रालयबाट स्वीकृति लिइ डी.पी.आर तयार गर्ने | **२६५** | ४६४०० | **१५३** | ५८ | ४५२२५ | **९७** |
| ग | नयाँ माग भएका ख.पा.आहरुको डी.पी.आर पश्चात कार्यान्वयन गर्ने | **६१** | ५०३३० | **०** | ० | ४६९९० | **९३** |
| घ | स्थान विशेष खानेपानी आयोजनाहरुको मन्त्रालयबाट स्वीकृति लिइ कार्यान्वयन गर्ने | **६** | ५५०० | **१** | १७ | ४७०० | **८५** |

| क.सं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट% |
| २ | **सरसफाई तथा ढल व्यवस्थापन कार्यक्रम** | **५** | ६४२२२ | **०** | ० | ५९१७५ | **९२** |
| ३ | **खानेपानी आयोजना गुणस्तर अभिवृद्धि तथा श्रोत संरक्षण कार्यक्रम** | **७** | २१९०० | **१** | १४ | १९९५० | **९१** |
| ४ | **खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम** | **१३२** | ५८४०० | **११९** | ९० | ५१०८९ | **८७** |
| | **जम्मा** | **११३९** | **२९४०७५६** | **२९०** | **२५** | **२८२१२९१** | **९६** |

(स्रोतः ग्रमीण तथा शहरी विकास मन्त्रालय)

### ११.४.२ खानेपानी तथा सरसफाइ तर्फको कार्यक्रमगत प्रगति विवरणः (सशर्त)

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | सशर्त अनुदान | ६८९ | २६०७५०० | ८२ | १२ | २१७१५८० | ८३ |

(स्रोतः ग्रमीण तथा शहरी विकास मन्त्रालय)

### ११.४.३ आवास, भवन तथा शहरी विकास तर्फको कार्यक्रमगत भौतिक र वित्तीय प्रगति विवरणः (समानीकरण तथा सशर्त)

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट% |
| **क)** | **समानीकरण** | | | | | | |
| १ | आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम | ४७ | ३९५५०० | १९ | ४० | ३०६३०१ | ७७ |
| २ | भवन तथा सभाहल निर्माण कार्यक्रम | २५ | ३७३००० | ७ | २८ | २३४०६६ | ६३ |
| ३ | शहरी पूर्वाधार विकास कार्यक्रम | ५६ | ६५१५०० | १६ | २९ | २१७४८८ | ३३ |
| ४ | आवास भवन, मर्मत सुधार तथा | १६७ | १००००० | १५८ | ९५ | ८३५५० | ८४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विस्तार कार्यक्रम | | | | | | |
| **समानीकरण जम्मा** | | **२९५** | **१५२००००** | **२००** | **६८** | **८४१४०५** | **५५** |
| **ख** | **सशर्त** | | | | | | |
| १ | आवास व्यवस्था कार्यक्रम | २४६७ | ४९२३०० | १९५० | ७९ | ४७४७६१ | ९६ |
| २ | डि.पि.आर. | ६१ | ५०००० | १४ | २३ | १५००० | ३० |
| ३ | ज्येष्ठ नागरिक आवास निर्माण | १ | १०००० | १ | १०० | ९९५२.१४ | १०० |
| **सशर्त जम्मा** | | **२५२८** | **५५२३००** | **१९६४** | **७८** | **४९९७१३.१४** | **९०** |
| **कूल जम्मा (क)+(ख)** | | २८२३ | २०७२३०० | २१६४ | ७७ | १३४१११८ | ६५ |

(स्रोतः ग्रामीण तथा शहरी विकास मन्त्रालय)

**११.४.४ अन्य मन्त्रालयबाट कार्यान्वयनका लागि अख्तियारी प्राप्त आयोजनाहरुको प्रगति विवरणः**

| **क्र. सं.** | **कार्यक्रम** | **आयोजनाको नाम** | **अख्तियारी प्रदान गर्ने मन्त्रालय** | **वार्षिक विनियोजित बजेट** | **वार्षिक खर्च** | **वार्षिक प्रगति** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **भौतिक (%)** | **वित्तीय (%)** | |
| १ | वाणिज्य तथा आपुर्ति व्यवस्थापन कार्यक्रम | खाद्यवस्तु गुणस्तर मापन प्रयोगशाला निर्माण ३१११२ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २००००.०० | ६५४८.६८ | ४० | ३२.७ | |
| २ | प्रादेशिक अस्पताल सुदृढिकरण कार्यक्रम | लुम्बिनी प्रादेशिक अस्पतालमा न्युरो तथा अर्थो भवन निर्माण कार्य प्रारम्भ | सामाजिक विकास मन्त्रालय | २०००० | १७१८.६२ | ३५ | ८.५९ | |
| ३ | एकिकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरु | २ वटा आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माण | सामाजिक विकास मन्त्रालय | ५००० | २२००.०० | ३५ | ४४ | |
| ४ | एकिकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरु | लुम्बिनी आयुर्वेद चिकित्सालयको योगभ्यास केन्द्र निर्माण निरन्तरता | सामाजिक विकास मन्त्रालय | १०००० | ०.०० | ० | ० | |

| क्र.सं. | कार्यक्रम | आयोजनाको नाम | अख्तियारी प्रदान गर्ने मन्त्रालय | वार्षिक विनियोजित बजेट | वार्षिक खर्च | वार्षिक प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक (%) | वित्तीय (%) | |
| ५ | बाल अधिकार तथा समाजिक न्याय कार्यक्रम | प्रदेशस्तरीय सुविधा सम्पन्न ज्येष्ठ नागरिकको लागि पर्खाल सहित भवन तथा अन्य पूर्वाधार निर्माण सैनामैना | सामाजिक विकास मन्त्रालय | १०००० | १६९३.८५ | ३५ | १६.९४ | |
| ६ | बाल अधिकार तथा समाजिक न्याय कार्यक्रम | अपाङ्ग नागरिकको लागि पर्खाल सहित भवन तथा अन्य पूर्वाधार निर्माण सैनामैना | सामाजिक विकास मन्त्रालय | ५००० | ०.०० | ० | ० | बाल अधिकार तथा समाजिक न्याय कार्यक्रम |
| ७ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम | कान्ति मा.वि.बुटवलको विज्ञान शिक्षा विकासका लागि भौतिक पूर्वधार विकास | सामाजिक विकास मन्त्रालय | २५००० | ०.०० | ० | ० | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम |
| ८ | एकिकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रम | स्वास्थ्य केन्द्रको भवन निर्माण (प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी) | सामाजिक विकास मन्त्रालय | ५००० | ५६८.५० | २० | ११.३७ | एकिकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रम |
| ९ | | ट्रमा सेन्टर निर्माण | सामाजिक विकास मन्त्रालय | २०००० | ५०.२६ | १० | ०.२५ | |
| १० | | प्रादेशिक आयुर्वेद अस्पतालको पंचकर्म हल निर्माण निरन्तरता | सामाजिक विकास मन्त्रालय | ८००० | २९१.७९ | २५ | ३.६५ | |
| ११ | | राप्ती प्रादेशिक अस्पताल तुल्सीपुरमा योग अभ्यास केन्द्र निर्माण | सामाजिक विकास मन्त्रालय | १०००० | ५७९.११ | २० | ५.७९ | |
| १२ | एकीकृत बस्ती विकास | जनता अवास-चिडिमार (७१-६१) | कृषि मन्त्रालय | २५००० | ८१५०.२४ | ५५ | ३२.६० | १२+१५+३४ |

| क्र. सं. | कार्यक्रम | आयोजनाको नाम | अख्तियारी प्रदान गर्ने मन्त्रालय | वार्षिक विनियोजित बजेट | वार्षिक खर्च | वार्षिक प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक (%) | वित्तीय (%) | |
| | चिड़ीमार | | | | | | | |
| १३ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा | प्रदेशिक वि. प्रतिष्ठा भवन | सामाजिक विकास मन्त्रालय | ३०००० | १२७७४.०६ | ५० | ४२.५८ | |
| १४ | एकिकृत स्वास्थ्य तथा सरसफाई | पाल्पा जिल्लाको हुँगी पन्टारमा योग अभ्यास केन्द्रको भवन निर्माण | सामाजिक विकास मन्त्रालय | १०००० | ४५ | ० | ०.४५ | आ.व. २०७७/०७८ को लागि आवश्यक बजेट विनियोजित नभएकोले बोलपत्र रद्द गरिएको |

(स्रोतः ग्रमीण तथा शहरी विकास मन्त्रालय)

## ११.५ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

**(क) उपलब्धी/महत्वपूर्ण कार्यको विवरणः**

आ.व. २०७७/०७८ ग्रामीण तथा शहरी विकास मन्त्रालयको मूख्य मूख्य उपलब्धीहरु संक्षेपमा देहाय अनुसार छन्।

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | मूख्य मूख्य उपलब्धी | ईकाइ | बार्षिक प्रगति |
|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई | विस्तृत सर्वे, डिजाइन, ल.ई. तयारी | वटा | २६७ |
| | | पाइप उपलव्धी | कि.मी. | ४०९५ |
| | | इन्टेक निर्माण | वटा | ३८१ |
| | | डिप बोरिङ्ग निर्माण | वटा | ९६ |
| | | लिफ्ट खा. पा. को सम्पवेल निर्माण | वटा | ५० |
| | | पाइप लाइन जडान (ट्रान्समिसन) | कि.मी. | ६८७ |
| | | पाइप लाइन जडान (डिष्ट्रिव्यूसन) | कि.मी. | १९८० |
| | | फेरोसिमेन्ट टङ्कि निर्माण | वटा | २९२ |
| | | आर.सि.सी. पानी टङ्की | वटा | ५६८ |

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | मुख्य मुख्य उपलब्धी | ईकाइ | बार्षिक प्रगति |
|---|---|---|---|---|
| | | धारा निर्माण (सार्वजनिक) | वटा | १५ |
| | | धारा निर्माण (निजि) | वटा | ३९७८५ |
| | | आयोजना सम्पन्न | वटा | ९८ |
| | | लाभान्वित घरधुरी | वटा | ३९७८५ |
| | | लाभान्वित जनसंख्या | जना | २२५०८२ |
| | | सिर्जित रोजगारी संख्या | श्रम दिन | ३९६०८२ |
| २ | **आवास, भवन तथा शहरी विकास** | **क. वस्ती विकास कार्यक्रम** | | |
| | | ढल निर्माण | कि.मी. | २९ |
| | | ग्रावेल सडक निर्माण | कि.मी. | २३ |
| | | पिच सडक निर्माण | कि.मी. | १४ |
| | | पि.सि.सि. सडक निर्माण | मी. | २४५६ |
| | | फूटपाथ | मी. | १५०४४ |
| | | रिटेनिङ वाल निर्माण | मी. | १०३४ |
| | | पार्क | वटा | १० |
| | | प्रदेश प्रवेश गेट(वर्दिया) | वटा | १ |
| | | सरकारी कार्यालय/भवन मर्मत | वटा | १५९ |
| | | अध्ययन | वटा | ९९ |
| | | **ख. जनता आवास कार्यक्रम** | | |
| | | प्लिन्थ लेभल सम्म सम्पन्न | वटा | १७६ |
| | | वाल सम्म सम्पन्न | वटा | २२१ |
| | | छाना सम्म सम्पन्न | वटा | २२२ |
| | | शौचालय सहित कार्य सम्पन्न | वटा | २०२३ |
| | | शौचालय निर्माण बाँकी | वटा | २८३ |
| | | ज्येष्ठ नागरिक आवास निर्माण | वटा | १ |
| | | सिर्जित रोजगारी संख्या | श्रम दिन | २२१७० |

**(ख) मन्त्रालय/निकायले संचालन गरेका कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान**

यस मन्त्रालय/निकायले सञ्चालन गरेका कार्यक्रमले प्रदेश अर्थतन्त्रमा सिर्जना गरेको रोजगारी श्रमदिन देहाय अनुसार रहेको छ।

| क्र.सं. | क्षेत्र | रोजगारी श्रमदिन |
|---|---|---|
| १ | खानेपानी तथा सरसफाई | ३९७८५ |
| २ | शहरी विकास तथा भवन | २२१७० |
| जम्मा | | ६१९५५ |

(स्रोतः ग्रमीण तथा शहरी विकास मन्त्रालय)

## ११.६ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- प्राविधिक जनशक्ति अभाव,
- कार्यालय भवनको अभाव,
- कार्यालयमा भौतिक पूर्वाधारको अभाव,
- आयोजनाहरुमा न्यून बजेट विनियोजन,
- खानेपानी आयोजनाहरुमा २० प्रतिशत जनश्रमदान जुटाउन कठिनाइ, स्थानीय तहबाट बजेट ल्याई भुक्तानी गर्ने गरेको,
- विशेष/प्रदेश सशर्त अनुदान अन्तर्गतका खा.पा.आ. हरुमा समन्वय तथा कार्यान्वयनमा समस्या
- आयोजनाको संरचना निर्माणका लागि सहजरुपमा जग्गा उपलब्ध हुन नसकेको,
- वनक्षेत्र र राष्टिय निकुञ्जभित्रका बस्तिहरुमा आयोजना निर्माण गर्न कानूनी समस्या रहेको,
- निर्माण सामग्रीहरु तथा श्रमिकको अभाव,
- कोरोना (COVID-19) को कारण समयको अभाव,
- भवन निर्माण कार्यहरु बहुबर्षीय बनाउनु पर्ने।

## ११.७ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदमः

- जनशक्ति व्यवस्थापन (outsourcing) मा सहजीकरण,
- थप बजेटको सुनिश्चितता समयमै हुनु पर्ने,
- बाँके र बर्दियामा वन र राष्ट्रिय निकुञ्ज भएकोले उक्त निकायसँग सोझै समन्वय गर्ने व्यस्था मिलाउनु पर्ने,
- प्रदेश सरकारका महत्वपूर्ण कार्यक्रमहरु (बस्ती विकास, शहरी विकास, ढल व्यवस्थापन, आदि) – Master Plan र संभागगत MYC,
- धेरै लागतका आयोजनाको बजेटिङ।

## ११.८ कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरुः

- नयाँ आयोजनाहरुमा उपभोक्ता समितिलाई निर्माण पूर्व तालिम सन्चालन गरी मात्र निर्माण कार्य अगाडि बढाएको,
- सम्पन्न तथा पानी सन्चालन भएको आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागू गरी सन्चालन गरेको,
- सम्पन्न आयोजनाहरुमा स्वच्छता प्रत्याभुति गर्न उ.स.हरुलाई अनिवार्य ब्लिचिङ्ग पाउडरको व्यवस्थापन तथा प्रयोगमा ल्याउन सुझाव दिएको,
- उ.स.हरुलाई समय समयमा पानी परीक्षणको व्यवस्था मिलाउन सुझाव दिने गरेको,
- निर्माण कार्यहरू सुरू गर्नु अघि डिभिजन कार्यालयहरु र स्थानीय तहहरू विच छलफल तथा अन्तरक्रिया गर्ने गरिएको,
- सुशासन र पारदर्शिताको लागि उपभोक्ता समितिको वार्षिक साधारण सभामा विवरण (खर्च) को सार्वजनीकरण गर्न सुझाइएको।

## ११.९ निष्कर्षः

प्रदेशभर खानेपानी तथा सरसफाई, आवास, भवन तथा शहरी विकास र पर्यटन पूर्वाधार विकासजस्ता भौतिक पूर्वाधारहरुको विकास गर्नु यस मन्त्रालयको मूलभूत उद्देश्य रहेको छ। गरिबी निवारण र दिगो शान्ति स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार विकासको माध्यमबाट आर्थिक तथा सामाजिक समृद्धि हासिल गरी प्रदेशको "समृद्ध प्रदेशः खुसी जनता" को लक्ष्यमा टेवा पुऱ्याउनेतर्फ यस मन्त्रालय उन्मुख रहेको छ ।

# परिच्छेद-१२
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## १२.१ पृष्ठभूमि

संघीयता कार्यान्वयनसँगै २०७४ सालमा स्थापना भएको प्रदेश सरकारको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, समाजकल्याण, महिला बालबालिका तथा जेष्ठ नागरिक, श्रम तथा रोजगार, भाषा, कला, संस्कृति, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुमा काम गर्नको लागि सामाजिक विकास मन्त्रालयको गठन भएकोमा २०७८ साल बैशाख ६ गते संशोधित कार्य विभाजन नियमावली अनुसार सामाजिक विकास मन्त्रालय  शिक्षा तथा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गरी २ वटा मन्त्रालयमा विभाजन भएको हुँदा यो प्रतिवेदन सामाजिक विकास मन्त्रालयको बजेट उप शिर्षक अन्तर्गत स्वास्थ्य तर्फका कार्यक्रमहरु र मन्त्रालयको अन्तिम ३ महिनाको सञ्चालन खर्च समेतको आधारमा तयार पारिएको छ। बित्तिय बार्षिक विनियोजित बजेट, प्रगति विवरण र राजश्व संकलन दुबै मन्त्रालयको संयुक्त रुपमा पेश गरिएको छ।

## १२.२ दीर्घकालीन सोच

स्वस्थ, शिक्षित,सुसंस्कृत,सुरक्षित, अनुशासित,कर्मशील युवा समृद्ध खुसी प्रदेश ।

## १२.३ उद्देश्य

- विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउनु।

## १२.४ रणनीतिहरु

- आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको सुदृढीकरण तथा बिस्तार गर्ने ।प्रत्येक अस्पताललाई कम्तिमा ५० शैय्याको अस्पतालमा स्तरोन्नति गरी सेवाहरुको विस्तार गर्ने ।
- पोषण तथा रोगहरुको रोकथाममा सचेतना वृद्धि गरी जनस्वास्थ्यमा सुधार ल्याउने।
- परम्परागत तथा बैकल्पिक चिकित्सा पद्धतिको बिस्तार गरी स्वास्थ्य सेवामा सुधार गर्ने।
- जेष्ठ नागरीक असहाय अपाङ्गहरुलाई  घरघरमै स्वास्थ्य सेवा पुर्याउने ।

## १२.५ कार्यक्षेत्र

स्वास्थ्य, तथा सरसफाई लगायतका क्षेत्रहरु समेट्ने यस मन्त्रालयका निम्न लिखित कार्यक्षेत्रहरु रहेका यस मन्त्रालयको कार्य विभाजन यस प्रकार रहेको छः

- स्वास्थ्यसेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशस्तरमाआवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मकस्वास्थ्य सेवाको व्यवस्थापन ।
- स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक,व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन।
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन ।
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथासंचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति रनियमन।
- राष्ट्रियमापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्यस्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन ।
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन।
- प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन ।
- औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण ।
- खोपर परिवार नियोजन ।
- संवेदनशीलऔषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन ।
- प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह।
- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी व्यवस्थापन।
- सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन।
- स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन।
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम ।
- राष्ट्रियमापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन ।
- आयूर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन ।

- जनसंख्या,बसाइँसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति,कानून तथा योजना तर्जुमा,कार्यान्वयन र नियमन,अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालनक्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय।

## १२.६ कानुनी तथा नीतिगत व्यवस्था

यस मन्त्रालयले आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन्।

- प्रादेशिक स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- ८४ वर्ष पुगेका ज्येष्ठ नागरीकलाई घरमै स्वास्थ्य सेवा पुर्‍याउने निर्देशिका, २०७५
- प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७५
- ८४ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, २०७६
- स्वास्थ्य क्षेत्रका सामुदायिकसंस्थाहरुलाई पुँजीगत अनुदान वितरण निर्देशिका, २०७६
- स्वास्थ्य सम्बन्धी कार्यक्रमसंचालन मार्गदर्शन २०७७/७८

## १२.७ आ.ब. २०७७/७८ मा यस मन्त्रालय अन्तर्गत बनेका मापदण्ड, निर्देशिका, कार्यविधिहरु

- प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७
- स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन मार्गदर्शन, २०७७

## १२.८ आर्थिक वर्ष २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः**

- कोभिडः पि सि आर परिक्षण प्रयोगशाला बिस्तार(४ वटा ल्याबबाट १२ वटा( ७ सरकारी ५ नीजि), हरेक पालिकामा एन्टिजेन परिक्षण, सबै अस्पतालबाट कोभिड उपचार।
- सरुवा रोग अस्पतालको भवन निर्माणको लागि जग्गा प्राप्ती भै टेण्डर आह्वान भएको,
- भिम अस्पताल भैरहवाको प्रसुति भवनको सम्झौता भै मोबिलाइजेशन कस्ट प्रदान गरी भवन निर्माण कार्य प्रारम्भ,
- रुकुम पूर्व अस्पतालको भवनको सम्झौता भै मोबिलाइजेशन कस्ट प्रदान गरी भवन निर्माण कार्य प्रारम्भ,
- पृथ्वी चन्द्र अस्पतालको भवनको सम्झौता भै मोबिलाइजेशन कस्ट प्रदान गरी भवन निर्माण कार्य प्रारम्भ,
- ६ वटा अस्पतालको स्तरबृध्दि तथा जनशक्ति व्यवस्थापन गरी प्रदेशका सबै अस्पताल ५० शैया वा सो भन्दा माथिको क्षमतामा सञ्चालन।

**आइ सि यु तथा एच डि यु, अक्सिजन प्लान्ट, भेन्टिलेटर थप (संघिय सरकारको सहयोगमा)**

| सि.न. | अस्पताल | भेन्टिलेटर | अक्सिजनप्लान्ट, पाइपलाईन र ट्यांक | एच.डि.यु. | आइ.सि.यु. | पेडियाट्रिकआइ.सि.यु. |
|---|---|---|---|---|---|---|
| १ | भेरी अस्पताल | | १ | | | |
| २ | राप्ती स्वास्थ्य बिज्ञान | १० | १ | २५ | | |
| ३ | लुम्बिनी प्रादेशिक अस्पताल | | १ | ५० | | १० |
| ४ | भिम अस्पताल | | १ | | | ५ |
| ५ | अर्घाखाँची अस्पताल | | १ | | | |
| ६ | पृथ्वीचन्द्र अस्पताल | २ | १ | १० | ५ | |
| ७ | कपिलवस्तु अस्पताल | | १ | | | |
| ८ | राप्ती प्रादेशिक अस्पताल | ८ | १ | २५ | १५ | |
| ९ | बर्दिया अस्पताल | | **१** | | | |
| १० | प्युठान अस्पताल | | १ | ५ | | |
| ११ | पाल्पा अस्पताल | २ | १ | ५ | ५ | |
| १२ | गुल्मी अस्पताल | २ | १ | | ५ | |
| १३ | रोल्पा अस्पताल | २ | १ | ५ | ५ | |
| १४ | रामपुर अस्पताल | | ० | ५ | | |
| १५ | रुकुम पूर्व अस्पताल | | १ | ५ | | |
| जम्मा | | २६ | १४ | १४३ | ३५ | १५ |

**स्वास्थ्य निर्देशनालयतर्फः**

- १३ वटै अस्पतालहरुमा Minimum service standard (MSS) सेवा लागु गरी गुणस्तर सुदृढिकरण गरिएको
- ३ वटा (लुम्बिनी, राप्ती र बर्दिया) अस्पतालहरुमा electronic health record (HER) सिस्टम थप गरी प्रदेशका ५ अस्पतालमा लागु।

- गत आ.व.मा ४९% रहेको Timely Reporting rate यस आ.व.मा ८१% मा पुगेको ।
- एम्बुलेन्स ट्र्याकिङ सिस्टम ६० एम्बुलेन्स थप गरी जम्मा १२० वटा एम्बुलेन्समा जि पि एस जडान बिस्तार (७२ सरकारी र ४८ अन्य )
    - स्वास्थ्य तालिम केन्द्रतर्फ
- बायोमेडिकल वर्कसप स्थापनाको लागि औजार उपकरण खरिद भैसकेको र सञ्चालन शुरु हुने।
- तालिम केन्द्रको भवन निर्माणको लागि जग्गा प्राप्ती गरी डि पि आर तयार।
- ८४ जना नर्सिङ कर्माचारीहरुलाई एस बि ए तालिम प्रदान गरि सुरक्षित प्रसुति सेवा बिस्तार तथा सुदृढिकरण गरिएको।
- १२ वटै जिल्लाका चिकित्सकलाई मेडिको लिगल तालिम प्रदान गरि पोष्टमार्टम सेवा विस्तार गरिएको।
- बेसिक लाईफ सपोर्ट र प्राइमरी ट्रमा केयर को तालिम संचालनको लागि स्कील ल्याब स्थापना। स्थान
- प्रदेश स्वास्थ्य तालिम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७स्विकृत
- १६० जना स्वास्थ्यकर्मीहरुलाई क्रिटिकल केयर तालिम प्रदान
- ७८१ जना स्वास्थ्यकर्मीलाई विभिन्न स्वास्थ्य तालिम प्रदान।

| **तालिमको नाम** | **संख्या** | **तालिमको नाम** | **संख्या** |
|---|---|---|---|
| ASRH | 15 | BLT For Leprosy | 36 |
| IUCD | 12 | Rural Medical Responder | 27 |
| IMPLANT | 52 | OT Management | 6 |
| COFP Councelling | 72 | Vasectomy For Medical Officer | 4 |
| SBA | 84 | Minilap For Medical Officer | 8 |
| ETB | 122 | Mid Level Practicum | 10 |
| T B Microscopy | 23 | Physiotherapy | 24 |
| Nursing leading Capacity | 40 | Rural USG | 6 |
| CB IMNCI | 98 | Mental Health | 15 |
| Snake Bite | 82 | Advance FCHV | 20 |
| CAC | 10 | Medico legal | 15 |

**प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रतर्फः**

- मेशिनरी औजार खरिद तथा वितरणः२९ वटा इ सि जि मेशीन, २१ वटा प्यासेन्ट मोनिटर, १७५ वटा बेड, १७० वटा ह्विल चेयर, ४९ वटा यु एस जि मेशिन जसमध्ये२१ वटा स्थानीय

संस्थाहरुबाट गर्भवतीहरुको लागि निःशूल्क भिडियो एक्स रे सेवा सञ्चालनको लागि २१ मेशीन वितरण

- लुम्बिनी र राप्ती प्रादेशीक अस्पतालमा Anesthesia work station स्थापना।
- स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा १८ वटा थप ल्याब सञ्चालन।

**प्रदेश जनस्वास्थ्य प्रयोगशालातर्फः**

- Laboratoty Quality management System (LQMS) सम्बन्धि तालिम प्रदेश स्तरमा पहिलो पटक सञ्चालन (२०जनालाइ, अबधि ३ दिन)
- रुपन्देही र कपिलवस्तु जिल्लामा क्षयरोग माईक्रोस्पिक अवस्थाबारे अध्ययन गरीएको
- सेभ द चिल्ड्रेनको सहयोगमा बुटवलको तामनगरमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भवन निर्माण कार्य अन्तिम चरणमा।
- RNA Extractor machine जडान गरी प्रभावकारी कोभिड परीक्षण

**अस्पतालहरुतर्फः**

- ७ वटा अस्पतालमा थप गरी सबै अस्पतालहरुबाट सामाजिक सेवा एकाई सञ्चालन भै गत बर्षको तुलनामा ९९८ जना बढिलाई पुर्ण तथा आंसिक निःशुल्क सेवा प्रदान।
- ३ वटा अस्पतालमा थप गरी १२ वटा अस्पतालहरुबाट एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत लैंगिक हिंसामा परेका ७९३ जनालाई निःशुल्क सेवा प्रदान।
- बिगत बर्ष भन्दा ६६ हजार बढिलाई बहिरंग सेवा प्रदान गरेको। गत साल २ लाख २३ हजार जनाले सेवा लिएका।
- ४२ हजार जनाले अन्तरंग सेवा उपभोग गरेको। गत साल भन्दा १२ हजार बढि
- १ लाख ४२ हजार जनाले आकस्मिक सेवा उपभोग गरेको। गत साल भन्दा १२ हजारले कम
- ३० हजार जनाले निःशूल्क सुत्केरी सेवा लिएका जस मध्ये ७५०० जनालाई ( २५%) शल्यक्रियाद्वारा सुत्केरी सेवा प्रदान गरिएको।
- ठुला किसिमको शल्यक्रिया सेवा लिने संख्या बिगतको भन्दा दोब्बरलाई प्रदान गरिएको। गतबर्ष ५३५७ जना भएकोमा यस बर्ष ११.१३१ जना।
- लुम्बिनी प्रादेशिक अस्पतालको डाइग्नोस्टिक भवन, न्युरो तथा अर्थो भवन निर्माण, साथै ओ टी भवन माथि ४९ बेड क्याबिन निर्माण कार्य सम्पन्न।
- सेवा बिस्तारः लुम्बिनी प्रादेशिक अस्पतालमा युरोलोजी सेवा, २० बेड आइ सि यु सेवा, न्युरो सेवा; राप्ती प्रादेशिक अस्पतालमा एस एस यु, पेडियाट्रिक आई सि यु; भिम अस्पतालमा फिजियोथेरापी, इ एन टि, अपथाल्मोलोजी र सामाजिक सेवा एकाई सेवा विस्तार,

- ८ वटा अस्पतालमा ( भिम, प्युठान, कपिलवस्तु, गुल्मी, अर्घाखाँची, राप्ती, बर्दिया, रोल्पा) नवजात शिशुको सघन उपचारको लागि २० बेड SNCU सेवा थप गरिएको।
- ट्रमा सेण्टर निर्माण प्रक्रिया प्रगतिमा रहेको।

**स्वास्थ्य कार्यालयहरुतर्फः**

- १८७५७ जना ८४ बर्षका जेष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य सेवा दिएको छ। गत बर्ष १५८९८ जनालाई सेवा दिएको थियो।
- ६ जिल्लामा १८ स्थानमा एकीकृत स्वास्थ्य शीविर सञ्चालन गरी २५४४ जनालाई सेवा दिइ कुष्ठरोग, क्षयरोगी तथा आङ खसेका महिलाहरु पत्ता लगाई उपचार व्यवस्थापन गरिएको।
- १००८ जना नयाँ नव प्रवेशी महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आधारभुत तालिम प्रदान गरिएको ( कुल ८९९४)
- ३ जिल्ला (बाँके, बर्दिया कपिलवस्तु) पुर्ण खोप घोषणा पश्चात ११ जिल्ला पुर्णखोप घोषणा रुकुम पूर्व अन्तिम चरणम रहेको।
- कोभिड १९ बिरुध्दको खोप अभियान सञ्चालन।

**आयुर्वेद स्वास्थ्य संस्थाहरुतर्फः**

- २८ वटा स्थानमा नागरिक आरोग्य केन्द्र स्थापन र सञ्चालन।
- प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरीबाट क्षारशुत्र शल्यक्रिया सेवा विस्तार।
- अर्घाखाँची र कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्रमा पंचकर्म सेवा विस्तार।
- प्युठान र गुल्मी आयुर्वेद स्वास्थ्य केन्द्र द्वारा सदरमुकाममा बिस्तारित सेवा सञ्चालन।
- ९ वटा थप गरी सबै ११ आयुर्वेद संस्थाहरुमा प्रयोगशाला सेवा सञ्चालन।

## १२.९ आर्थिक वर्ष २०७७/७८ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७
- स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन मार्गदर्शन, २०७७

## १२.१० अब निर्माण हुनुपर्ने कानूनहरु

- प्रदेश स्वास्थ्य ऐन
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन
- स्वास्थ्य बिमा ऐन
- औषधि ऐन

- संक्रामक रोग ऐन
- प्रादेशिक स्वास्थ्य अनुसन्धान परिषद् ऐन
- प्रदेश खोप ऐन
- सूर्तिजन्य पदार्थ (नियमन तथा नियन्त्रण) ऐन

## १२.११ आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा उल्लेखित नीति एवम् कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| प्रदेश मातहतका सरकारि अस्पतालहरुलाई ५० शैयामा स्तरोन्नती | कोभिड-१९ले पुर्वाधारको विकास र विस्तारप्रति हामी सबैलाई गम्भिर बनाएको छ। गुणस्तरिय रसर्वसुलभ स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिबृध्दि गर्न जिल्लास्थित ६ वटा अस्पतालहरुलाई ५० सैयामा स्तरोन्नती गरी सेवा विस्तार गरिनेछ। | प्रदेश मातहतका सरकारी अस्पतालहरुलाई ५० शैयामा स्तरोन्नती | ६वटा अस्पतालहरुको ५० सैयामा स्तरोन्नति भएको। |
| स्वास्थ्य जनताको अधिकारको नीति अनुरुप स्वास्थ्य क्षेत्रकोविकासमा जोड दिइनेछ | स्थानीय तहसंगको लागत सहभागितामा स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुलाई आधारभुत स्वास्थ्य सेवा दिनसक्ने गरी पुर्वाधार निर्माण गरिनेछ। | प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको पूर्वाधार निर्माण सहयोगकार्यक्रम | सम्झौताभई पुर्वाधार निर्माणको क्रममा। |
| स्वास्थ्य जनताको अधिकारको नीति अनुरुप स्वास्थ्यक्षेत्रको विकासमा जोड दिइनेछ।प्रदेशका स्वामित्वका अस्पतालहरुमा पूर्वाधारनिर्माण र स्वास्थ्य तथा अन्य उपकरणको व्यवस्था गरी आधुनिकीकरण र स्तरोन्नती गरिनेछ। | प्रदेश मातहतका सरकारी अस्पतालको पूर्वाधार विकास गर्न अस्पतालहरुको भवन निर्माण गरिनेछ | पृथ्वीचन्द्रअस्पताल भवन निर्माण वहुवर्षिय<br>भीम अस्पतालको, भैरहवा, रुपन्देहीको भवन निर्माण-विशेष अनुदान<br>रुकुम पूर्व अस्पतालको भवन निर्माण<br>मेडिकल प्राविधिकहरुको एकेडेमिक भवन निर्माणबर्दिया<br>बर्दिया अस्पतालको भवन निर्माण | सबैभवनहरुमा टेण्डर सम्झौता भै निर्माणको क्रममा रहेको |
| सरुवा रोग रोकथाम, नियन्त्रण र | कोभिड-१९महामारीको सबैभन्दा | सरुवारोग अस्पताल भवन | टेण्डरआह्वान |

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| उपचार एवमस्वास्थ्य विपद व्यवस्थापनको तयारी र प्रतिकार्य गर्न प्रयोगशाला परिक्षण सेवासहितको कम्तिमा एक सय सैया सम्मको सरुवा रोग नियन्त्रणतथा उपचार अस्पताल प्रदेशतहमा निर्माणका लागि संघीय सरकारसंग समन्वय र सहकार्य गरिनेछ | बढ्ता प्रकोप देखिएको जिल्ला कपिलवस्तुको शिवारज नगरपालिकामासरुवा रोग नियन्त्रण तथा उपचार अस्पताल निर्माण गरिनेछ। | निर्माण, शिवराज न.पा. कपिलवस्तु | भएको। |
| प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई BSL-II सेवासहितको प्रयोगशालाका रुपमा स्तरोन्नती गर्नका लागि आवश्यक भौतिक संरचना निर्माण गरिनेछ, अस्पतालहरुमा प्रयोगशालाको स्तरोन्नती गरी थाइराइड, लिपिड प्रोफाइल तथा बायोकेम्स्ट्री परिक्षण सेवा प्रदान गरिनेछ | प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई जैविक सुरक्षा तह-२ मा स्तरोन्नतीका लागि आवश्यक भौतिक संरचना निर्माण गरिनेछ। विभिन्न अस्पतालहरुमा सञ्चालनमा रहेका प्रयोगशालाहरुको क्षमता विकास गरी थाइराइड, लिपिड प्रोफाइल लगायत बायोकेमिस्ट्री परिक्षण सेवा विस्तार गरिनेछ। | क.स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला विस्तारका लागि औजार उपकरण खरिद | सामग्री प्राप्त हुँदै ल्यावहरु क्रमश सञ्चालन हुदै। |
| | | ख.BSL- II ल्याब सञ्चालन उपकरण खरिद | ल्याव सुदृढीकरण हुदै। |
| | | अस्पतालहरुमा थाइराइड ल्याबको शुरुवात अस्पतालहरुमा लिपिडप्रोफाइल लगायत बायोकेमेस्ट्रि परीक्षण सेवा सञ्चालनका लागि उपकरण | धेरैजसो अस्पतालबाट सेवा शूरुवात भएको। |
| दाङको लमहीमा आधुनिक ट्रमा सेण्टर स्थापना गरिनेछ। | सडक दुर्घटनामा परेका व्यक्तिको तत्काल उपचार र जीवन रक्षाका लागि दाङको लमहीमा आधुनिक र सुबिधा सम्पन्न ट्रमा सेण्टर निर्माण | ट्रमासेण्टर भवन निर्माण | भवन निर्माणको क्रममा रहेको |
| | क्यान्सर रोगको उपचारको लागि भोग्नुपरेको पीडालाई मध्यनजर गरी क्यान्सर अस्पतालसंगको सहकार्यमा क्यान्सर रोगको निदान, नियन्त्रण तथा रोकथामका कार्यक्रम कार्यान्वयन साथै गंगालाल मुटु अस्पतालको सहाकर्यमा राप्ती प्रादेशिक अस्पतालमा मुटुरोग सेवा प्रदान गरिनेछ | सरकारी अस्पताल मार्फत गरिव एवम् विपन्न नागरिकलाई मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगको निदान तथा स्क्रिनिङ कार्यक्रम | सञ्चालन हुन नसकेको |

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| प्रसुति चाप बढी भएका जिल्लास्थित अस्पतालहरु मानवजात शिशुको जीवन रक्षाका लागि नवजात शिशु सघन उपचार एकाई सेवा सञ्चालनमा ल्याइनेछ, नवजात शिशूहरुको स्वास्थ्य परिक्षण गरी जन्मजात रोगहरुको पहिचान गरिनुको साथै मातृ तथा शिसशु रुग्णता र मृत्युदरमा कमी ल्याउन आवश्यक तालिमहरु सञ्चालन गरिनेछ। गर्भवती महिलाहरुको भिडयो एक्सरे लगयतका परिक्षणहरु निःशुल्क गरिनेछ। | सुत्केरी महिला तथा नवजात शिशुको जीवन रक्षाका लागि प्रदेशमा प्रसुति अस्पताल निर्माणको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ। मातृ तथा नवजात शिशुको जीवन रक्षाका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र र नवजात शिशु सघन उपचार कक्ष सेवा सञ्चालनमा ल्याउने। प्रसुति सेवा बिस्तारका अतिरिक्त नवजात शिशुहरुको स्वास्थ्यपरिक्षण गरी जन्मजात रोगहरुको पहिचान गर्नुको साथै मातृ तथा शिशु रुग्णता रमृत्युदरमा कमी ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। | सरकारी अस्पतालहरुमा सुत्केरीहरुका लागि रगत ट्रान्समिसन गर्दा लाग्ने शुल्क अनुदान | अस्पतालहरु मार्फत कार्यक्रमहरु संचालन भइरहेका। |
| | | अस्पतालहरुमा मातृशिशु स्वास्थ्य संचालन | १३ वटै अस्पतालहरुमा संस्थागत क्लिनिक संचालन |
| | | प्रसूति सेवाको लागि नर्सको व्यवस्थापन | प्रसुति चाप बढि र नर्सिङ कर्मचारी अभाव रहेको अस्पतालहरुमा नर्स व्यवस्थापन |
| | | नवजात शिशुको उपचारको लागि अस्पतालमा NICU सेटअप | ८ वटा अस्पतालमा ( भिम, प्युठान, कपिलवस्तु, गुल्मी, अर्घाखाँची, रासी, बर्दिया, रोल्पा) नवजात शिशुको सघन उपचारको लागि २० बेड SNCU सेवा थप गरिएको। |
| | ८४ बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको घरघरमा उपलब्ध गराइदै आएको स्वास्थ्य सेवालाई निरन्तरता दिएको छु। | क. ८४ बर्ष पुगेका जेष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम | १२ वटै जिल्लाका १०९ वटै स्थानीय तहमा कार्यक्रम निरन्तर सञ्चालन |
| विपन्न समुदायका नागरिकको मृगौला डाइलाईसिसको लागिऔषधी खरिदमा सहुलियतपुर्ण उपचारको व्यवस्था मिलाइनेछ। नसर्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि प्रवर्धनात्मक, | नसर्नेरोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि प्रबर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनरस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा प्रवाह गरिनेछ। विपन्नसमुदायका नागरिकलाई सरकारी र | ख.आयुर्वेदस्वास्थ्य केन्द्र चिकित्सालयहरुबाटस्वास्थ्य प्रवर्द्धन कार्यक्रम(योग, जीवनशैली, स्वस्थवृत, रसायन) | १०वटा आयुर्वेद संस्थाहरुबाट स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन |
| | | ग.अतिविपन्न नागरिकलाई मृगौला डाइलाइसिस औषधिमासहायता कार्यक्रम | लुम्बिनीप्रादेशिक अस्पतालबाट सञ्चालन भएको |

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| प्रतिकारात्मक, उपचारात्मक, पनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा प्रवाह गरिनेछ | सामुदायिक अस्पतालमा मृगौला डाइलाइसिस गर्दाआवश्यक पर्ने इरिथ्रोपोइटिन इन्जेक्शन खरिदमा ५०% सहुलियत प्रदान गरिनेछ | सरकारी अस्पतालमार्फत गरिव एवम् विपन्न नागरिकलाईमुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सररोगको निदान तथा स्क्रिनिङ कार्यक्रम | कोभिडकोकारणले सञ्चालन हुन नसकी बजेट सरेण्डर गरिएको |
| स्वास्थ्य क्षेत्रका जनशक्तिको क्षमता विकासकोलागि प्रदेशस्थित तालिम केन्द्रलाई आवासिय तालिम दिनसक्ने गरी स्तरोन्नती गरिनेछ।स्वास्थ्य क्षेत्रको तालिमको नियमन र व्यवस्थापनको लागि प्रादेशिकस्वास्थ्य तालिम मापदण्ड कार्यान्वयनमा ल्याइनेछ। | कोभिड-१९ले सिर्जित परिस्थितीबाट पाठ सिक्दै स्वास्थ्य क्षेत्रका जनशक्तिको क्षमता विकासकार्यक्रमहरु सञ्चालन गरिनेछ। प्रदेशमा स्वास्थ्य सम्बन्धी आवासिय तालिम उपलब्धगराउन रुपन्देहीको देवदहमा स्वास्थ्य तालिम केन्द्रको पूर्वाधार विकासको लागि विस्तृत परियोजना प्रतिवेदन तर्जुमा गरिनेछ। | स्वास्थ्यका २१ किसिमका तालिम कार्यक्रमहरु संचालन। | ७८१जना स्वास्थ्यकर्मीहरुलाई विभिन्न किसिमको तालिम प्रदान गरी सेवा बिस्तार तथागुणस्तर सुधार गरिएको। |
| | | तालिम केन्द्र भवन पुर्वाधार विकास विस्तृतप्रतिवेदन। | तालिम भवनको लागि विस्तृत परियोजना प्रतिवेदन तयार । |
| आयुर्वेद तथा प्रदेशमा प्रचलित अन्य परम्परागत, होमियोपैथिक, प्राकृतिक चिकित्सा, योगलगायत वैकल्पिक चिकित्सा पध्दतिहरुको आधारभुत बिशेषज्ञ तथा बिशिष्टिकृत स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गराइनेछ। लुम्बिनी र राप्ती आयुर्वेद चिकित्सालयलाई नमुना आयुर्वेद चिकित्सालयको रुपमा विकास गर्दै आयुर्वेदिक अस्पतालहरुलाई प्रदेशको लागि आयुर्वेद औषधी उत्पादन केन्द्रको रुपमा विकास गरिनेछ। | आयुर्वेदतथा वैकल्पिक चिकित्सा पद्धतिलाई आधारभुत, बिशेषज्ञ तथा विशिष्टिकृत सेवाको रुपमाविकास र विस्तार गरिनेछ। बिजौरीको प्रादेशिक आयिर्वेद चिकित्सालय र बुटवलको लुम्बिनी आयुर्वेद चिकित्सालयलाई प्रदेशको लागि आवश्यक आयुर्वेदिक औषधी उत्पादनकेन्द्रको रुपमा विकास गरि प्रदेशलाई | क.आयुर्वेदस्वास्थ्य केन्द्र चिकित्सालयहरुबाटस्वास्थ्य प्रवर्द्धन कार्यक्रम (योग, जीवनशैली, स्वस्थवृत, रसायन) | स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालनमा रहेको |
| | | ख. स्वस्थ जीवन तथा योग सम्बन्धमा विद्यालय स्तरका शिक्षकहरुका लागि TOT तालिम | शिक्षकहरुका लागि TOT तालिम सञ्चालन भएको। |
| | | ग. लुम्बिनी र प्रादेशिक चिकित्सालय बिजौरीमा औषधिउत्पादन केन्द्र स्थापना (जडिबुटी खरिद तथा निशुल्क औषधि निर्माण र वितरण | चुर्ण औषधी उत्पादन गरी सबै आयुर्बेद संस्थाहरुबाट निःशुल्क बितरण भइरहेको। |
| | | घ. आयुर्वेद चिकित्सक र स्वास्थ्यकर्मिहरुका लागि क्षारसुत्र सम्बन्धी तालिम | तालिम सञ्चालन भै क्षारसुत्र बिधिबाट सेवा बिस्तार |

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | स्वास्थ्य महामारीलाई सामना गर्न सक्ने जनशक्तिको दिगो आपुर्तिको लागि बर्दिया अस्पताललाई स्टाफ नर्स, मिडवाइफ जस्ता मेडिकल प्राबिधिक गर्ने संस्थाको रुपमा विकास गर्न आवश्यक पुर्वाधार निर्माण गरिनेछ। | मेडिकलप्राविधिकहरुको उत्पादन | टेण्डरसम्झौता भै निर्माण प्रारम्भ भएको तर कोभिड कारणले सम्पन्न हुनननसकेको। |
| | स्वास्थ्य उपकरणहरुको मर्मत सम्भार गर्ने जनशक्तिको उत्पादन गर्नका लागि रुपन्देहीको शिक्षा तालिम केन्द्रको परिसरमा बायोमेडिकल उपकरण प्राबिधिक विद्यालय स्थापना गरी बायोमेडिकल ईन्जिनियरिङमा डिप्लोमा कोर्स सञ्चालन गरिनेछ। | बायोमेडिकल ईक्विपमेन्ट वर्कसप सञ्चालन | बायोमेडिकल ईक्विपमेन्ट वर्कसप सञ्चालनको लागि भवन कम्पाऊण्डवाल, औजार उपकरण खरिद तथाकर्माचारी व्यवस्थापन भै सेवा प्रारम्भ हुने चरणमा रहेको। |
| न्युनतम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्डका आधारमा प्रादेशिक मापदण्ड तयार गरी स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय रुपमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ। प्रदेश मातहत रहेका स्वास्थ्य संस्थाहरुलाई समयानुकुल बनाउन सबै स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वास्थ्य संस्थाहरुको पुन:संरचना गरिनेछ। | स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्न प्रदेश मातहतमा रहेका स्वास्थ्य संस्थाहरुलाई समयानुकुल बनाउन न्युन्तम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्डका आधारमा प्रादेशिक मापदण्ड तयार गरी सबै स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वास्थ्य संस्थाहरुकोपुनर्संरचना गरिनेछ। | | १३वटै अस्पतालहरुमा न्युन्तम सेवा मापदण्ड कार्यक्रम लागु गरी अस्पतालहरुको मुल्याँकन गरिएको प्रदेशका अस्पतालहरु राष्ट्रिय स्तरमा अव्वल साबित भएका |
| लुम्बिनी र राप्ती प्रादेशिक अस्पताललाईविशिष्टिकृत र बिशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको रुपमा विकास गरिनेछ। | बिशेष उपचारका लागि प्रदेश बाहिर जानुपर्ने स्थितीमा कमी ल्याउन लुम्बिनी र राप्तीप्रादेशिक अस्पताललाई बिशिष्टिकृत अस्पतालको रुपमा विकास गर्न लुम्बिनी प्रादेशिक अस्पतालको | लुम्बिनी प्रादेशिक अस्पतालमा पर्खाल सहित न्यूरो तथा अर्थो भवन निर्माण, वुटवल | निर्माण सम्पन्न |
| | | लुम्बिनी प्रादेशिक अस्पतालको डाईग्नोष्टिक भवननिर्माण बहुबर्षिय निरन्तरता | निर्माण सम्पन्न |

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | अस्पतालको गुरुयोजना कार्यान्वयन गर्ने र राप्ती प्रादेशिक अस्पतालको गुरुयोजना तयार गरिनेछ। | राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा योग अभ्यासकेन्द्र निर्माण | ९० प्रतिशत निर्माण सम्पन्न |
| | | राप्ती प्रादेशिक अस्पतालको पेडियाट्रिकि भवननिर्माण | निर्माणको क्रममा |
| | | राप्ती प्रादेशिक अस्पतालको तल्ला थप तथा कम्पाउण्ड वाल | निर्माणको क्रममा |
| अस्पतालहरुमा दन्त सेवा, फिजियोथेरापी लगायतका आधारभुत सेवाहरु बिस्तार गरिनेछ | स्थानीय स्तरमै आधारभुत स्वास्थ्य सेवाहरुको पहुँच बृध्दिक लागि जिल्ला स्थित अस्पतालहरुमा दन्त सेवा, आँखा उपचार सेवा र फिजियोथेरापी सेवा बिस्तार | स्थानीयस्तरमै आधारभूत स्वास्थ्य सेवाहरूको पहुँच वृद्धिका लागि जिल्लास्थित अस्पतालहरूमा दन्त सेवा, आँखा उपचार सेवा र फिजियोथेरापी लगायतका सेवा बिस्तार गर्न रू. ८ करोड ३० लाख विनियोजन | सबैअस्पतालहरुमा दन्त सेवा, आँखा उपचार सेवा र फिजियोथेरापी सेवा बिस्तार |
| स्वास्थ्य जनताको अधिकारको नीति अनुरुप स्वास्थ्य क्षेत्रको विकासमा जोड दिइनेछ | प्रदेशर स्थानीय तहको लागत साझेदारीमा हुने गरी कोभिड - १९ को प्रकोपस्थल बन्न पुगेको बाँकेको नरैनापुर र शान्ति प्रक्रियाको थालनी भएको एतिहासिक स्थल दाङको हापुरेमा रहेका स्थानीय तह मातहतका स्वास्थ्य संस्थाको संरचना निर्माण र सेवा बिस्तार | | हापुरेको भवन निर्माण सम्पन्न भएको छ भने नरैनापुरको भवन लागत अनुमान बढि भै बहुबर्षियस्विकृती र आवासको लागि खर्च गर्न उपयुक्त नभएकोले सरेण्डर गरिएको। |
| "आधारभुत शिक्षा र स्वास्थ्य जनताको अधिकार" को नीतिअनुरुप शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा जोड दिइनेछ। | स्थानीय तह, सामुदायिक स्वास्थ्य संस्था निजी स्वास्थ्य संस्था तथा गैर सरकारी संस्थाको सहलगानीमा विद्यालयमा परिचारिका कार्यक्रम सञ्चालन | स्थानीयतह, सामुदायिक स्वास्थ्य संस्था, निजी स्वास्थ्य संस्था तथा गैर-सरकारी संस्थाको सह-लगानीमा विद्यालयमा परिचारिका कार्यक्रम | ३६ वटा विद्यालयमा विद्यालय नर्स परिचालन भैसेवा सञ्चालन |
| कोंभिड-१९ को रोकथाम, नियन्त्रणमा खटिने स्वास्थ्यकर्मीहरुको मनोबलउच्च राख्न थप प्रोत्साहन गरिनेछ। | | कोभिड -१९ को नियन्त्रण तथा उपचारका लागि स्रोतको अभाव हुन नदिन भैपरी आउने खर्चमा रू.१ अर्ब | आवश्यकपरेको बजेट कोभिड कोष मार्फत बितरण तथा खर्च भइरहेको। |

## १२.१२ आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु.हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रम | ७५ | ३१८२५४ | ६० | ८० | २४४९८६ | ७७ |
| २ | प्रादेशिक अस्पताल सुदृढीकरण | ५० | ८७००२२ | ३५ | ७० | ६४३६७० | ७४ |
| ३ | संघ सशर्त बजेट | ९८६ | १३५७४६० | ७७० | ७८ | ९५८६४८ | ७१ |
| ४ | स्वास्थ्य निर्देशनालय | १ | २४१६७ | १ | १०० | १९१२९ | ७९ |
| ५ | प्रादेशिक अस्पतालहरु | १३ | ८३१९०८ | १३ | १०० | ६९५८७३ | ८४ |
| ६ | स्वास्थ्य कार्यालयहरु | १२ | १५११६८ | १२ | १०० | १२५२८७ | ८३ |
| ७ | आयुर्वेद चिकित्शालयहरु | ३ | ३७१६३ | ३ | १०० | २९६६५ | ८० |
| ८ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु | ९ | ४८८०१ | ९ | १०० | ४०६२१ | ८३ |
| ९ | स्वास्थ्य तालिम केन्द्र | १ | १२१३७ | १ | १०० | ९९३० | ८२ |
| १० | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र | १ | १५५६५ | १ | १०० | १०४५५ | ६७ |
| ११ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १ | १५३०४ | १ | १०० | ९४१२ | ६२ |
| जम्मा | | ११५२ | ३६८१९४९ | ४१ | ४ | २७८७६७६ | ७६ |

(स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय)

## १२.१३ राजस्व संकलनको विवरण

### आर्थिक वर्ष २०७७।७८ को दोस्रो चौमासिक सम्मको राजस्व संकलन विवरण

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२३ (शिक्षा क्षेत्रको आम्दानी) | नतोकिएको | १८००० | २.०४ |
| २ | १४२२९(अन्य प्रशासनिकक सेवा शुल्क) | नतोकिएको | ८४५२०० | ९६.२ |
| ३ | १५१११(बेरुजु) | नतोकिएको | १६९७६ | १.९२ |

(स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय)

## १२.१४ मन्त्रालय अन्तर्गतका विकास आयोजनाका कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

मन्त्रालयवाट संचालित विकास आयोजनाहरुबाट सिर्जित रोजगारीमा ३६ जना स्कुल नर्स (स्वंय सेवक समेत),चिकित्सक, स्वास्थ्य प्राबिधिक र अन्य गरेर ५८३ जनालाई कोभिड बिशेष अस्पतालमा रोजगारी प्रदान गरिएको छ। यस बाहेक अस्पतालहरुमा हुने भवन निर्माण आदिका कार्यहरुले सिजनल रोजगारी सिर्जना र संचालनमा सहयोग पुगेको छ ।

## १२.१५ समस्या तथा चुनौतीहरु

- संगठन एवम् दरबन्दी संरचना स्वीकृत तथा कर्मचारी व्यवस्थापन
- लोक सेवा आयोगबाट रिक्त पदहरुको स्थायी पदपुर्ति
- ५० सैयामा स्तरबृध्दि गरिएका अस्पतालहरुको स्थायी/ अस्थायी दरबन्दी स्विकृत तथा निरन्तरता
- स्वीकृत स्थायी दरबन्दी रिक्त रहेकोमा करार पदपुर्तिको निरन्तरता र व्यवस्था
- नयाँ मन्त्रालय भएकोले मन्त्रालय रह्ने उपर्युक्त भवनको व्यवस्था
- संघिय सरकारबाट प्राप्त हुने आयोजनाहरुको प्रदेश योजना आयोगबाट बहुबर्षिय स्वीकृती
- बिषेशज्ञ चिकित्सक तथा बिषय बिज्ञ करार गर्न स्वीकृती
- होल्डिङ सेन्टरको लागि जग्गा व्यवस्थापनतथा कार्यान्वयनमा बहुपक्षीय सहयोग
- टेन्डर सम्झौता भैसकेको तर कोभिड १९ को कारणले सम्पन्न हुन नसकेको कार्यक्रमहरुको म्याद थप र श्रोत सुनिश्चितता।
- संघीय सरकारले निर्माण गर्नुपर्ने ऐन नियमहरु नबन्दा प्रदेशले आफ्ना कानून बनाउन नपाउँदा कतिपय कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको । जस्तैः शिक्षा ऐन,स्वास्थ्य ऐन।
- खरिद प्रक्रिया परामर्श सेवा अनुसन्धान जस्ता विषयको प्रक्रिया लामो हुँदा समयमा काम गर्न नसक्नु
- कार्यान्वयन तहमा रहेर कार्य सम्पादन गरेको जनशक्तिलाइ नीति निर्माण तहको कार्य सम्पादन गर्ने सीप तथा क्षमता विकासका तालिम गोष्ठीको कमी ।
- कार्यन्वयन गर्ने संरचना/निकायमा कर्मचारी पदपुर्ति समयमा हुन नसक्नु
- कतिपय क्षेत्रमा बजेटको अभाव तथा बजेट निर्माण हुँदा बस्तुगत बनाउन नसकिएको कारणले समेत कार्यक्रम संचालनमा कठिनाई ।
- सबै कार्यक्रम सञ्चालनको मानक नहुनु र लागत अनुमान तयारीमा लाग्ने समय ।
- निर्माण गरिने संरचनाहरुको विस्तृत लागत अनुमान तथा EIE।
- निर्माण गरिने संरचनाको जग्गा प्राप्ति ।
- लेखा प्रणाली संचालनमा एकीकृत सफ्टवेयर ।

## १२.१६ समस्या, समस्या समाधानका प्रयास तथा आगामी कदम

| क्र.सं. | समस्या | समस्या समाधानका प्रयास | आगामी कदम |
|---|---|---|---|
| १ | आवश्यक सूचना तथा तथ्याङ्कको अभाव | खण्डीकृत तथ्याङ्कको प्रयोग । | प्रदेश सूचना बैङ्कको स्थापना गर्नुपर्ने |
| २ | संघीय कानुन नबनेको अवस्था | मिल्दाजुल्दा कार्यविधिहरुको सहयोग लिइएको । | संघबाट समयमा नै सम्बद्ध कानून बन्नुपर्ने। |

| क्र.सं. | समस्या | समस्या समाधानका प्रयास | आगामी कदम |
|---|---|---|---|
| ३ | सार्वजनिक खरिद प्रक्रियाका सम्बन्धमा दक्षता र यसले लिने समय | परामर्श सेवाबाट समेत काम चलाइएको । | क्षमता वृद्धि तालिम। प्रदेश सार्वजनिक खरिद अनुगमन तथा सहजीकरण इकाई स्थापना |
| ४ | प्राविधिक कार्यसँग सम्बन्धित संरचना र जनशक्तिको कमी। | स्वयमसेवक प्राविधिकबाट काम चलाइएको । | प्रदेश सरकारका निर्माण कार्य हेर्न प्राविधिक wing को आवश्यकता रहेको । |
| ५ | स्वास्थ्य क्षेत्रका औजार उपकरण मेशिनरी औजारको लागि स्पेशिफिकेशन तयार गर्ने समस्या | उपलब्ध कर्मचारी र परामर्श सेवाबाट जेनतेन काम चलाइएको | प्रदेशमा स्पेशीफिकेशन बैङ्कको स्थापना |
| ६ | एकीकृत सफ्टवेयर नहुनु | म्यानुअल रुपमा काम गर्नु परेको | प्रदेशको एकीकृत लेखायोजना, सूचना तथ्याङ्क सम्बन्धी सफ्टवेयरको व्यवस्था |

## १२.१७ निष्कर्ष

प्रदेश सरकारको गठन पछि प्रदेशमा स्वास्थ्य क्षेत्र हेर्ने जिम्मेवारी सामाजिक विकास मन्त्रालयलाई तोकियो। मन्त्रालयको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, महिला,बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक, समाजकल्याण, श्रम तथा रोजगार,भाषा, लिपि, विज्ञान प्रविधि, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुका कार्यक्रमहरु संचालन भइरहेकोमा मन्त्रालयको कार्यक्षेत्र बढी भै स्वास्थ्य क्षेत्रले प्रथमिकता नपाइरहेको अवस्थामाप्रदेश सरकारले मिति २०७८ बैशाख ६ गते प्रदेश कार्य विभाजन नियमावली २०७४ को सट्टा २०७८ जारी गरि सामाजिक विकास मन्त्रालयलाई टुक्रयाई स्वास्थ्य क्षेत्र हेर्नका लागि स्वास्थ्य तथ जनसङ्ख्या मन्त्रालय गठन गरिएको छ। वर्तमान अवस्थामा कार्यान्वयन गर्नको लागिगठन भएकोस्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ऐन कानुनको सफल कार्यान्वयन गर्दै जनताको स्वास्थ्य संग जोडिएका विषयमा अझ संवेदनशील भई आफ्नो जिम्मेवारीमा कटिबद्ध भई **समृद्ध प्रदेश खुसी जनता**को मूल मन्त्रलाई साकार पार्ने दिशातर्फ अगाडि बढीरहेको छ ।प्रदेशको आवधिक योजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता अनुरुप बनाइएका नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला निकायबाट सल्लाह सुझाव र सहयोगको अपेक्षासहित मन्त्रालय अगाडि बढ्दछ ।

# परिच्छेद-१३
# प्रदेश पूर्वाधार विकास प्राधिकरण

## १३.१ परिचय

प्रदेशको विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने पूर्वाधार विकास योजनाको तर्जुमा गरी कार्यान्वयन गर्न, योजनालाई छिटो, छरितो र प्रभावकारी रुपमा सम्पन्न गर्न र सार्वजनिक नीजि साझेदारी र बिदेशी लगानीलाई पूर्वाधार विकासमा परिचालन गर्न तथा आधुनिक प्रविधिजन्य तथा उच्च प्रतिफलयुक्त आयोजनाहरुको निर्माण तथा संचालन मार्फत रोजगारी र आय आर्जनका अवसरको सिर्जना गरी प्रदेश र जनताको समृद्धि अभिवृद्धि गर्न एक स्वायत्त र सक्षम निकायको गठन गर्ने उदेश्यले मिति २०७६।०७।२६ गते प्रदेश सरकार मन्त्रिपरिषद् बाट प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा संचालन) आदेश, २०७६ जारी गरी यस प्राधिकरणको स्थापना भएको थियो। यस प्राधिकरणको संचालन तथा व्यवस्थापनको लागि ऐनको आवश्यकता महशुस गरी लुम्बिनी प्रदेश सभाबाट मिति २०७८।०१।२२ मा प्रदेश पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ निर्माण भई सोही ऐन बमोजिम यस प्राधिकरणको व्यवस्थापन तथा संचालन भइरहेको छ ।

## १३.२ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १००७५ | ८३३३ | ८२.७१ |
| पुँजीगत | ७३४४० | ४४३९० | ६०.४४ |
| जम्मा | ८३५१५ | ५२७२३ | ६३.१३ |

(स्रोतःप्रदेश पूर्वाधार विकास प्राधिकरण)

## १३.३ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | | |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | ७०११४ | ५२६५६ |

(स्रोतःप्रदेश पूर्वाधार विकास प्राधिकरण)

## १३.४ आ.व.२०७७/०७८ को नीति कार्यक्रम र वजेट वक्तव्यमा उल्लेखित कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | वजेट वक्तव्यको बुँदा नं | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | २१६ | प्रदेश राजधानीको गुरुयोजना तयार र प्रदेश सभा भवन निर्माण कार्य अघि बढाइनेछ । | प्रदेश राजधानीको गुरुयोजना निर्माणको लागि परामर्शदाता छनौट भई कार्य शूरु भएको साथै प्रदेश सभा भवन निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण शुरु भएको । |
| | २१७ | ठुला शहरहरुमा सुविधा सम्पन्न व्यपारिक भवनहरुको निर्माण कार्य अगाडि बढाइने छ। | बुटवलमा सार्वजनिक नीजी साझेदारीमा निर्माण गरिने बहुतले Business Complex को वित्तीय विश्लेषण सम्पन्न भै प्रारम्भिक डिजाईन तयार गरी आशयपत्र आह्वानको क्रममा रहेको |
| | २१७ | पाल्पाको श्रीनगरमा मनोरन्जन पार्कको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ । | सम्भाव्यता अध्ययन सम्पन्न भैसकेको |
| | २१९ | राप्ती प्रादेशिक र लुम्बिनी प्रादेशिक अस्पताललाई प्रदेशकै उच्च विशिष्टिकृत स्वास्थ्य सेवायुक्त अस्पतालहरु बनाउन आवश्यक कार्यहरु गरिने छ । जसमा लुम्बिनी प्रादेशिक अस्पताललाई नयाँ भवनको Master Plan तयार भैसकेको अवस्थामा आगामी आ.ब. मा DPR बनाई निर्माण कार्य शुरु गर्ने र राप्ती प्रादेशिक अस्पतालको गुरुयोजना तयार गरिनेछ । | लुम्बिनी प्रादेशिक अस्पतालको डिपिआर अन्तिम रिपोर्ट प्राप्त भैसकेको<br>राप्ती प्रादेशिक अस्पतालको गुरुयोजना तयार भैसकेको । |

(स्रोतः प्रदेश पूर्वाधार विकास प्राधिकरण)

## १३.५ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा

(रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % |
| १ | ईलेक्ट्रीक बस संचालनको लागि | १ | ५०० | १ | १०० | ४९५ | ९९ |

| क.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % |
| | संभाव्यता अध्ययन | | | | | | |
| २ | लुम्बिनी प्रादेशिक अस्पतालको बिस्तृत आयोजना प्रतिवेदन तयार गर्ने | १ | २३५०० | १ | १०० | २१५९४ | ९१.८८ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पतालको वातावरणीय प्रभाव मुल्याङ्कन | १ | १००० | ०.२५ | २५ | ० | ० |
| ४ | राप्ती प्रादेशिक अस्पतालको मास्टर प्लान तयार गर्ने | १ | २००० | १ | १०० | १८०४ | ९०.२० |
| ५ | बुटवल बिजिनेश कम्प्लेक्शको सम्भाव्यता अध्ययन | १ | ११० | १ | १०० | ११० | १०० |
| ६ | रिक्रिएशन/थिम पार्कको संभाव्यता अध्ययन | १ | ५०० | १ | १०० | ४९५ | ९९ |
| ७ | बुटवल-भैरहवा, घोराही-तुलसीपुर, कोहलपुर-नेपालगंज महानगर सम्भाव्यता अध्ययन | १ | ६२०० | १ | १०० | ६१०६ | ९८.४८ |
| ८ | प्रादेशिक राजधानीको लागि मास्टर प्लान तयार गर्ने | १ | २४०० | ० | ० | ० | ० |
| ९ | प्रदेश सभा निर्माण | १ | १८००० | ०.३० | ३० | ९४६२ | ५२.५६ |

(स्रोत:प्रदेश पूर्वाधार विकास प्राधिकरण)

## १३.६ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण (रु. हजारमा)

| क.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२९ | | ३० | |
| | | | | |
| | | | | |

(स्रोत:प्रदेश पूर्वाधार विकास प्राधिकरण)

## १३.७ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

| कार्यक्रमको नाम | सम्पादन भएका क्रियाकलापहरु |
|---|---|
| ईलेक्ट्रीक बस संचालनको लागि संभाव्यता अध्ययन | अन्तिम रिपोर्ट प्राप्त भैसकेको । |
| लुम्बिनीप्रादेशिक अस्पतालको बिस्तृत आयोजना प्रतिवेदन तयार गर्ने | डि.पि.आर.को अन्तिम रिपोर्ट प्राप्त भैसकेको । |
| लुम्बिनीप्रादेशिक अस्पतालको वातावरणीय प्रभाव मुल्याङ्कन | कार्य भइरहेको । |
| राप्ती प्रादेशिक अस्पतालको मास्टर प्लान तयार गर्ने | तयार भैसकेको । |
| बुटवल बिजिनेश कम्प्लेक्शको सम्भाव्यता अध्ययन | पूर्व सम्भाव्यता र वित्तीय विश्लेषण सम्पन्न भई आशयपत्र आह्वावान गरिएको । |
| रिक्रिएशन/थिम पार्कको संभाव्यता अध्ययन | सम्पन्न भैसकेको । |
| बुटवल-भैरहवा,घोराही-तुलसीपुर,कोहलपुर-नेपालगञ्ज महानगर सम्भाव्यता अध्ययन | अन्तिम रिपोर्ट प्राप्त भैसकेको । |
| प्रादेशिक राजधानीकोलागि मास्टर प्लान तयार गर्ने | परामर्शदाताको छनौट भई कार्य प्रारम्भ गरिसकेको । |
| नेपाल संस्कृत विश्वविद्यालयमा सभागृह निर्माण, बेलझुण्डी, दाङ, डिजाइन तथा इष्टिमेट तयार गरी निर्माण शुरु गर्ने | स्थान छनौट भै डिजाइन,इष्टिमेट तयार भैसकेको । |
| नेत्रलाल अभागी रंगशाला निर्माण | वातावरणीय प्रभाव मूल्याङ्कन(EIA) को कार्य अन्तिम चरणमा रहेको । |
| प्रदेश सभा भवन निर्माण | ठेक्का सम्झौता सम्पन्न भई निर्माण प्रारम्भ भैसकेको । |

## १३.८ निष्कर्ष

यस आ.व.मा प्रस्तावित कार्यक्रमहरु समयमै सम्पन्न गर्न सकिएको ।

# परिच्छद-१४
# मुख्यन्यायाधिवक्ताको कार्यालय

## १४.१ परिचय

नेपालको संविधानको भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखद्वारा हुने व्यवस्था रहको छ । मिति २०७४।१२।०२ बाट मुख्य न्यायाधिवक्ताको कार्यालय लुम्बिनी प्रदेशको बुटवलमा स्थापना भई कार्य संचालन भइरहेको छ।

## १४.२ कार्यक्षेत्र

- प्रदेश भित्रका प्रदेश सरकारललाई विपक्षी वनाई दायर गरिएका मुद्दा/ रिट निवेददन उपरप्रदेश सरकारको ततर्फबाट वहसपैरवी प्रतिरक्षा गर्ने तथा प्रदेश सरकार वादी भएका मुद्दा अदालत वा न्यायीक निकायमा प्रदेश सरकारको नामबाट मुद्दा दायर गर्ने ।
- प्रदेश सरकार र प्रदेश सरकार मातहतका कार्यालयहरुलाई संवैधानिक वा कानूनी प्रश्नमा कानूनी राय सल्लाह उपलव्ध गराउने।
- प्रचलित प्रदेश कानूनको कार्यन्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्य क्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनुपर्ने वा भइरहेको कानून संशोधन गर्न वा वनि रहेको कानून लागु गर्नुपर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्ने ।
- प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगन र निरीक्षण गरी थुनुवाहरु उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।
- प्रदेश प्रोवेशन तथा प्यारोल वोर्डको अध्यक्षता गर्ने ।
- विभिन्न कानूनी राय लिखित जवाफ लेखन लगायत सम्वन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्ने।

## १४.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १४,१७६ | ७९२४ | ५५.९० |
| पुँजीगत | ८५० | ७७४ | ९१.०७ |
| जम्मा | १५०२६ | ८६९९ | ५७.८९ |

(स्रोतः प्रदेश लेखा नियन्त्रकको कार्यालय, लुम्बिनी प्रदेश)

## १४.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | - | - |
| ३ | नेपाल सरकार समपूरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | १५३२६ | ८६९२.६० |

(स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय,लुम्बिनी प्रदेश)

## १४.५ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र समीक्षा

(रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट % |
| १ | हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया | २ | ३०० | २ | १०० | १२५ | ४१.६८ |
| २ | अन्तर प्रदेश स्तरीय अनुभव आदान प्रदान | ६ | ४२० | २ | ३३ | १०३ | २४.५९ |
| ३ | रिट प्रतिरक्षा लिखित जवाफको स्तरीयता सम्बन्धी अन्तरक्रिया | ४ | ६०० | २ | ५० | १७१ | २८.६६ |
| ४ | प्रदेश प्यारोल तथा प्रोवेशन समिति गठन तथा संचालन | १ | ३०० | ० | ० | ० | ० |

(स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय,लुम्बिनी प्रदेश)

## १४.६ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | वेरुजु(१५१११) | नतोकिएको | २५.४२५ | --- |

(स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय,लुम्बिनी प्रदेश)

# परिच्छेद-१५
# प्रदेश योजना आयोग

## १५.१ परिचय

प्रदेश सरकार (मन्त्रिपरिषद)को मिति २०७४ चैत्र ६ गतेको निर्णय अनुसार प्रदेश नं. ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत भई सोही मितिको निर्णयाअनुसार प्रदेश योजना आयोगको गठन गरिएको हो ।

प्रदेश योजना आयोग विकासमा आधारित संस्था हो। प्रदेशको दुरगामी सोच सहित विकासको अवधारणा तयार गर्ने, योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रुपमा प्रदेश योजना आयोग गठन भएको हो ।

## १५.२ कार्यक्षेत्र

**आयोगको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था**

### १५.२.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा

- प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने
- लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने
- राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने
- अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने
- अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने
- प्रदेशको स्थिति पत्र, श्वेतपत्र तयार गर्ने,
- वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

### १५.२.२ अनुगमन तथा मूल्यांकन

- अनुगमन, मूल्याङ्कन मापदण्ड, कार्यविधि फ्रेमवर्क बनाउने
- प्रदेशको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने
- मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरु र प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्यांकन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने
- अनुगमन तथा मूल्यांकनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत, पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने

### १५.२.३ तहगत समन्वय

- प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

### १५.२.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण

- कुनै प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने
- प्राज्ञिक, सर्विजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने
- आर्थिक विकास, सामाजिक विकास, भौतिक पर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत ब्यवस्थापन र सुशासन तथा ब्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र ब्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने बिषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने ।

### १५.२.५ अनुगमन मूल्याङ्कन मापदण्ड, कार्यविधि, ढाँचा बनाउने

- प्रदेशको विकास सम्वन्धी नीति, योजना कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागु गरी संस्थागत गराउने ।

## १५.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा असार मसान्तसम्मको वित्तीय प्रगतिः

| वजेटशीर्षक | विनियोजित वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ३४६६९ | ९८४९ | २८.४१ |
| पुँजिगत | १००० | ७१७१ | ७१७.१० |
| जम्मा | ३५६६९ | १७०२० | ४७.७२ |

(स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय)

## १५.४ आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | | |
| ३ | नेपाल सरकार समपुरक अनुदान | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार(राजश्व बाँडफाँड समेत) | २ करोड ८२ लाख ६९ हजार | १ करोड ६९ लाख ९८ हजार |

(स्रोत : प्रदेशलेखा नियन्त्रक कार्यालय)

## १५.५ आ.ब २०७७/०७८ को बार्षिक बजेट तथा नीति तथा कार्यक्रममा उल्लेखित बुँदाहरुको प्रगति

| बजेट बक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रप्तिको बिद्यमान अवस्था |
|---|---|---|---|
| २९ | - | परियोजना बैंक निर्माण | परियोजना बैंक अन्तरगत १५ वटा आयोजनाको अबधारणापत्र तयार भएको जसमध्ये यस आ.व.मा ९ वटा सम्पन्न भएको । |
| | | प्रदेश योजना आयोगलाई थिङ्क टयाङ्कको रुपमा विकास गर्ने | परियोजना बैंक स्थापना शुरु गरेको, स्थानीय तहको योजना निर्माण सम्बन्धी क्षमता विकासमा सहयोग गरेको ५(पाँच) विभिन्न विषयममा सम्भाब्यता |

| | | | |
|---|---|---|---|
| | | | अध्ययन तथा १(एक) विषयको प्रभाव मुल्याङ्कन सम्पन्न गरिएको। आयोगका पदाधिकारीबाट प्रदेश सरकारको सल्लाहकारको रुपमा भुमिका निर्वाह भएको । |

## १५.६ आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

### पुँजिगततर्फ

| क्र.सं. | कार्यक्रम, क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| १ | अध्ययनरत परियोजनाको पुर्वसंभाब्यता अध्ययन प्रतिवेदन | १५ | ५०० | १४ | ९४ | ४४४ | ८८% |
| २ | शोध अनुसन्धान वृति | १० | १००० | १० | १०० | १००० | १००% |
| ३ | बर्दियामा अत्याधुनिक कृषि फार्म स्थापनाका लागि संभाव्यता अध्ययन | १ | ५०० | १ | १०० | ४९८ | ९९.६८% |
| ४ | सिद्धबाबा क्षेत्रको पानीको स्रोत सम्बन्धी अध्ययन | १ | १५०० | १ | १०० | १४९६ | ९९.८२% |
| ५ | पाल्पा माडीफाँटको उपयोगिता बृद्धि सम्बन्धी कृषि तथा सिंचाइ प्राविधिक सम्मिलित टोलीद्वारा अनुसन्धान | १ | १००० | १ | १०० | १००० | १००% |
| ६ | इलेक्ट्रिक स्कुटर कम्पनी स्थापनाबारे अध्ययन, अवधारणा तथा मोडालिटी तयार | १ | १५०० | १ | १०० | १५०० | १००% |
| ७ | आयोजना तथा कार्यक्रमको प्रभाव मुल्याङ्कन | १ | १००० | १ | ५० | ४९६ | ४९.८% |
| ८ | सिमेन्ट उद्योग तथा चुनढुँगा खानी सम्वन्धमा अध्ययन | १ | १३०० | १ | ३० | ० | ० |

चालुतर्फ

| क्र.स. | कार्यक्रम, क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% |
| १ | स्थानीय तहको आवधिक योजना निर्माण सम्बन्धी अन्तरक्रिया, गोष्ठी, कार्यशाला | १ | ८ | १ | १०० | ३ | ३७.५ |
| २ | चौमासिक तथा वार्षिक समिक्षा | ३ | ६ | ३ | १०० | ४ | ६७ |
| ३ | प्रादेशिक महत्वका तथा बहुबर्षीय आयोजनाहरुको समीक्षा | १ | ६ | ० | ० | ० | |
| ४ | स्थल अध्ययन सर्वेक्षण परीक्षण तथा वार्षिक विकास कार्यक्रमकोप्रशासनिक खर्च(अन्तरक्रिया/गोष्टी/भ्रमण/इन्धन/परियोजना बैंक निर्माण सम्बन्धीप्रशासनिक खर्च) | - | १३ | - | - | ४ | ३१ |
| | | | | | | | |

## १५.७ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण

| क्र.स. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १५१११ | | ५४,६६५ | |

## १५.८ आ.व. २०७७/७८ सम्पादन भएका महत्वपूर्ण कार्यहरु

प्रदेश परियोजना बैंक अन्तर्गत परियोजनाहरु तयार भएका (आ.व. ०७७/०७८ मा सम्पन्न)

| सि.नं. | परियोजनाको नाम | परियोजना बैंक दर्ता नं. |
|---|---|---|
| १ | चिउरी प्रशोधन लघु उद्योग | 2076/77-006-R0 |
| २ | बुटवल-गुल्मी रामायण तथा भौगर्भिक पर्यटन मार्ग | 2076/77-007-R0 |
| ३ | अण्डा सहकारी, रुपन्देही | 2076/77-008-R0 |
| ४ | प्रशोधित दाउरा उद्योग, भालुवाङ | 2076/77-009-R0 |
| ५ | लेते पहिरो, गुल्मीः अवस्था र रोकथामका उपाय | 2076/77-010-R0 |
| ६ | रुकुम पूर्व स्याउ परियोजना | 2076/77-011-R0 |
| ७ | कपिल अन्तराष्ट्रिय सम्मेलन केन्द्र,शखुनिया ताल | 2076/77-012-R0 |
| ८ | सिद्धबाबा कृत्रिम पठार परियोजना | 2076/77-013-R0 |
| ९ | बुल्म एकीकृतवस्ति विकास परियोजना | 2076/77-014-R0 |

- बर्दियामा अत्याधुनिक कृषि फार्म स्थापनाका लागि संभाव्यता अध्ययन सम्बन्धमा मिति २०७७/०७/२१ देखि २०७७/०७/२४ सम्म हरियाली ग्रुप फिल्ड कार्यालय,म्याग्दीको भ्रमण सम्पन्न भएको । साथै हरियाली ग्रुप फिल्ड कार्यालय,म्याग्दीको तर्फबाट मिति २०७७ पौष २२ गते लुम्बिनी प्रदेशका माननीय भूमी व्यवस्था,कृषि तथा सहकारी मन्त्रीज्यूको प्रमुख आतिथ्यता र यस आयोगका उपाध्यक्षज्यूको संयोजकत्वमा आयोजित कार्यक्रममा संभाव्यता अध्ययन सम्बन्धी अबधारणापत्र प्रस्तुत गरिएको ।
- चौमासिक/वार्षिक समीक्षा (मिति २०७७/०४/१८,१९ र २० मा वार्षिक समीक्षा, मिति २०७७ मङसिर १० र ११ गते र २०७७ चैत्र ११ र १२ गते यस आ.व. को प्रथम र दोस्रो चौमासिक समीक्षा कार्यक्रम (PDAC) Provincial Development Action Committee को बैठक आयोजना गरी प्रदेश सरकार मातहतका केन्द्रीय मन्त्रालय/निकायको प्रगति सम्बन्धी समीक्षा कार्यक्रम आयोजना गरिएको । साथै सो बैठकको निर्णय (NDAC) National Development Action Committee मा पठाईएको ।
- लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको प्रथम आर्थिक वर्ष (२०७६/०७७) को वार्षिक समीक्षा प्रतिवेदन पुस्तक प्रकाशन गरिएको ।
- मासिक रुपमा "योजना" बुलेटिनको प्रकाशन गर्ने गरिएकोमा श्रावण, भाद्र, असोज र कार्तिक महिनाको तीन अंक प्रकाशित
- शोधवृत्ति (Research Grant ) कार्यक्रम कार्यविधि, २०७७ स्वीकृत भएको । सोही कार्यविधिको आधारमा विज्ञान तथा प्रविधिको क्षेत्रमा स्नाकतकोत्तर वा सो भन्दा माथि अध्ययनरत बिद्यार्थीहरुबाट आवेदन र शोधपत्र माग गरी प्राप्त भएका जम्मा ७९ वटा प्रस्तावहरुको अध्ययन पश्चात बिभिन्न बिधामा १० (दश) जना बिद्यार्थीहरु छनोट गरिएको ।
- बहुवर्षीय आयोजनाहरुलाई श्रोत सुनिश्चितता र सहमति प्रदान गर्नुअघि स्थलगत अनुगमन र डिजाईनरहरुसँग अन्तरक्रिया गरिएको । जस्तैः जेष्ठ नागरिक तथा अपाङ्गता ग्राम सैनामैना, भेटेरिनरी रिफरल अस्पताल भैरहवा, चरङ्गे झुम्सा सडक आयोजना, मर्चवार सडक, नरैनापुर सडक आयोजना आदि।
- मिति २०७७/०७/२१ गते आयोगका उपाध्यक्ष प्रा.डा. ईश्वर गौतमको नेतृत्वमा वालिङ नगरपालिका स्याङ्गजामा डिजिटल नगरपालिकाको अवधारणा सम्बन्धी अन्तरक्रिया भ्रमण सम्पन्न भएको ।
- कम्तीमा ५० हजार जना नागरिकलाई प्रदेशमा उपलब्ध रोजगारीमा आवद्ध गरी एकद्वार सुचना प्रणालीको विकास गर्ने उद्देश्य सहित लुम्बिनी प्रदेश रोजगार पोर्टल तयार भई मिति २०७७ कार्तिक २८ गते औपचारिक शुरुवात भएको । (सूचना तथा संचार प्रविधि प्रतिष्ठानको प्राविधिक सहयोगमा)
- चालु आ.व.०७७/७८ मा थप ५८ भन्दा बढी वटा आयोजनाहरुलाई स्रोत सुनिश्चितता प्रदान गरिएको ।

## १५.९ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा कठिनाईहरु

- प्रदेशसरकार अन्तरगतका मन्त्रालयहरुका बीचमा कार्यक्रम छनौट सम्बन्धी समन्वयको अभावदेखिएको जसका कारण मन्त्रालयहरु बिचमा कार्यक्रमहरुको दोहोरोपना देखिएको ।
- बिभिन्न आयोजनाहरुमा संघ, प्रदेश र स्थानीय तह गरि तीनैवटा सरकारहरुबाट बजेट लगानी हुने गरेकाले एउटै आयोजनामा लगानीको दोहोरोपना देखिएको ।
- प्रदेश सरकारको लगानी रहेका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रभाव मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभाव रहेको ।
- "बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का बन्दोवस्त सम्वन्धी मापदण्ड, २०७६" र प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड निर्माण भैसकेको सन्दर्भमा सम्बन्धित मन्त्रालयहरुबाट उल्लेखित मापदण्डहरुको आवश्यक अध्ययन बिना नै आयोजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गरिएको ।
- परियोजनाको प्रकृति अनुरुप DPR निर्माणमा एकरुपता कायम गर्नुपर्नेमा त्यस्तो नगरिएकोले DPR को संरचनामा आवश्यक सुधार गर्नुपर्ने देखिएको ।
- संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार र प्रदेश सरकारबीच औपचारिक सम्बन्ध स्थापना गर्ने संरचना/ईकाईको अभाव । जस्तैः राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगबीच औपचारिक सम्बन्ध स्थापना गर्ने कानूनी संरचनाको अभाव ।

## १५.१० समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- प्रदेश सरकार अन्तरगतका मन्त्रालयहरुका बीचमा योजना छनौट सम्बन्धी समन्वय स्थापित गर्ने । संघ, प्रदेश र स्थानीय तह गरी तीनैवटा सरकारहरुबाट बीच योजना छनौट सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने।
- कर्मचारी व्यवस्थापन कार्यलाई ब्यवस्थित र वैज्ञानिक बनाउने ।
- संघ, प्रदेश र स्थानीय तह गरि तीनैवटा सरकारहरुबाट वीच योजना छनौट सम्बन्धी नीतिगतव्यवस्था गरि कार्यान्वयन गर्ने।
- कर्मचारी व्यवस्थापन कार्यलाई ब्यवस्थित र वैज्ञानिक बनाउने ।

## १५.११ निश्कर्ष

प्रदेश सरकारको विकास निर्माण सम्बन्धी नीति, कानून निर्माणमा सल्लाहकारी भूमिका निर्वाह गर्ने र उक्त विकासनिर्माणको प्रत्यक्ष अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने कार्यदिश सहित प्रदेश योजना आयोगको स्थापना भएको हो । स्थापनाकालदेखि नै यसै बिषयलाई हृदयङ्गम गर्दै आयोग आफ्नो कार्यमा दत्तचित्त भएर कार्यरत रहेको छ । उल्लेखित बिषयहरुमा कार्य गर्नका लागि लुम्बिनी प्रदेश सरकारका तर्फबाट प्राप्त सहयोगका कारण पनि आयोगको कार्यक्षेत्रका विषयमा यथेष्ट अवसरहरु निर्माण भएका छन् ।

# परिच्छेद-१६
# सूचना तथा संचार प्रविधि प्रतिष्ठान

## १६.१ परिचय

सूचना तथा संचार प्रविधिका क्षेत्रमा विकास भएका नवीनतम प्रविधिलाई प्रदेशको वृहत हित अनुकूल प्रयोग गरी प्रदेशलाई सूचना तथा संचार प्रविधिका क्षेत्रमा सवल र सक्षम बनाउन तथा यस क्षेत्रमा सक्षम जनशक्तिको विकास गर्नका लागि सूचना तथा संचार प्रविधि प्रतिष्ठान ऐन, २०७६ बमोजिम यस सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना भएको हो ।

## १६.२ कार्यक्षेत्र

सूचना तथा संचार प्रविधि प्रतिष्ठानको मुख्य कार्यक्षेत्र लुम्विनी प्रदेशको सूचना प्रविधि क्षेत्रको विकासमा योगदान पुर्याउनु हो । जसका लागि प्रदेश सरकारका सूचना प्रणालीहरूलाई व्यवस्थित गर्ने, प्रदेश सरकारका विभिन्न निकायका लागि आवश्यक सूचना प्रविधि सम्वन्धी प्राविधिक परामर्श सेवा उपलव्ध गराई डिजिटल प्रदेशको लक्ष्य हासिल गर्नमा मद्दत गर्नु प्रतिष्ठानको कार्य हो । साथसाथै प्रदेशमा सूचना तथा संचार प्रविधिको पहुँच बढाउने र विस्तार गर्ने, सूचना तथा संचार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने, सूचना तथा संचार प्रविधिसम्वन्धी उद्योगको स्थापना र विकासमार्फत् प्रदेशको समृद्धिमा योगदान पुर्याउने, प्रदेश सरकारको काम कारवाहीलाई विद्युतीय सुशासनका माध्यमबाट छिटोछरितो, पारदर्शी र प्रभावकारी बनाउने तथा सरकारी, सामुदायिक र निजी क्षेत्रका व्यवसायी र नागरिक बिचको कारोबार र सम्वन्धलाई विद्युतीय प्रविधि मार्फत् भरपर्दो र प्रभावकारी बनाउने आदि कार्यहरू सूचना तथा संचार प्रविधि प्रतिष्ठानको कार्यक्षेत्रमा पर्दछन् ।

## १६.३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | आर्थिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २५६६३ | ७,७७८ | ३०.३१ |
| पुँजीगत | ७१९५० | २९९७७ | ४१.६६ |
| जम्मा | ९७६१३ | ३७७५५ | ३८.६८ |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

## १६.४ आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | - | - |

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| २ | नेपाल सरकार सशर्त अनुदान | - | - |
| ३ | नेपाल सरकार समपूरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | ६९३१३०००.०० | ४०३०३६५१.८ |

(स्रोतःसूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल)

## १६.५ नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्य अनुसारका कार्यक्रमहरूको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | प्रगति |
|---|---|---|---|
| १५० | २४४ | प्रदेश सरकारका सूचना प्रणालीहरूको सेक्युरिटी अडिट | यस प्रतिष्ठानले प्रदेश सरकारका विभिन्न निकायहरूबाट प्रयोग हुने सूचना प्रणालीहरूको सेक्युरिटी अडिट गर्ने कार्यको शुरूवात गरेको छ । जसका लागि सूचना प्रणालीको सुरक्षाको मापदण्ड तयार गरिएको छ । सोही मापदण्ड बमोजिम यस आर्थिक वर्षमा प्रदेश सरकारका मन्त्रालयहरू तथा केन्द्रिय निकायहरूको वेवसाइटहरू तथा अन्य केही सूचना प्रणालीहरूको सेक्युरिटी अडिट कार्य सम्पन्न गरिएको छ । |
| | २४५, २४९ | स्मार्ट एग्रिकल्चर फ्रेमवर्कको स्थापना | स्मार्ट एग्रिकल्चर फ्रेमवर्कको स्थापना गरी स्वचालित आपुर्ति प्रणाली तथा कृषक सिकाइ व्यवस्थापन प्रणालीको स्थापना गरिएको छ । जसबाट यस प्रदेशका कृषकहरूले आफ्नो कृषि उत्पादकत्व वृद्धि गर्नुका साथै उत्पादन भएका कृषि उपजहरूले सहजरूपमा बजार एवम् उचित मुल्य पाउने अपेक्षा गरिएको छ। |
| | २४६ | उद्यम डाटाबेस तथा रोजगारी पोर्टलको स्थापना | प्रदेश भित्र रहेका वेरोजगार जनशक्ति तथा रोजगारी प्रदायक संस्थाहरूको सहजीकरणका लागि प्रदेश योजना आयोगको अगुवाईमा प्रतिष्ठानको प्राविधिक सहयोगमा प्रदेश रोजगारी पोर्टलको स्थापना गरी संचालनमा ल्याइएको छ। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | प्रगति |
|---|---|---|---|
| | २४७ | प्रदेश लोकसेवा आयोग अनलाइन आवेदन व्यवस्थापन प्रणालीको स्थापना | प्रदेश लोकसेवा आयोगमार्फत हुने पदपुर्ति सम्वन्धि सम्पुर्ण प्रक्रिया अनलाइनमार्फत संचालन गर्नका लागि अनलनइन आवेदन प्रणालीको स्थापना गरी आवेदकहरूले अनलाइनमार्फत आवेदन दिने र पदपुर्ति सम्वन्धि सम्पुर्ण प्रकृया सोही प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरिएको छ । |
| १५१ | २४७ | प्रदेश सरकारको क्लाउड स्थापना र संचालन | प्रदेश सरकारका विभिन्न निकायबाट प्रयोग गरिने सूचना प्रणालीहरू र तिनका डाटाबेसहरू साविकमा संधीय सरकारको डाटा सेन्टरमा र विभिन्न निजी क्षेत्रका सर्भरहरूमा राखी संचालन हुँदै आएकोमा यस आ.व. देखि प्रतिष्ठानबाट प्रदेश सरकारको आफ्नै क्लाउड सेवाको स्थापना गरी सवै सूचना व्यवस्थापन प्रणाली र डाटाबेसहरूलाई सोही क्लाउड मार्फत व्यवस्थित संचालन गर्रिंदै आएको छ । |
| | २४८ | प्रोजेक्ट स्टाटस ट्र्याकिङ प्रणालीको स्थापना | प्रदेश सरकारका विभिन्न निकायहरूबाट संचालन हुने विभिन्न परियोजनाहरूको प्रगतिको अवस्थाबारे सहज रूपमा जानकारी प्राप्त गर्न र चौमाशिक रूपमा संचालन हुने प्रदेश विकास समस्या समाधान गोष्ठीमा विभिन्न मन्त्रालय र निकायहरूबाट हुने प्रस्तुतिकरणलाई व्यवस्थित र प्रविधिमैत्री बनाउने उद्देश्यले यस प्रणालीको स्थापना गरिएको हो । यस प्रणालीमा प्रदेश सरकार अन्तर्गतका सवै |

(स्रोतःसूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल)

## १६.६ आर्थिक वर्ष २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र.सं. | कार्यक्रम /क्रियाकलाप | वार्षक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट खर्च | बजेट खर्च % |
| १ | मुख्यमन्त्री कार्यकक्ष Video Conference का लागि ल्याप्टप, माइक, साउण्ड सिस्टम, क्यामेरा आदि सामग्री खरिद | १ | १००० | १ | १०० | ९८० | ९८ |
| २ | कृषि कच्चा पदार्थ आपुर्ति प्रणाली | १ | २००० | १ | १०० | १९.७७ | ९९ |
| ३ | Local Language based agro learning mgmt system | १ | २००० | १ | १०० | १९८३ | ९९ |
| ४ | Agro Product Supply chain and Food Bank management system | १ | २५०० | १ | १०० | १९९२ | ८० |
| ५ | कार्यसम्पादन डकुमेन्ट म्यानजमेन्ट तथा कोल्याब्रेशन सिस्टम स्थापना | १ | ५००० | ० | ० | ० | ० |
| ६ | उधम डाटावेसतथा एप मार्फत उधमी र जनशक्तीको विवरण सकलन | १ | १००० | १ | १०० | ९७२ | ९७ |
| ७ | सफ्टवेयरलाइसेन्स व्यवस्थापन प्रणाली | १ | २००० | १ | १०० | ४९६ | २५ |
| ८ | स्थानीय तहरिपोर्टिङ प्रणाली अद्यावधिकिकरण | १ | १००० | १ | १०० | ९८९.३१ | ९९ |
| ९ | मुख्यमन्त्रीकार्यकक्ष भिडियो कन्फ्रेन्स व्यवस्थापन (सामग्री खरिद र जडान) | १ | १००० | १ | १०० | ९८०.२८ | ९८ |
| १० | प्रदेशनिजामती कर्मचारी सूचना प्रणाली स्थापना | १ | २००० | १ | १०० | १९७२ | ९९ |
| ११ | मुख्यमन्त्रीपोर्टल स्तरउन्नति | १ | ५०० | १ | १०० | ४९७ | ९९ |
| १२ | सवारी साधन अनलाइन दर्ता प्रणाली निर्माण | १ | ५०० | ० | ० | ० | ० |
| १३ | सवारीसाधन दर्ता तथा नवीकरण शुल्क अनलाइन भुक्तानी प्रणाली निर्माण | १ | ५०० | ० | ० | ० | ० |
| १५ | प्रदेशलोकसेवा आयोग विधुतिय दरखास्त प्रणालीबाट कर्मचारीभर्ना व्यवस्थापन सम्बन्धी सफ्टवेयर निर्माण | १ | २००० | १ | १०० | १९.६६ | ९८ |
| १६ | मुख्यमन्त्रीएप स्तरउन्नति | १ | ५०० | १ | १०० | ४९७ | ९९ |

| क्र.सं. | कार्यक्रम /क्रियाकलाप | वार्षक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट खर्च | बजेट खर्च % |
| १७ | मुख्यमन्त्रीसचिवालय infographic dashboard&Monitoring systemनिर्माण | १ | ५०० | ० | ० | ० | ० |
| १८ | मुख्यमन्त्रीकन्फ्रेन्स रूम व्यवस्थापन | १ | १००० | १ | १०० | ९९१ | ९९ |
| १९ | क्लाउडसर्भिस | १ | ५००० | १ | १०० | ४९८४ | १०० |
| २० | AI Based Micro Climate Analysis system | १ | ५००० | १ | १०० | ४९८७ | १०० |
| २१ | प्रदेश सरकारका सुचना प्रणालिहरूकोसेक्युरिटि अडिट | १ | २००० | १ | १०० | १९८५ | ९९ |
| २२ | अस्पताल सुचना प्रणालि आवश्यकता अध्ययन | १ | ५०० | ० | ० | ० | ० |
| २३ | प्रविधिपार्क / इनोभेसन सेन्टर EIA | १ | २००० | ० | ० | ० | ० |
| २४ | प्रदेश डाटा सेन्टर डि पि आ र | १ | २००० | ० | ० | ० | ० |
| २५ | प्रोजेक्टमोनिटरिङ प्रणाली तथा सूचना पोर्टल निर्माण (डिजिटल प्रदेश) | १ | २५०० | १ | १०० | २४८५ | ९९.४ |

(स्रोतः सूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल)

## १६.७ आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १५१११ | - | ४७८५ | |
| २ | १४२२९ | - | ६००० | |
| जम्मा | | | १०७८५ | |

(स्रोतःसूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल)

## १६.८ आ.व. २०७७/७८ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

### (क) सुक्ष्म वातावरण विश्लेषण प्रणाली स्थापना र संचालन

- प्रदेश राजधानीमा Artificial Intelligence, Cloud computing र Internet of things जस्ता अत्याधुनिक प्रविधिको प्रयोग गरी Micro-climate Analysis system को स्थापना गरी संचालनमा ल्याइएको छ ।

**(ख) प्रदेश सूचना पोर्टलको स्थापना**

- प्रदेश सरकारका सूचनाहरूलाई व्यवस्थित रूपमा सबैको सहज पहुँचमा पुर्याउनका लागि सूचना पोर्टलको स्थापना गरी उक्त पोर्टल मार्फत प्रदेश सरकारका सबै मन्त्रालय तथा निकायहरूका सम्पुर्ण सूचनाहरू (खरिद, अनुदान, सेवा आदि) एकै स्थानमा उपलब्ध हुने व्यवस्था गरिएको छ ।

**(ग) प्रदेश लोकसेवा आयोग अनलाइन आवेदन व्यवस्थापन प्रणालीको स्थापना**

- प्रदेश लोकसेवा आयोगमार्फत हुने पदपुर्ति सम्वन्धि सम्पुर्ण प्रक्रिया अनलाइनमार्फत संचालन गर्नका लागि अनलनइन आवेदन प्रणालीको स्थापना गरी आवेदकहरूले अनलाइनमार्फत आवेदन दिने र पदपुर्ति सम्वन्धि सम्पुर्ण प्रकृया सोही प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरिएको छ ।

**(घ) प्रोजेक्ट स्टाटस ट्रयाकिङ प्रणालीको स्थापना**

- प्रदेश सरकारका विभिन्न निकायहरूबाट संचालन हुने विभिन्न परियोजनाहरूको प्रगतिको अवस्थाबारे सहज रूपमा जानकारी प्राप्त गर्न र चौमाशिक रूपमा संचालन हुने प्रदेश विकास समस्या समाधान गोष्ठीमा विभिन्न मन्त्रालय र निकायहरूबाट हुने प्रस्तुतिकरणलाई व्यवस्थित र प्रविधिमैत्री बनाउने उद्देश्यले यस प्रणालीको स्थापना गरिएको हो । यस प्रणालीमा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयहरूले आफ्नो लक्षित कार्यक्रमहरूको प्रगति विवरण अद्यावधिक गर्ने र सो बाट तयार भएको विवरण सहजरूपमा हेर्न सकिने व्यवस्था रहेको छ । साथै प्रदेश सरकारका नियमक निकायहरूबाट उक्तबमोजिमको प्रगति विवरण नियमित रूपमा अवलोकन गर्न सकिने व्यवस्था गरिएको छ ।

**(ङ) स्मार्ट एग्रिकल्चर फ्रेमवर्कको स्थापना**

- स्मार्ट एग्रिकल्चर फ्रेमवर्कको स्थापना गरी स्वचालित आपुर्ति प्रणाली तथा कृषक सिकाइ व्यवस्थापन प्रणालीको स्थापना गरिएको छ । जसबाट यस प्रदेशका कृषकहरूले आफ्नो कृषि उत्पादकत्व वृद्धि गर्नुका साथै उत्पादन भएका कृषि उपजहरूले सहजरूपमा बजार एवम् उचित मुल्य पाउने अपेक्षा गरिएको छ ।

**(च) प्रदेश सरकारको वेवसाइट फ्रेमवर्कको स्थापना**

- यस प्रतिष्ठानबाट प्रदेश सरकार अन्तर्गतका सबै निकायहरूका लागि वेवसाइटको साझा फ्रेमवर्क तयार गरी लागु गरेको छ । यसबाट प्रदेश सरकारका विभिन्न निकायका वेवसाइटहरूमा एकरूपता आउनुका साथै सूचना व्यवस्थापन तथा डिजिटल सुरक्षामा सहजता भएको छ भने सबै निकायले छुट्टा छुट्टै आ-आफ्नो वेवसाइट बनाइराखु नपर्ने भएको छ । यस आ.व.मा प्रदेश सरकारका मन्त्रालय तथा केन्द्रीय निकायहरूमा यसै बमोजिमको वेवसाइट तयार गरी संचालनमा ल्याइएको छ भने आगामी दिनमा प्रदेश सरकार अन्तर्गतका सबै निकाय एवम् कार्यालयहरूको वेवसाइट क्रमशः यस साझा फ्रेमवर्कमा रूपान्तरण गर्ने कार्यकम रहेको छ ।
- प्रदेश सरकारका वेवसाइटहरूलाई एउटै फ्रेमवर्कमा आवद्ध गरी एकरूपता कायम गरी संचालन गरिएको। प्रदेश सरकारका मन्त्रायहरू तथा निकायहरूबाट साबिकमा संचालन गरिएका वेवसाइटलाई नयाँ फ्रेमवर्क बमोजिम बनाइएको छ ।

**(छ) रोजगारी पोर्टलको स्थापना र संचालन**

- प्रदेश भित्र रहेका वेरोजगार जनशक्ति तथा रोजगारी प्रदायक संस्थाहरूको सहजीकरणका लागि प्रदेश योजना आयोगको अगुवाईमा प्रतिष्ठानको प्राविधिक सहयोगमा प्रदेश रोजगारी पोर्टलको स्थापना गरी संचालनमा ल्याइएको छ ।

**(ज) सूचना प्रणालीहरूको सेक्युरिटी अडिट**

- यस प्रतिष्ठानले प्रदेश सरकारका विभिन्न निकायहरूबाट प्रयोग हुने सूचना प्रणालीहरूको सेक्युरिटी अडिट गर्ने कार्यको शुरूवात गरेको छ । जसका लागि सूचना प्रणालीको सुरक्षाको मापदण्ड तयार गरिएको छ । सोही मापदण्ड बमोजिम यस आर्थिक वर्षमा प्रदेश सरकारका मन्त्रालयहरू तथा केन्द्रिय निकायहरूको वेवसाइटहरू तथा अन्य केही सूचना प्रणालीहरूको सेक्युरिटी अडिट कार्य सम्पन्न गरिएको छ ।

**(झ) क्लाउड सेवा संचालन**

- प्रदेश सरकारका विभिन्न निकायबाट प्रयोग गरिने सूचना प्रणालीहरू र तिनका डाटाबेसहरू साविकमा संघीय सरकारको डाटा सेन्टरमा र विभिन्न निजी क्षेत्रका सर्भरहरूमा राखी संचालन हुँदै आएकोमा यस आ.व. देखि प्रतिष्ठानबाट प्रदेश सरकारको आफ्नै क्लाउड सेवाको स्थापना गरी सवै सूचना व्यवस्थापन प्रणाली र डाटाबेसहरूलाई सोही क्लाउड मार्फत व्यवस्थित संचालन गरिँदै आएको छ ।

**(ञ) प्रदेश लगानी सम्मेलनको तयारीमा सहयोग**

- लगानी सम्मेलन २०७८ को तयारीका क्रममा लगानी सम्मेलनको वेवसाइट निर्माण, सहभागीहरूको अनलाइन दर्ता तथा वेविनारको लागि व्यवस्थापन एवम् अडियो भिजुअल सामग्री तथा ब्रोसर तयारीमा सहयोग गरिएकोछ ।

## १६.९ निष्कर्ष

प्रदेश सरकारको काम कारवाहीलाई विद्युतीय सुशासनका माध्यमबाट छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्य पुरा गर्नका लागि यस प्रतिष्ठानबाट संचालन गरिएका विभिन्न कार्यक्रमहरूबाट प्रदेश सरकारको कार्यसम्पादनमा सहजता आउने, सेवाग्राहीहरूलाई सेवा प्राप्त गर्नमा सहजता हुने एवम् प्रदेश सरकारको सुशासनको अवस्थामा सुधार आउने देखिन्छ । यस प्रतिष्ठानको स्थापना पश्चात् प्रदेश सरकारका विभिन्न निकायहरूमा सूचना प्रविधिको प्रयोगको दर बढ्दो अवस्थामा रहेको छ । सूचना प्रविधि सम्वन्धि पुर्वाधारहरूको प्रयोगमा हालसम्म संघीय सरकारको भर पर्नुपर्ने वा अन्य निजी क्षेत्रको पुर्वाधार प्रयोग गर्न परिरहेको वर्तमान सन्दर्भमा प्रदेश सरकारको आफ्नै क्लाउड सेवा स्थापना गरी सरकारी सूचना प्रणालीहरू उक्त क्लाउड मार्फत संचालन गर्ने जस्ता कार्यहरूबाट प्रविधिको क्षेत्रमा प्रदेशको अवस्थामा सुधार भएको छ र आगामी दिनमा समेत सूचना तथा संचार प्रविधि प्रतिष्ठानका कार्यहरूमार्फत प्रदेशको सूचना प्रविधि क्षेत्रमा थप सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

# परिच्छेद-१७
# निष्कर्ष

## १७.१ निष्कर्ष

लुम्बिनी प्रदेश आफैंमा प्रशस्त विकासका सम्भावना बोकेको प्रदेश हो । यहाँ उद्योग, वन, पर्यटन, कृषि लगायतका क्षेत्रमा विकास गरी प्रशस्त मात्रामा आम्दानीको स्रोत वृद्धि गर्न सकिन्छ । लुम्बिनी प्रदेशमा रहेका विषयगत मन्त्रालयहरुले विकासका सबै क्षेत्रलाई समेटेर अगाडि बढिरहेको अवस्था छ । प्रदेश तह स्थापनाको करिब ४ वर्ष पुग्नै लाग्दा विकास निर्माण र सेवा प्रवाह थप परिस्कृत हुँदै गएको छ ।

प्रदेश सरकार सञ्चालनको लागि आवश्यक कानुन निर्माणको कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ । जनशक्ति व्यवस्थापन र विकासको लागि संस्थागत संरचना तय भएका छन् । तथापि यस प्रदेशमा समस्या पनि प्रशस्तै रहेका छन् । विशेषगरी प्रदेशको कार्यक्षेत्र स्पष्ट हुन नसक्नुबाट तीन तहको काम कारवाहीमा दोहोरोपन देखिएको छ । यसले श्रोत साधनको दुरुपयोग भएको छ भने समन्यायिक वितरण हुन नसकेको आवाज पनि त्यत्तिकै सुनिन्छ ।

प्रदेशको आफ्नै आम्दानीको स्रोत अत्यन्त कम हुनाले संघबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँडबाट प्राप्त रकम र स्थानीय तहबाट साझा अधिकार अन्तर्गत बाँडफाँडबाट प्राप्त रकमको आधारमा प्रदेश अगाडि बढ्न सक्ने अवस्था रहँदैन । साथै चालु खर्चमा भएको निरन्तर बृद्धिबाट समेत थप चुनौतीपूर्ण अवस्था आउने देखिन्छ ।

समग्रमा संघ र स्थानीय तहबीच समन्वयात्मक भूमिकामा रहेको प्रदेश तहबाट गरिने काम कारवाहीलाई थप प्रभावकारी बनाउनको लागि प्रदेशको कार्यक्षेत्रमा स्पष्ट भई आफ्नै आयस्रोत बढाउने र श्रोतको न्यायिक परिचालन गर्नेतर्फ सोच्नुपर्ने आवश्यकता देखिन्छ ।

***समाप्त***